नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

नेपाली मनको नेपाली पत्रिका

शुक्रबार, वैशाख २८, २०७५ | Friday, May 11, 2018 | www.newsofnepal.com | नेसं ११३८ बछलागा ११ | वर्ष २४, अंक १२१ | पृष्ठ १२ | मूल्य रू १०/–

भारतीय प्रमको नेपाल भ्रमण आजदेखि

चर्चामा सीमित बुद्धिस्ट सांस्कृतिक सर्किट

सुनील महर्जन/टीका बन्धन
काठमाडौं

राजनीतिक र धार्मिक भ्रमणका सिलसिलामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रोपटक आज शुक्रवार नेपाल आउँदै हुनुहुन्छ। जानकी मन्दिरमा हुने विशेष पूजा-आजा, नागरिक अभिनन्दन ग्रहण गर्दै उहाँले रामायण सर्किटको उद्घाटन गर्दै हुनुहुन्छ।

भारतका करिब एक दर्जन धार्मिकस्थलसहित, श्रीलंकाका धार्मिकस्थल, नेपालको जनकपुर र जानकी मन्दिर यो सर्किटमा समेटिएका छन्। मोदी आफैले विगतमा चर्चा गर्नुभएको 'बुद्धिस्ट सांस्कृतिक सर्किट' भने ओझेलमा परेको छ। यसपटक यो विषयको चर्चा दोहोरिन्छ/दोहोरिँदैन भन्नेबारेमा कौतुहलताको विषय बनेको छ।

भारतको बोधिगया, सारनाथ र कुशीनगर र नेपालको लुम्बिनीलाई समेटेर 'बुद्धिस्ट सर्किट' बनाउने विषय वर्षौंदेखि चर्चामा मात्रै सीमित छ। २०७१ साउन तेस्रो साताको आफ्नो पहिलो नेपाल भ्रमणका क्रममा निकट भविष्यमा लुम्बिनीको दर्शन गर्ने, बुद्धिस्ट सर्किटले मूर्तरूप लिने बताउनुभएको थियो। सोही वर्षको मंसिर दोस्रो साता पुनः नेपाल भ्रमणमा आउँदा उहाँले बुद्धिस्ट सर्किटको प्रसंग दोहोऱ्याउनुभएको थियो।

भारतले आफ्नो भूमितर्फका बोधगया, सारनाथ र कुशीनगर जोड्ने गरी करिब ७ सय किलोमिटर क्षेत्र समेटेर बुद्ध सर्किट बनाउने कामलाई तीव्रता दिइरहेको छ। गौतम बुद्धले ज्ञान प्राप्त गर्नुभएको बोधगया, आफ्ना पाँच शिष्यलाई पहिलोपटक बुद्धत्वबारे प्रवचन दिनुभएको सारनाथ र उहाँले महापरिनिर्वाण (देहत्याग गर्नुभएको) प्राप्त गर्नुभएको कुशीनगर जोड्ने धार्मिक मार्ग बनाउने काम गरिरहेको छ। बुद्धजन्मस्थल लुम्बिनीसमेत समेटिएपछि मात्र सर्किटको महत्त्व हुने भारतीय बुझाइ छ।

भारतीय प्रधानमन्त्री मोदीले आफ्नो अघिल्लो नेपाल भ्रमणमा त्यही सोचलाई अभिव्यक्त गर्नुभएको लुम्बिनी विकास कोषका तत्कालीन कार्यकारिणी सदस्य भिक्षु कौण्डन्य बताउनुहुन्छ। विश्वभरका बौद्धमार्गी पर्यटकलाई आकर्षित गर्न सहज हुने ठहर गर्दै लुम्बिनीलाई बुद्ध सर्किटमा जोड्ने उद्देश्य भारतले लिएको जानकारहरू बताउँछन्। यो विषय नेपाल-भारतमा मात्रै सीमित छैन। विगत ५/६ वर्षयता अन्तर्राष्ट्रिय सम्मेलन र जमघटमा पनि यो विषयले चर्चा पाउने गरेको छ।

चार वर्षअघि काठमाडौंमा भएको १८औं सार्क सम्मेलनका क्रममा पनि 'बुद्धिस्ट सांस्कृतिक सर्किट' चर्चाका रूपमा दोहोरिएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

पशुपतिमा मोदीको विशेष पूजा

काठमाडौं, (नेस)

नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि शनिबार पशुपतिनाथको दर्शन र विशेष पूजा गर्नुहुने भएको छ। मुक्तिनाथको दर्शन गरेर काठमाडौं फर्किएलगत्तै उहाँले पशुपतिको पूजा गर्ने कार्यतालिका तय भएको हो।

शनिबार बिहान सबेरै मोदी मुक्तिनाथ दर्शनका लागि प्रस्थान गर्दै हुनुहुन्छ। त्यहाँबाट फर्किएपछि बिहान साढे १० बजेपछि उहाँले पशुपति दर्शन गर्ने समय तय भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। मोदीले विशेष पूजा गर्ने वा केही बेर दर्शन मात्रै गर्ने भन्नेबारेमा अझै निधो भइनसकेको कोषका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार उप्रेतीले बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

बाक्लै संख्यामा खटिए सुरक्षाकर्मी

काठमाडौं, (नेस)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण सुरक्षार्थ काठमाडौं उपत्यकामा २४ घण्टा सुरक्षाकर्मी परिचालन गरिएका छन्। 'हाई अलर्ट'का साथ बर्दीसहितका र सादा पोसाकका सुरक्षाकर्मी आलोपालो खटिएका हुन्।

काठमाडौं भित्रिने प्रमुख नाका, पशुपति, बौद्ध-जोरपाटी, ठमेल र सुरक्षा संवेदनशील मानिएका अन्य क्षेत्रमा पनि सुरक्षाकर्मी परिचालन भएका छन्। भारतीय पक्षको आग्रहमा मुस्लिम बाहुल्य क्षेत्र र उपत्यकाका सम्भावित संवेदनशील क्षेत्रमा रात्रीकालीन र नियमित अनुगमन भइरहेको प्रहरीको उच्च स्रोतले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

सुनकाण्डका आरोपीले बयान फेरे

सरोज यादव, विराटनगर

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्रिएको साढे ३३ किलो सुन तस्करी र सनम शाक्य हत्याकाण्डका अभियुक्तको बयान सकिएसँगै जिल्ला अदालत मोरङमा बिहीबारबाट थुनछेक बहस शुरू भएको छ। जिल्ला न्यायाधीश नारायणप्रसाद शर्माको इजलासमा जिल्ला सरकारी वकिलको कार्यालयका तर्फबाट आरोपितहरूलाई थुनामै राखी मुद्दाको प्रक्रिया अगाडि बढाउन माग गर्दै बहस भइरहेको अदालतका स्रेस्तेदार नवराज दुलालले जानकारी दिनुभयो।

संगठित अपराधअन्तर्गत आपराधिक समूह स्थापना गरी सुनको चोरी-पैठारी र निकासी गरेको, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यानजस्ता अभियोग लागेका व्यक्तिलाई मुद्दाको किनारा नलागेसम्म धरौटीमा छोड्न नहुने माग गर्दै महान्यायाधिवक्ताको कार्यालयका तर्फबाट सहन्यायाधिवक्ता गोपाल रिजालले बहस शुरू गर्नुभएको थियो।

- सुन तस्करी र सनम शाक्य हत्या प्रकरणका आरोपीको तर्फबाट ४३ जना कानुन व्यवसायीले बहस गर्ने
- प्रहरी हवल्दार अमरबहादुर थापा अदालतमा उपस्थित

सरकारी वकिलद्वारा तर्फबाट आज शुक्रबारसम्म बहश चल्ने भएको छ। सरकारी वकिलको बहस सकिएपछि ६३ जना अभियुक्तविरुद्ध दायरक मुद्दामा आरोपितका तर्फबाट कानुनव्यवसायीले जवाफी बहस शुरू गर्ने भएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

अभियुक्तको नाटक

साढे ३३ किलो सुन तस्करी र मोरङ उर्लाबारीका सनम शाक्य हत्याकाण्डमा पक्राउ परेका अधिकांश अभियुक्तले अदालतसमक्ष बयान फेरेका छन्।

मोरङ प्रहरीको न्यायिक हिरासतमा रहेका ३० जना अभियुक्तहरूले बयान फेरेका हुन्। पाँच दिन लगाएर जिल्ला अदालत मोरङको ६ नम्बर इजालसमा न्यायाधीश नारायणप्रसाद शर्माको रोहबरमा अभियुक्तले बयान दिएका थिए। बयान फेर्नेमा प्रहरी जवानदेखि, एरलाइन्सका कर्मचारी, व्यापारी, तस्करीमा संलग्न गिरोहसमेत रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

तिवारी हत्या काण्डका प्रमुख योजनाकार कुशवाह पक्राउ

काठमाडौं, (नेस)

हिन्दु युवा संघका तत्कालीन केन्द्रीय अध्यक्ष काशी तिवारीको हत्यामा संलग्न रहेका रौतहतको कटहरिया नगरपालिकाका मेयर सियाराम कुशवाहलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ।

मेयर कुशवाहको नेतृत्वमा तिवारीको हत्या गरेको पुष्टि भएपछि उच्च अदालत वीरगन्जले गत चैत २० गते जन्मकैदको फैसला सुनाएको थियो। २०६८ साल असार १२ गते तिवारीको गोली हानी हत्या गरिएको थियो।

मेयर कुशवाहलाई अदालतको फैसला कार्यान्वयनका क्रममा पक्राउ गरिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले बिहीबार काठमाडौंको बानेश्वरबाट पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ। पक्राउको पुष्टि सीआईबीका प्रमुख डीआईजी पुष्कर कार्कीले गर्नुभएको छ। डीआईजी कार्कीले भन्नुभयो- 'उनलाई फैसला कार्यान्वयनका लागि पक्राउ गरिएको हो।' कुशवाह नेकपा माओवादी केन्द्रबाट कटहरिया नगरपालिकाको मेयरमा चुनिनुभएको थियो।

पूर्वराजा सिमरा जाँदै

ईश्वरराज ढकाल, काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाह यही वैशाख ३० गते बारा जिल्लाको सिमरा जाने हुनुभएको छ।

उहाँसँगै उहाँका निजी सचिव सागर तिमल्सिना, अर्दली, सशस्त्रका सुरक्षाकर्मीलगायत कन्भेसहितको टोली करिब तीन साता लामो भ्रमणका लागि त्यसतर्फ जान लागेको निर्मल निवास स्रोतले जनाएको छ।

त्यस अवसरमा सिमरामा रहेका बालसखा प्रभु शमशेरको घरमा बसी त्यहींबाट राजनीतिक भेट गर्ने बताइएको छ।

उक्त क्रममा उहाँले विभिन्न राजावादी दलका नेता, कार्यकर्तासँग भेटघाट गर्ने कार्यक्रम रहेको स्रोतले जनाएको छ।

पूर्वराजा ज्ञानेन्द्रले गत चैत ५ गते कमल थापा नेतृत्वको राप्रपा नेपाल, पशुपति शमशेर नेतृत्वको राप्रपा र डा. प्रकाशचन्द्र लोहनीनिकट राप्रपा राष्ट्रवादीका नेतालाई भेटेर आफू पुनः राजनीतिमा आउने इच्छा प्रकट गर्नुभएको थियो।

उहाँले फागुन २० गते भएको झापा भ्रमणका क्रममा राप्रपाका नेता सुरेश आचार्य, राजाराम श्रेष्ठ र सगुन लावती, राप्रपा नेपालका बुद्धिमान तामाङ, भाष्कर भद्रा र प्रह्लाद शाह र राप्रपा राष्ट्रवादी पार्टीका केशव श्रेष्ठ, तारा लुइँटेल र डा. सुष्मा आचार्यसँग भेट गर्नुभएको थियो।

सो अवसरमा पूर्वराजा ज्ञानेन्द्रले नयाँ नेतृत्वबाट सम्पूर्ण राजावादी र राष्ट्रिवादीलाई समेटेर नयाँ पार्टी खोल्ने प्रस्ताव गर्नुभएको थियो।

उहाँले तराईका राजावादी टोलीलाई भेट्ने र मठमन्दिर दर्शन गर्ने कार्यक्रम रहेको बताइए पनि कोकसलाई भेट्ने भन्नेबारे पछि टुङ्गो लाग्ने निर्मल निवास स्रोतको भनाइ छ।

मध्य तराई भ्रमणलगत्तै पूर्वराजा ज्ञानेन्द्रको भ्रमण पश्चिमाञ्चल हुने भएको स्रोतको दाबी छ। 'गत आम निर्वाचनमा राजावादी पार्टीको हारपछि चिन्तामा रहेका पूर्वराजा उहाँ सबै राजावादीलाई एकीकृत गराउने प्रयासमा हुनुहुन्छ' स्रोतले थप्यो- 'त्यसै विषयमा गहन छलफलक गर्न सिमरा जान लाग्नुभएको हो।'

यसअघि पनि अंग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा मध्यपश्चिमको नेपालगन्जस्थित होटल सोल्टी उद्घाटन गर्न पुग्नुभएका पूर्वराजा ज्ञानेन्द्रले पुस १७ गते होटल उद्घाटन गरेसँगै सुदूरपश्चिमको भ्रमण गर्नुभएको थियो। मध्यपश्चिमको भ्रमणका बेला उहाँलाई डोल्पा, हुम्ला र जुम्लाका राजावादीले भेटेका थिए। नेपालगन्जबाटै उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथसँग भेट गर्न जानुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

महानगर

सन् २००६ देखि २०१४ सम्म गरी ३ वटा विश्वकपको १५ म्याच खेलेका मेसीले अर्जेन्टिनाबाट ५ गोल गरेका छन्। राष्ट्रिय टोलीबाट १ सय २३ म्याचमा मेसीले ६१ गोल गरेर अर्जेन्टिनाकै सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाएका छन्।

शेर्पाको उपाध्यक्षदेखि अध्यक्षसम्मको यात्रा

फिरोज राजोपाध्याय

कर्मा छिरिङ शेर्पा अहिले अखिल नेपाल फुटबल संघ (एन्फा) को अध्यक्ष पदमा निर्वाचित भएका छन्। शेर्पा मात्रै होइन, वैशाख २२ गते भएको एन्फा निर्वाचनमा उनको पुरै प्यानल नै निर्वाचित भएको छ। यसले यही स्पष्ट पार्छ कि एन्फामा परिवर्तन चाहनेहरू छन् भनेर। यो निर्वाचनले करिब दुई दशकदेखि एन्फामा हैकम चलाएको गणेश थापाको अस्तित्वसमेत समाप्त गरिदिएको छ। अध्यक्ष पदमा निर्वाचित शेर्पा नेपाली फुटबलमा नौलो नाम भने होइन। उनले पूर्वअध्यक्ष थापासँग करिब १३ वर्ष उपाध्यक्ष भएर साथसाथै काम गरेका थिए। उनी २०५८ सालमा एकपटक कार्यवाहक अध्यक्ष बनेका थिए।

१३ वर्षसम्म शेर्पा थापाकै लहैलहैमा चलेका थिए। २०५७ सालमा त्यतिबेला एन्फा अध्यक्ष थापा बर्खास्त भएपछि राष्ट्रिय खेलकुद परिषद्ले गीता राणाको नेतृत्वमा तदर्थ समिति बनायो। जसमा राणा अध्यक्ष हुँदा शेर्पा उपाध्यक्ष पदमा नियुक्ति भएका थिए। यहाँदेखि शेर्पाको यात्रा एन्फामा शुरू भएको हो। तर एक वर्षपछि एन्फाको कार्यसमितिको बैठकले बहुमतको आधारमा राणालाई हटाइयो। शेर्पा र थापा साथसाथै यहीदेखि शुरू हुन थाल्यो। थापालाई एन्फामा पुनः फर्काउन शेर्पाले पनि महत्वपूर्ण भूमिका खेलेका थिए। २०५८ सालदेखि थापाको नेतृत्वमा शेर्पा उपाध्यक्ष पदमा रहेर २०७० सालसम्म साथ रह्यो।

२०७१ सालमा शेर्पाले पहिलोपटक थापाको विरुद्ध आवाज उठाए। साथसाथै हिँड्ने थापा र शेर्पाबीच यहीं सालदेखि नदीका २ किनारा सम्बन्ध बन्न पुग्यो। उनीसहित उपाध्यक्ष विजयनारायण मानन्धर तथा सदस्य किरण राई र पंकज नेम्वाङले थापाको नेतृत्वलाई चुनौती दिएका थिए। उनीहरूले त्यही वर्षको जेठमा थापाले आर्थिक अनियमितता गरेको र एकलौटी ढंगले एन्फा चलाएको भन्दै थापाविरुद्ध मुद्दा हालिदिए। वास्तवमा यहीदेखि थापाको पतन पनि शुरू भयो। शेर्पासहितको समूहले संसद्को सार्वजनिक लेखा समिति, प्रधानमन्त्रीको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरणमा उजुरी दिएका थिए। तर यो आवाज त्यतिकै मत्थर भयो पनि र उल्टो भ्रष्टाचारको आवाज उठाएका यी सदस्यहरू एन्फाबाट निलम्बित भए। तीन पटकसम्म बैठकमा अनुपस्थित भएको भन्दै शेर्पासहितको असन्तुष्ट सदस्यलाई २०७२ साल असोजमा बसेको एन्फाको कार्यसमितिको बैठकले निलम्बन गरेको थियो। तर शेर्पाले भने एजेन्डाविहीनको बैठकमा बस्न नमिल्ने प्रतिक्रिया दिएका थिए।

शेर्पालाई निलम्बनमा राख्नु थापाका लागि महँगो साबित पनि भयो। शेर्पाको समूह सशक्त बन्दै पनि आयो। यहाँसम्मकी एसियाली फुटबल महासंघ र विश्व फुटबल महासंघ (फिफा) ले समेत थापालाई सहयोग गरेनन्। फिफाले २०७३ वैशाखमा शेर्पासहित अन्य निलम्बन सदस्यलाई १५ दिनभित्र पुनर्बहाली गर्न निर्देशन दिएपछि थापालाई ठूलो झट्का लागेको थियो।

झन फिफाले थापामाथि नै सशक्त प्रहार गरिदिएपछि थापाको फुटबलसँग र एन्फासँग सम्बन्ध नै सिद्धियो। एएफसीका पदाधिकारीलाई जित दिलाउन उनले घुस लिएको प्रमाणित भएपछि थापालाई फिफाले १० वर्षको लामो समयका लागि फुटबल गतिविधिबाट निलम्बन गरिदियो। तर एन्फा बाहिर रहेपनि २०७३ कात्तिकमा सम्पन्न एन्फाको निर्वाचनमा शेर्पाको बलियो उपस्थित बाबजुद् थापाका पक्षधरकै जित भयो। शेर्पा निवर्तमान अध्यक्ष नरेन्द्र श्रेष्ठसँग ५ मतले हारेका थिए। यो हारमै उनले त्यतिबेला नै बताएका थिए- 'यो निर्वाचन परीक्षण मात्रै हो। अर्कोपालि जित्नेछु।'

नभन्दै यसपटक एन्फाको अध्यक्ष पदमा शेर्पा अत्यधिक बहुमतले विजयी भए पनि। शेर्पाले ७६ मत खसेकोमा ६३ मत प्राप्त गरेका थिए। प्रतिशतको हिसाबले भन्ने हो भने लगभग ८३ प्रतिशत मत उनले प्राप्त गरे। जबकी उनका प्रतिद्वन्द्वी मणि कुँवरले उम्मेदवारीमा सहभागिता नजनाए पनि १२ मत उनको पक्षमा खसेको थियो। एक मत बदर भएको थियो। कुँवर थापाकै निकट व्यक्ति पनि हुन्। उनले निर्वाचनको मिति तोक्नु विधानविपरीत भएको भन्दै निर्वाचनमा भाग नलिने जनाएका थिए।

थापारहितको एन्फा

गणेश थापा नेपाली फुटबलका एक उत्कृष्ट स्ट्राइकर हुन्। उनको जस्तो कला नेपालमा अहिलेसम्म कसैसँग पनि छैन भने पनि हुन्छ। थापाको खेलाडी जीवन सानदार नै बनेको थियो। उनले बंगलादेशको लिगमा खेलेर विदेशी लिगमा खेल्ने पहिलो नेपाली फुटबलर बन्ने सौभाग्य पनि प्राप्त गरे। थापाले जे-जस्तो उपलब्धि खेलाडी करियरमा पाए त्यस्तै खेलाडीबाट सन्यास लिएपछि पनि उनको करियर त्यति नै राम्रो भएको थियो। अखिल नेपाल फुटबल संघ (एन्फा) को अध्यक्षमा उनको राज करिब २ दशक रह्यो। तर उनी भ्रष्टाचारमा मुछिएर अहिले फुटबलभन्दा बाहिर भएका छन्। उनलाई २०७२ साल कात्तिकमा विश्व फुटबल महासंघ (फिफा) ले भ्रष्टाचार गरेको प्रमाणित भएपछि थापालाई १० वर्षसम्मका लागि फुटबल गतिविधिबाट प्रतिबन्ध लगाइदियो।

एन्फामा यति हैकम चलाएका थापा या उनका पक्षधर अहिले निर्वाचनमा निर्वाचित हुन सकेनन्। शेर्पाको प्यानल नै जितेपछि पहिलोपटक एन्फा थापारहित बनेको छ। थापाले २०५१ सालमा एन्फाको नेतृत्व सम्हालेदेखि एक छत्र राज गरेका थिए। भन्नुपर्दा नरेन्द्र श्रेष्ठको कार्यकालसम्म (२०७४ सम्म) थापाको नेतृत्वमा एन्फा चलिरहेको थियो। यसअघि २०५७ सालमा थापा एन्फाको नेतृत्वमा रहेका थिएनन्। त्यतिबेला राष्ट्रिय खेलकुद परिषद्ले तत्कालीन अध्यक्ष थापालाई हटाएर तदर्थ समित गठन गर्दा गीता राणा अध्यक्ष बनेकी थिइन्। उनको राणासँग करिब १ वर्ष अध्यक्ष पदका लागि संघर्ष भएको थियो। पछि राणालाई हटाएर थापा पुनः अध्यक्ष पदमा आसिन भएका थिए। यसपछि थापा अध्यक्ष पदमा निर्वाचित हुँदै आएका थिए।

थापाको एन्फामा हैकम सकिनुको कारण पूर्वसीईओ इन्द्रमान तुलाधरसहित वीरबहादुर खड्का, मानार्थ अध्यक्ष टाशी घले शेर्पा समूहमा आगमन हुनुलाई पनि लिन सकिन्छ। निवर्तमान अध्यक्ष नरेन्द्र श्रेष्ठले यसपटक उम्मेदवारी नदिए पनि अध्यक्षका उम्मेदवार मणि कुँवरलाई सघाएका थिए। तर उनको समर्थनले पनि थापाको अस्तित्व जोगाउन सकिएन। शेर्पा पक्षधर भएका तुलाधर अहिले महासचिव र खड्का उपाध्यक्षमा निर्वाचित भएका छन्। त्यस्तै थापाका खासखास व्यक्तिहरू पनि विभिन्न पदमा निर्वाचित भएका छन्।

२०५१ मा एन्फा अध्यक्ष बने यता गणेश थापा संक्षिप्तमा :

२०५७	असोज	एन्फा अध्यक्ष पदबाट बर्खास्त
२०५८	मंसिर	एन्फा अध्यक्षमा पुनरागमन
२०६२	मंसिर	चौथोपटक एन्फा अध्यक्षमा निर्वाचित
२०६६	पुष	पाचौंपटक एन्फा अध्यक्षमा निर्वाचित
२०७०	कात्तिक	छैटौंपटक एन्फा अध्यक्षमा निर्वाचित
२०७१	कात्तिक	५८ करोड भ्रष्टाचार गरेको आरोप
२०७१	कात्तिक	तीन महिनाका लागि अध्यक्षबाट राजीनामा दिएको
२०७२	कात्तिक	फिफाद्वारा १० वर्ष प्रतिबन्ध (भ्रष्टाचारको कारण) मा परेको

विश्वकपमा मेसी र रोनाल्डोबीच समानता

कविरस शर्मा
kabirash2006@gmail.com

आगामी महिना रसियामा हुने फिफा विश्वकपले संसारको ध्यान तान्ने निश्चित छ। वास्तवमा जात, धर्म, वर्ग सबैलाई एकै सूत्रमा बाँध्न फिफा विश्वकप सफल हुँदै आएको पनि छ। फिफा विश्वकपल सन् १९३० देखि २०१८ सम्म यात्रा गरिसक्दा थुप्रै खेलाडीहरूको जन्म भएको छ। थुप्रै खेलाडीले आफ्नो राष्ट्रलाई विश्वकपको उपाधि दिलाउन महत्वपूर्ण भूमिका पनि निभाएका छन्। तीमध्येका कतिपय खेलाडीहरूले फिफा उत्कृष्ट वर्ष खेलाडी र बालोन डे ओरजस्ता अवार्ड पनि हात पारेका छन् भने कतिपय उत्कृष्ट छँदा यी अवार्डको उत्पत्तिसमेत भएका थिएनन्। तर वर्तमान विश्व फुटबलमा पछिल्ला एक दशकभित्र समान पाँच-पाँचपटक फिफा उत्कृष्ट वर्ष खेलाडी र बालोन डे ओरजस्तो फुटबलको सबैभन्दा प्रतिष्ठित अवार्ड पाएर पनि विश्वकप ट्रफीलाई अहिलेसम्म छुनसमेत नपाएका अभागी खेलाडी हुन् अर्जेन्टिनाका लियोनेल मेसी र पोर्चुगलका क्रिस्टियानो रोनाल्डो। यही कारणले पनि रोनाल्डो र मेसीबीचको समानता फिफा विश्वकपसंग जोडिएको छ।

फिफाको नियमअनुसार फिफा विश्वकप ट्रफीलाई विश्वकप विजेता खेलाडी तथा प्रशिक्षक, फिफाका केही पदाधिकारी र देशको राष्ट्राध्यक्ष बाहेक अरूले बोक्न पाउँदैनन्। जसको मारमा अझै पनि परेका छन् । फुटबलकै सर्वाधिक प्रतिष्ठित अवार्ड समान ५-५ पटक जितेका रोनाल्डो र मेसी। विश्व फुटबलको सर्वकालीन महान् खेलाडीको उपमा पाएर पनि विश्वकप ट्रफी छुनसमेत नपाएका खेलाडी भनेर आउने पुस्ताका लागि यो आश्चर्यको विषय पनि बन्न सक्छ।

सन् २००६ देखि २०१४ सम्म गरी ३ वटा विश्वकपको १५ म्याच खेलेका मेसीले अर्जेन्टिनाबाट ५ गोल गरेका छन्। राष्ट्रिय टोलीबाट १ सय २३ म्याचमा मेसीले ६१ गोल गरेर अर्जेन्टिनाकै सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाएका छन्। १८ वर्षको उमेरमा सन् २००६ को जर्मनीमा भएको फिफा विश्वकपमा डेब्यु गरेका मेसीले सर्बिया र मोन्टेनेग्रोविरुद्धको खेलमा एक मात्र गोल गरेका थिए। उक्त संस्करणको विश्वकपमा जर्मनीसँग पराजित हुँदै अर्जेन्टिना क्वार्टरफाइनलबाटै बहिरिएको थियो। यसैगरी सन् २०१० को विश्वकपमा पनि जर्मनीसँग क्वार्टरफाइनलमा नै पराजय बेहोरेको अर्जेन्टिनाका तर्फबाट मेसीले कुनै गोल गर्न सकेका थिएनन्। तर सन् २०१४ मा भने आफ्नो टोलीलाई फाइनलसम्मको यात्रा गराउँदा मेसीले ४ गोलको योगदान गरेका थिए। उक्त संस्करणमा विश्वकप ट्रफी उचालेर विश्वकपकै सर्वकालीन महान् खेलाडीको होडमा उभिन एक जित मात्र आवश्यक छँदा लगालग तेस्रापटक अर्जेन्टिनाको बाधक जर्मनी नै बनेको थियो।

यता रोनाल्डोले पनि पोर्चुगलको सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाएका छन्। उनले राष्ट्रिय टोलीबाट १ सय ४९ म्याचमा ८१ गोल गरेका छन्। उनले पनि सन् २००६, २०१० र २०१४ गरी तीनवटा विश्वकप खेलेका छन्। जहाँ उनले १३ म्याचमा जम्मा ३ गोल मात्र आफ्नो नाममा लेखाएका छन्। जसका कारण उनी विश्वकपको सर्वाधिक गोलकर्ता सूचीको उत्कृष्ट ६० भित्र पनि परेका छैनन्। २१ वर्षको उमेरमा सन् २००६ को विश्वकपमा डेब्यु गरेका रोनाल्डोले प्रतियोगिताभरि एक मात्र गोल गरेका थिए। उक्त संस्करणमा पोर्चुगलले चौथो स्थान प्राप्त गरेको थियो। यसैगरी २०१० को विश्वकपमा प्री-क्वार्टरफाइनलसम्म यात्रा गरेको पोर्चुगलका तर्फबाट रोनाल्डोले एक गोल गरेका थिए। यस्तै सन् २०१४ को विश्वकपमा समूह चरणबाटै बाहिरिएको पोर्चुगलका तर्फबाट पनि उनले एक गोल मात्र आफ्नो नाममा लेखाएका थिए।

पछिल्ला ३ विश्वकप खेलिसकेका यी दुवै दिग्गज फुटबलर अहिले छिपिन थालेका छन्। रोनाल्डोका लागि आसन्न फिफा विश्वकप अन्तिम हुने सम्भावना प्रबल रहेको छ। उनी अहिले ३३ वर्ष पुगिसकेका छन्। तर ३० वर्ष पुगेका मेसीले भने सन् २०२२ मा कतारले आयोजना गर्ने विश्वकपसम्म खेल्ने सम्भावना छ। यदि मेसीले रोनाल्डो कै उमेरसम्म खेललाई निरन्तरता दिएमा पनि अझै थुप्रै उपलब्धि हासिल गर्न सक्नेछन्। हुनत उमेर र खेलको प्रसंग निस्कँदा रसिया विश्वकप छनोट खेलेका इजिप्टका ४५ वर्षीय गोलरक्षक एल हाडरी उदाहरण बन्न सक्छ। अहिले उनको प्रदर्शनलाई हेर्दा उमेर भनेको वास्तवमै संख्यामा मात्रै सीमित हो कि भन्ने लाग्छ। यो कुरा रोनाल्डो र मेसीले पनि अनुसरण नगर्ला भन्न सकिन्न।

मेसी र रोनाल्डोबीच अन्य समानता

वर्तमान विश्व फुटबल मेसी र रोनाल्डो नामबिना अधुरो नै बनिसकेको छ। यसै साता मात्र पनि रियल मेड्रिड र बार्सिलोनाबीच भएको 'एल क्लासिको' म्याचमा यी दुवै उत्कृष्ट खेलाडी आमनेसामने भएका थिए। जहाँ यी दुवैले आ-आफ्नो नाममा एक-एक गोल पनि लेखाएका थिए। वास्तवमा 'एल क्लासिको' म्याचको लोकप्रियता स्पेनिस ला लिगा फुटबलको शुरुआतदेखि हुँदै आएको छ। तर एक दशकयता भने मेसी र रोनाल्डोको उपस्थितिले यसले झनै लोकप्रियता बटुलेको छ। केही वर्षयता विभिन्न सञ्चारमाध्यमबाट विश्वभर 'एल क्लासिको' म्याचलाई हेर्नेको संख्या ४ सय देखि ६ सय मिलियन पुगेको तथ्यांकले देखाएको छ।

यी २ वर्तमान विश्वका यस्ता उत्कृष्ट खेलाडी हुन् जो एउटै कालमा उदाएका छन्। यदि यी भिन्दाभिन्दै अन्तरालमा जन्मेका भए यिनीहरूको लोकप्रियता अहिलेजस्तो बाँडिनुबाट जोगिन्थ्यो। योबाहेक यी दुईले पाउने अवार्ड पनि अहिले यिनका समर्थकहरू माझ चासोको विषय बन्ने गरेका छन्। अहिले विश्वभर यी दुईमध्ये कसको समर्थक बढी छन् भनेर निश्चित संख्यामा भन्न पनि कठिनै छ।

वास्तवमा यी दुईबीच धेरै कुरामा समानता रहेको छ। अर्जेन्टिना तथा बार्सिलोनाका प्लेमेकर लियोनेल मेसी तथा पोर्चुगल र रियल मेड्रिडका स्ट्राईकर क्रिस्टियानो रोनाल्डो अहिलेसम्म सर्वाधिक ५-५ पटक फिफा वर्ष खेलाडी बन्ने २ खेलाडी हुन्। पछिल्ला १० वर्षयता उक्त अवार्डको होडबाजीमा यी २ आमनेसामने हुँदै आएका छन्। यी दुईले क्लब फुटबलमा मात्र होइन आफ्नो राष्ट्रिय टिमलाई पनि सफलता दिलाउन भरमग्दुर प्रयास गरेका छन्।

मेसीको कुरा गर्नुपर्दा उनले सन् २०१४ को फिफा विश्वकपमा अर्जेन्टिनालाई फाइनलसम्म पुऱ्याउन ठूलो योगदान गरेका थिए। यस्तै महादेशीय प्रतियोगिता कोपा अमेरिकामा लगालग २ पटकसम्म अर्जेन्टिना उपविजेतामा सीमित बन्दा उनको योगदान अतुलनीय बनेको थियो। सन् २०१४ को फिफा विश्वकप देखि २०१६ को कोपा अमेरिकासम्म अर्जेन्टिनाले लगातार तीनवटा विश्वस्तर प्रतियोगिताको फाइनलको यात्रा गरेर पनि उपाधी नजित्दा भने उनले अभागी खेलाडीको छवि बनाएको छ।

यस्तै अवस्था सन् २०१६ मा सम्पन्न युरोपियन कप अघिसम्म रोनाल्डोको पनि थियो। क्लबस्तरमार्फत एउटा फुटबल खेलाडीले पाउने विश्वस्तरका सबैजसो सम्मान पाए पनि उनले राष्ट्रलाई प्रमुख प्रतियोगिताको उपाधी दिलाउन नसकेका कारण अभागी खेलाडीकै पहिचान बनाउँदै आएका थिए। तर फ्रान्समा सम्पन्न युरोपियन कपमा पोर्चुगललाई पहिलोपटक उपाधी दिलाएसँगै उनले राष्ट्रिय टिमबाट अभागी छाप मेटाएका थिए।

घरेलु फुटबलको कुरा गर्नुपर्दा मेसी सम्मिलित बार्सिलोना ९ पटक स्पेनिस ला लिगा च्याम्पियन बनिसकेको छ। तर रोनाल्डो सम्मिलित म्यानचेस्टर युनाइटेडले ३ तथा रियल मेड्रिडले २ गरी कूल ५ पटक घरेलु फुटबल लिग जितेका छन्। यस्तै फिफा क्लब विश्वकपमा भने यी दुवै समान तीन-तीनपटक सफल भएका छन्।

योबाहेक च्याम्पियन्स लिगमा पनि यी २ बीच समानता नै देखिन्छ। च्याम्पियन्स लिगमा १ सय गोलको कोशेढुंगा कटाउनेमा यी २ जनाले मात्र आफ्नो नाम लेखाएका छन्। आजको मितिसम्म रोनाल्डो युएफा च्याम्पियन्स लिगमा सर्वाधिक गोलकर्ता बनेका छन्। रियल मेड्रिडका गोल मेसिन रोनाल्डोले सन् २००३ मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडबाट च्याम्पियन्स लिगमा डेब्यु गरेयता १ सय २० गोल गरिसकेका छन्। यता १ सय गोल गरेर लियोनेल मेसी उक्त सूचीको दोस्रो स्थानमा छन्।

स्पेनिस ला लिगामा भने मेसी सर्वाधिक गोलकर्ताको शीर्षस्थानमा रहेको छ। उनी सम्मिलित बार्सिलोनाले सन् २००६, २००९, २०११ र २०१५ मा गरी चारपटक च्याम्पियन्स लिगको उपाधी जितेको छ। यता रोनाल्डो भने ला लिगाको दोस्रो सर्वाधिक गोलकर्ता बनेका छन्। उनी सम्मिलित म्यानचेस्टर युनाइटेडले सन् २००८ तथा रियल मेड्रिडले २०१४, २०१६ र २०१७ मा गरी ३ पटक च्याम्पियन्स लिगको ट्रफी उचालेका छन्।

सिनियर टिमको तथ्यांकलाई हेर्दा पनि मेसी र रोनाल्डोबीच समानता नै रहेको छ। सन् २००८ को बेइजिंगमा सम्पन्न ग्रीष्मकालीन ओलम्पिकमा अर्जेन्टिनालाई स्वर्ण दिलाउन मेसीले महत्वपूर्ण भूमिका खेलेका थिए भने अर्कोतिर सन् २०१६ मा सम्पन्न युरोकपको उपाधी पोर्चुगललाई दिलाउन टिमको प्रेरणास्रोत र उर्जा बनेका थिए, रोनाल्डो।

चौका दाउ

चौका दाउ नामक फिल्मको मुहूर्तमा अभिनेतृ वर्षा राउत तथा अभिनेताद्वय तैयव शाह र सन्तोष पन्त।

PAGE 3

भेट

नृत्य निर्देशक वसन्त श्रेष्ठ र नायिका सञ्चिता लुइँटेल भेटघाटमा।

सात स्रष्टा कलाकार सम्मानित

लुनकरणदास-गङ्गादेवी चौधरी साहित्य कला मन्दिरले आफ्नो २४औं वार्षिकोत्सवका अवसरमा *स्रष्टा सम्मान* गरेको छ।

नेपाली कला तथा साहित्य क्षेत्रका ७ व्यक्तित्वलाई कार्यक्रमका प्रमुख अतिथि कवि तथा गीतकार कालीप्रसाद रिजालले ताम्रपत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए। बिहीबार कमलपोखरीस्थित अग्रवाल सेवा केन्द्रमा आयोजित समारोहमा अभिनेतृ मिथिला शर्मा बोहरा *बालकृष्ण सम रंग सम्मान*बाट सम्मानित भएकी छिन् भने संगीतकार शुभबहादुर सुनाम *नारायण गोपाल संगीत सम्मान* र कलाकार शशिकला तिवारी *अरनीको ललितकला सम्मान*बाट सम्मानित भएका छन्। त्यस्तै पत्रकार तथा कवि फूलमान बल *नेपाल नवप्रतिभा सम्मान*बाट सम्मानित भएका छन् भने यस पटक *गंगादेवी चौधरी स्मृति सम्मान*बाट आख्यानकार भागिरथ श्रेष्ठ सम्मानित भएका छन्। त्यस्तै कवि दुर्गालाल श्रेष्ठ *सरस्वती सम्मान* र प्राडा प्रेमकुमार खत्री *इतिहास शिरोमणि बाबुराम आचार्य शोधसम्मान*बाट सम्मानित भएका छन्।

गंगा देवी स्मृति सम्मानको नगद रु. १ लाख र बाँकी सबै सम्मानको ५१ हजार १ रुपियाँ नगद राशि प्रदान गरिएको थियो ।

सम्मानित स्रष्टाका तर्फबाट बोल्दै प्राडा खत्रीले नयाँ पुस्तामा कला र साहित्यप्रतिको रुचि हराएको चर्चा गर्दै आफूहरु सम्मानित भएकोमा गौरवान्वित महसुस भएको बताए।

समारोहमा कवि तथा गीतकार वसन्त चौधरीको काव्य कृति चाहतोके साये मे नामक पुस्तक पनि लोकार्पण गरियो। अंग्रेजी तथा हिन्दी भाषामा प्रकाशित उक्त पुस्तक कालीप्रसाद रिजाल तथा हिन्दी भाषाका कवि एवं सामाजिक अभियान्ता डा. विजय पण्डितले संयुक्तरूपमा लोकार्पण गरेका थिए। हिन्दी भाषाको काव्य कृतिमा हिन्दी कविताहरु रहेका छन् भने ती कवितालाई अग्रेजीमा पनि अनुवाद गरिएको छ। यसमा प्रशिद्ध भारतीय स्रष्टा खायमले भूमिका लेखेका छन्। कृतिको समीक्षा गर्दै त्रिभुवन विश्वविद्यालय हिन्दी विभागकी प्रमुख श्वेता दीक्षितले कृतिमा कविता तथा गजल दुवै समावेश गरिएकाले यो पुस्तक मजबुत र पूरा आकाशले भरिएको चर्चा गरिन्। त्यसै गरी प्रमुख अतिथि गीतकार रिजालले सम्मानित व्यक्तिहरुलाई बधाई दिँदै यस सम्मानले साहित्य र कला क्षेत्रका तस्वीरहरुलाई प्रोत्साहित गर्ने बताए।

'साहित्य कला मन्दिरको स्रष्टाहरूलाई सम्मान गर्ने परम्परा अत्यन्त प्रशंसनीय र उदाहरणीय छ। यसले आफ्नो साधनाका क्षेत्रमा लाग्ने स्रष्टा कलाकारलाई ठूलो प्रोत्साहन मिलेको छ।' -उनले भने।

मन्दिरका उपाध्यक्ष तथा अभिनेता हरिहर शर्माले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा विशेष अतिथि हिन्दी भाषाका कवि डा. पण्डितले वसन्त चौधरीको *चाहतों के साये में*का रचनाहरूको चर्चा गरे। 'यसका रचनाले आजको समय मात्र बोलेको छैन, अपितु मानव मनको अन्तर्यलाई समेत स्पर्श गर्दै सशक्त अभिव्यक्ति दिएका छन्।' -उनले भने।

समारोहमा कवि वसन्त चौधरीले आफ्नो लोकार्पित कृतिबाट केही कविता वाचन गर्दै आफ्नो काव्य सिर्जनामा हार्दिक एवं अविच्छिन्न लगाव रहेको प्रस्ट्याए। उनले श्रष्टा सम्मान आफूहरुको ध्येय भएको र सम्मानित नामहरु आफूलाई सधैं स्मरण रहने बताए। '६०औं वसन्त पूरा गर्दा मेरा दुई कृति *वसन्त र चाहतोंके साये मे* प्रकाशनमा आउनु मेरो लागि खुसीको कुरा हो। यसलाई मैले जीवनको ठूलो उपलब्धिका रूपमा लिएको छु', उनले भने- 'अर्को वर्षदेखि कथालाई समेट्नका लागि गोपालप्रसाद रिमाल काव्य सम्मान स्थापना गरिने पनि अवगत गराउन चाहन्छु।'

नेहाको गुपचुप बिहे

बलिउड नायिका सोनम कपुरको विवाहलगत्तै अर्की नायिका नेहा धुपियाले पनि विवाह गरेकी छिन्। उनले आफ्नो नजिकका साथी अंगद वेदीसँग गुपचुचरूपमा विवाह गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

दिल्लीमा गरिएको गुपचुप विवाह पश्चात् दुवैले आ-आफ्नो सामाजिक सञ्जालमार्फत फ्यानलाई खुसीको खबर दिएका छन्। उनीहरुले दुवैले पारिवारिक सिख रीती-रिवाज अनुसार विवाह गरेका हुन्। आजतकका अनुसार उनीहरु धेरै समयदेखि एक-अर्कासँग डेट गरिरहेका थिए। नेहाले सामाजिक सञ्जालमा फोटो शेयर गर्दै 'जिन्दगीको सबैभन्दा सही निर्णय आज मैले आफ्नो बेस्ट फ्रेन्डसँग विवाह गरें। हेल्लो हजबेन्ड' लेखेकी थिइन्।

त्यस्तै अंगदले पनि आफ्नो इन्स्टाग्राममा फोटो हाल्दै 'बेस्ट फ्रेन्ड अब मेरी पत्नी, हेल्लो मिसेज वेदु' लेखेका थिए। अंगदले *पिंक*लगायत केही बलिउड फिल्ममा खेलेका छन्। उनी भारतीय क्रिकेटका दिग्गज खेलाडी विशन सिंह वेदीका छोरा हुन्।





NEPAL TELEVISION

आज राति ५:३० बजे

Marketed by :
KEY ADVERTISING

विचार

कठोरताभन्दा नम्रता, चट्टानभन्दा पानी र बलभन्दा प्रेम धेरै शक्तिशाली छ।
– हरमन हेल

कुनै पनि नागरिक त्यति धनि नहोस् कि अर्कालाई किन्न सकोस् र यति गरिब पनि नहोस् कि उसलाई आफूलाई बेच्नको लागि बाध्य हुनु नपरोस्।
– रुसो

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

पार्टी एकतामा अलमल

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकीकरण गर्ने सहमति भए पनि अहिलेसम्म यसले सार्थकता पाउन सकेको छैन । वाम गठबन्धन गरेर चुनावी मैदानमा होमिएका यी दुई पार्टीले अपेक्षाकृतरूपमा दुई तिहाइ बहुमत ल्याएर विजय हासिल गरेका थिए । त्यसपछि पार्टी एकता र सरकार गठन सँगै हुने भन्दै आएकोमा सरकार गठन भएको दुई महिना बितिसक्दासमेत पार्टी एकीकरणको घोषणाका लागि मिति तय हुन सकेको छैन । हुन त एमाले र माओवादी केन्द्र दुवै पार्टीले पार्टी एकताका लागि अन्तिम तयारीमा पुगेको दाबी गरिरहेका छन् तर पनि अझै कुरा मिल्न सकेको देखिँदैन । पार्टी एकतामा हुन गएको ढिलाइले कतै यो विषय त्यसै सेलाउने त होइन भन्ने पनि शंका उठ्न थालेको छ ।

प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच दर्जनौंपटक भएको वार्ता र छलफलबाट पनि एकताका लागि सहमति जुट्न सकेन । पार्टी एकताका लागि विचार र सिद्धान्तमा कुनै विवाद नभए पनि सांगठनिक विषयमा कुरा मिल्न नसकेको समाचार छ । ओली र प्रचण्डबीच समान हैसियतमा पार्टी एकता गर्ने विषयमा सहमति जुट्न नसकेको हो । माओवादीले समान हैसियतमा एकता हुनुपर्ने अडान राखेको छ भने एमालेले समान हैसियतमा होइन, पार्टीको हैसियतअनुसार एकता गर्नुपर्ने अडान राख्दै आएको छ । पार्टी एकताका लागि सहमति निर्माणमा जुटेका प्रमुख नेताहरूको आ–आफ्नै अडानका कारण पनि पार्टी एकताको घोषणामा ढिलाइ भएको देखिन्छ ।

केही समययता पार्टी एकता र सरकार सञ्चालनमा एमालेले माओवादीसँग पर्याप्त छलफल नगरी एकलौटी गर्न खोजेको भन्दै सरकार र पार्टीभित्र चर्को असन्तुष्टि देखिन थालेको समाचार पनि बाहिर आएको छ । सरकार सञ्चालनको विषयमा प्रधानमन्त्री एकलौटीरूपमा अगाडि बढेको भन्दै माओवादीले असन्तुष्टि जनाउँदै आएको छ । पार्टी एकता गर्दा समान हैसियत र न्यायसंगत ढंगले हुनुपर्ने माओवादीको प्रस्तावलाई एमालेले बेवास्ता गरेको तथा सरकारले गर्ने महत्वपूर्ण निर्णयमा समेत सत्तारुढ दल माओवादी र विभागीय मन्त्रीहरूलाई समेत थाहा नदिने गरेको माओवादीका नेता मणि थापाले बताउनुभएको छ । वाम गठबन्धन गरी चुनाव जितेर सरकारसमेत बनाइसकेका नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच आपसमा आरोप–प्रत्यारोप बढ्दै जाने हो भने उनीहरूबीच हुने भनिएको पार्टी एकता ओझेलमा पर्न बेर लाग्दैन । यदि पार्टी एकता हुन सकेन भने यसले अरू समस्या निम्त्याउनेछ । त्यसैले दुवै पार्टीले लचकता अपनाएर पार्टी एकता गर्नुको विकल्प छैन ।

मोदीको अस्वाभाविक यात्रा

विनोद नेपाल

प्रधानमन्त्री केपी शर्मा ओलीको निम्तोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आज नेपाल आउँदै छन्। दुईदिने राजकीय भ्रमणका लागि नेपाल आउन लागेका उनको सन् २०१४ मा प्रधानमन्त्री पदमा आसीन भएयताको यो तेस्रो नेपाल भ्रमण हो। मोदीको भ्रमण द्विपक्षीय हितसहित आपसी सम्बन्ध मजबुत बनाउन साझेदारी विस्तार गर्न केन्द्रित हुने परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

भारतीय प्रधानमन्त्री मोदीको यसपटकको नेपाल भ्रमण अस्वाभाविक देखिएको छ। पहिलो त, मोदी भारतको पटनाबाट जनकपुर प्रवेश भएका छन्। यसैले उनको भ्रमण जनकपुरबाट प्रारम्भ हुने भएको छ। उनको स्वागतका लागि प्रदेश नं. २ को राजधानी जनकपुरमा भव्य तयारी भइरहेको छ। मोदीको आगमनको दिन उक्त प्रदेशमा सार्वजनिक बिदा दिइएको छ। मोदीको स्वागतलाई दृष्टिगत गरेर फोहोरको पर्याय बनेको जनकपुर शहरमा व्यापक सरसफाइ गरिएको छ। यति मात्र होइन, आ-आफ्ना घरका अगाडि सिँगारिएका कलश राख्न प्रदेश सरकारले स्थानीयलाई उर्दी दिएको छ। प्रदेश सरकारले उनको स्वागतमा जनकपुरको बाह्र बिघा मैदानमा ५० हजारभन्दा बढी नागरिक उपस्थित गराउने गरी योजना बनाएको छ। यता काठमाडौंमा पनि सिँगारपटार र सरसफाइ भइरहेको छ।

प्रधानमन्त्री ओलीले भारतीय समकक्षीलाई जनकपुरस्थित जानकी मन्दिरमा स्वागत गर्ने कार्यक्रम छ। मन्दिरमा विशेष पूजा अर्चनापछि मोदीको सम्मानमा जनकपुर उपमहानगरपालिकाले नागरिक सम्मान गर्नेछ। सो समारोहलाई मोदी तथा प्रधानमन्त्री ओलीले पनि सम्बोधन गर्ने कार्यक्रम छ। सोही दिन काठमाडौं आएपछि मोदीलाई टुंडिखेलस्थित सैनिक मञ्चमा नेपाली सेनाले 'गार्ड अफ अनर' दिने कार्यक्रम छ। भ्रमणका क्रममा राष्ट्रपति, उपराष्ट्रपति तथा विभिन्न दलका नेताहरूसँग भेटवार्ता गर्ने कार्यक्रम पनि रहेको छ। नेपाल तथा भारतका प्रधानमन्त्रीले काठमाडौंबाट स्वीच दबाएर अरूण तेस्रो जलविद्युत् आयोजना शिलान्यास गर्ने कार्यक्रम पनि रहेको छ। मोदी २९ वैशाखमा मुक्तिनाथ दर्शनका लागि जानेछन्। त्यहाँ उनको अभिनन्दन गरिनेछ। त्यताबाट फर्केपछि काठमाडौं महानगरपालिकाले नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ, जहाँ मोदीले सम्बोधन गर्नेछन्। सोही दिन संयुक्त पत्रकार सम्मेलन गरिनेछ।

मोदीको मुक्तिनाथ र जनकपुरको यात्राको चाहना निकै अघिदेखिको हो। तर यसपटक यसको साइत जुरेको छ। तर मोदीको यो भ्रमण केही अस्वाभाविक जस्तो महसुस भएको छ। एउटा त विशेष परिस्थितिमा बाहेक मित्रराष्ट्रका उच्च पदस्थहरूको भ्रमण सम्बन्धित मुलुकको राजधानीबाटै प्रारम्भ हुन्छ। तर यसपटक मोदीको भ्रमण राजधानी दिल्लीबाट नभई सीमावर्ती शहरबाट हुन लागेको छ। नेपालतर्फ पनि सीमावर्ती शहर जनकपुर हुँदै भ्रमण हुन लागेको छ। धार्मिक शहर जनकपुरबाट प्रारम्भ हुने यात्रा मुक्तिनाथसम्म पुग्ने गरी कार्यक्रम रहेको छ। यसैले काठमाडौंका लागि निर्धारित कार्यक्रम केवल औपचारिकता मात्र हुन् भन्ने ठानिएको छ। कतिपयले त पटनाबाट जनकपुर हुँदै काठमाडौं र मुक्तिनाथ पुग्ने कार्यक्रमले यो भ्रमण भारतकै कुनै प्रान्तको जस्तो बनाउन खोजेको भन्ने रूपमा पनि व्याख्या गरेका छन्। अझ राजधानीका हकमा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई प्रधानमन्त्री कार्यालय, निवास वा कुनै सरकारी भवनमा नभई होटलमा भेट्न जाने कार्यक्रम बन्नुले सबैलाई थप आश्चर्यमा पारेको छ।

मोदी अहिले विश्वमै चर्चित नेता हुन्। सामाजिक सञ्जालमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पछि पार्दै लोकप्रियता हासिल गरेका उनी विश्वका प्रभावशाली व्यक्तिको हालै सार्वजनिक सूचीमा समेत शीर्ष १० मध्ये नवौं स्थानमा रहेका छन्। उनको दल भारतीय जनता पार्टीले भारतका २१ राज्यमा आफ्नो एकल वा अन्य दलसँगको गठबन्धन सरकार सञ्चालन गरिरहेको छ। पूर्वोत्तरका राज्यहरूमा लामो समयदेखिको वाम सरकारलाई विस्थापित गर्न र आफ्नो हैसियत मजबुत बनाउन सफल भारतीय जनता पार्टीले अहिले दक्षिण तर्फका राज्यमा आफ्नो पकड बढाउन प्रयत्न गरिरहेको छ। उनी विश्वका विभिन्न मुलुकहरूको यात्रा गर्ने, शिखर सम्मेलनहरूमा सहभागी हुने तथा भारत र आफ्नो समेत उचाइ बढाउने प्रयासमा निरन्तर लागिरहेका छन्। यसैले विश्वमै चर्चित छन्। आफ्ना स्पष्ट दृष्टिकोण र लक्ष्य प्राप्तिका लागि अठोटका साथ लागिपर्ने उनको स्वभाव अनुकरणीय छ।

यसै गरी भारत विश्वको उदाउँदो शक्ति हो। ऊ विश्वको ध्यान आफ्तर्फ आकृष्ट गर्न सफल भएको छ। नेपालको हकमा हाम्रो सन्दर्भमा भारतसँगको हाम्रो सम्बन्ध युगौंदेखिको हो। हाम्रो सम्बन्ध विशिष्ट खालको छ। खुला सिमाना भएको तथा धार्मिक, सांस्कृतिक एवं सामाजिक सम्बन्धका कारण हाम्रा दुई मुलुकबीचको सम्बन्ध आफ्नै खालको छ। भारतको स्वतन्त्रता आन्दोलनमा नेपालीको र नेपालमा हुने राजनीतिक गतिविधिमा भारतीयको संलग्नता र चासो सबैलाई जानकारी भएकै विषय हो। हाम्रो राजनीतिक वा अन्य आन्तरिक मामलामा बेलाबखत भारतले हस्तक्षेप गर्ने गरेको वा खेल्ने प्रयास गरेको महसुस पनि हामीले गर्दै आएका छौं। यसै कारण बेलाबखत हाम्रो सम्बन्धमा उतारचढाव पनि आउने गरेको छ।

हामीले हाम्रा कुरा स्पष्ट राख्न नसक्ने र राजनीतिक नेतृत्वले व्यक्तिगत स्वार्थका लागि भारतीय राजनीतिक नेतृत्वको आशिर्वाद खोज्ने प्रवृत्ति देखाउँदा हेपिनुपरेको अवस्था पनि छ। यसै गरी हाम्रा नेताहरूको द्वैधचरित्रका कारण पनि हामीले विभिन्न किसिमका अप्ठेरा भोगिरहनुपरेको छ। सीमाक्षेत्रमा उत्पन्न हुने विवादहरू, बेलाबखत हुने सीमा अवरोध, हाम्रा सामानलाई निरन्तर सहज ढंगमा प्रवेश नदिने अवस्था आदि पनि हामीले बेलाबेलामा भोगेकै हौं। अर्थात् हामीले भारतबाट लिनुपर्ने सहयोग लिन सकिरहेका छैनौं।

भारतसँग हाम्रा धेरै गुनासा छन्। तर, भारत हाम्रो ठूलो सहयोगी र दाता पनि हो। भारतको सहयोगमा धेरै काम भएका छन्, हुने क्रममा छन्। 'प्रबुद्ध समूह'ले विगतका दुई मुलुकबीच विगतमा भएका सन्धि सम्झौतामा समयानुकूल सुधार र परिमार्जनका लागि अन्तिम तयारी गर्दै गरेको सन्दर्भमा असमान सन्धि सम्झौताको खारेजी र नयाँ आधारमा नयाँ सम्झौता गर्नेतर्फ ध्यान दिनु जरुरी छ। विगतमा धेरै कुरा हाम्रो कमजोरीका कारण पनि भारतको पक्षमा भएका छन्। हामीले स्पष्टरूपमा बोल्न नसक्दा, हाम्रा गुनासालाई सशक्त ढंगमा उठाउन नसक्दा पनि कतिपय सन्दर्भमा हेपिनु, पेलिनुपरेको र लिन सक्ने लाभ लिन नसकेको अवस्था पनि छ। त्यो हाम्रो कमजोरी हो। यसका लागि भारतलाई दोष दिएर मात्र हुँदैन। आफ्नो कमजोरी पनि स्वीकार्नुपर्छ। सत्ता टिकाउन, गठबन्धन टिकाउन र पदका लागि चाकडी गर्नेजस्ता प्रवृत्तिले पनि हामीलाई कमजोर बनाएको हो, कतिपय अवस्थामा हस्तक्षेप नै पनि निम्त्याइएको हो। यसैले हरेक कुरामा भारतलाई मात्र दोष दिएर हुँदैन, हाम्रो राजनीतिक नेतृत्वको कमजोरी पनि हेर्नुपर्छ। भारतीय प्रधानमन्त्री मोदीको आसन्न भ्रमणको सन्दर्भमा पनि हाम्रो नेतृत्वले एउटा स्वतन्त्र सार्वभौम मुलुकको हैसियतमा आफ्ना कुराहरू सशक्त ढंगमा उठाउनुपर्छ। राष्ट्रवादको ढोंग गर्ने र अस्वाभाविक किसिमको स्वागत सत्कार गर्ने प्रयास भएको भन्दै यसपालिको मोदी भ्रमणका क्रममा भइरहेका गतिविधिप्रति धेरैले असन्तुष्टि जनाएका छन्। तर एउटा मुलुकको सरकार प्रमुख आउँदै छन् भने उनको स्वागत सत्कार गर्नै पर्ने हुन्छ। त्यसलाई हेर्ने दृष्टिकोण जेसुकै भए पनि मुलुकले भोगिरहेका अप्ठेराहरूको अन्त्य गर्नका लागि प्रयास भयो र त्यसबाट केही हात पर्न सक्यो भने यात्रा अस्वाभाविक नै भए पनि उपलब्धिमूलक नै ठहरिनेछ।

> मोदीको यो भ्रमण केही अस्वाभाविक जस्तो महसुस भएको छ। एउटा त विशेष परिस्थितिमा बाहेक मित्रराष्ट्रका उच्च पदस्थहरूको भ्रमण सम्बन्धित मुलुकको राजधानीबाटै प्रारम्भ हुन्छ। तर यसपटक मोदीको भ्रमण राजधानी दिल्लीबाट नभई सीमावर्ती शहरबाट हुन लागेको छ। नेपालतर्फ पनि सीमावर्ती शहर जनकपुर भएर भ्रमण हुन लागेकोछ।धार्मिकशहर जनकपुरबाट प्रारम्भ हुने यात्रा मुक्तिनाथसम्म पुग्ने गरी कार्यक्रम रहेको छ।

पाठक पत्र

मोदीको भ्रमण सफल होस्

नेपालको सबैभन्दा नजिकको र पुरानो छिमेकीका रूपमा चिनिएका भारतका १४औं प्रधानमन्त्री नरेन्द्र मोदीको दुईदिने नेपाल भ्रमण आज शुक्रबारबाट शुरू भएको छ। चार वर्षको अन्तरालमा मोदीले यो भ्रमण गर्न लागेका हुन्। वि.सं. २०७१ पछि उनको यसपटकको भ्रमण रामजानकी मन्दिर जनकपुरबाट शुरू भएर मुस्ताङमा अन्त्य गर्ने कार्यक्रम छ। नेपालमा नाकाबन्दीपछि जसरी मोदीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको थियो, त्यसमा सुधार ल्याउन पनि यो भ्रमण उपयोगी हुने धेरैले विश्वास लिएका छन्। विशेषत: भारतको अघोषित नाकाबन्दीका बलमा केपी ओलीको उदय भएसँगै नेपालमा भारतविरोधी भावनाको विकास भएको थियो। त्यसलाई मत्थर पार्नका लागि पनि मोदीले अहिले नेपालको भ्रमण गर्न लागेको बुझिन्छ।

ओली सरकार बनेदेखि नै कहिले विदेशमन्त्री त कहिले राजदूतलाई ओलीसँग भेट्न पठाउनु, सरकार बनेलगत्तै नेपाली समकक्षी केपी ओलीलाई भारत भ्रमणको निम्ता दिनुजस्ता तथ्यहरू हेर्दा मोदीले नेपाललाई दिएको उच्च प्राथमिकताको रूपमा बुझ्न सकिन्छ। सयौं वर्षअघिदेखि नेपाल र भारतको बीचमा सांस्कृतिक तथा धार्मिक सम्बन्ध रहँदै आएको छ। सधैं भारतले हस्तक्षेप गऱ्यो भनेर गुनासो बढिरहेको अवस्थामा मोदीले दुई देशको सम्बन्धलाई कुनै कागजी सम्बन्धका रूपमा मात्र बुझ्न नहुने विचार यसअघिको भ्रमणमा आउँदा व्यक्त गरेका थिए। उनले सन् १९५० देखि पछाडिका जुन कुनै सन्धि तथा सम्झौताहरू पनि पुनरवलोकन हुन सक्ने आसय पनि विगतको भ्रमणमा व्यक्त गरेका थिए। तर, नेपाल र भारतबीच भएका सन्धि सम्झौताको कार्यान्वयनको स्तरमा भने खासै प्रभावकारिता आउन सकेको छैन।

हामी आफैं सक्षम र निर्णय क्षमतामा सफल भएमा अन्य देशले हस्तक्षेप गर्ने सम्भावना पनि देखिँदैन। नेपाली आत्मनिर्भर हुन चाकडीबाज गर्न नपर्ने अवस्था सिर्जना गर्न आर्थिक समृद्धिको बाटोमा लाग्नु जरुरी छ। जो होस्, मोदीको अहिलेको भ्रमण उपलब्धिमूलक र सफल होस्।

- सुमन्त सुन्दास, काठमाडौं

अत्याधुनिक सूचना–सञ्जाल र आवश्यकता

लोकनारायण सुवेदी

आजको सूचना तथा सञ्चार प्रौद्योगिकीले हाम्रो जीवनका प्रत्येक पक्षलाई निर्बाध छाइसकेको छ। यसको अपेक्षित अनपेक्षित घुसपैठका साथै हाम्रो जीवनमा कामको नयाँ शृङ्खला पनि पैदा भइरहेको छ भने पुराना कामहरूको स्वरूप पनि परिवर्तन हुँदै गइरहेको छ। यी सबै कुराको सूत्राधार भने कम्प्युटर नै हो, जुन कम्प्युटरको हाम्रो परिवेशमा अवतरण अनेकरूपमा भइसकेको छ। तर ती सबैको आधार भने कृत्रिम बुद्धि अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' को व्यववस्था हो, जसअन्तर्गत भिन्न-भिन्न किसिमका समस्याको समाधान खोजिने या समाधान गरिने गरिन्छ। वास्तवमा स्थिति के छ भने, केवल अध्ययन-अनुसन्धान मात्र होइन, देशको अर्थव्यवस्था र सामरिक शक्तिलगायतका सबै कुरा त्यस देशको कम्प्युटरको क्षेत्रमा निपुणता र दक्षतामाथि निर्भर हुन पुगेको या भइसकेको छ।

कम्प्युटरको शब्दावलीको हिसाब-किताब पनि अद्भुत रहेको छ। सामान्य उदाहरणका लागि 'डाउन लोड', 'अप लोड' गर्नु (जसको नेपाली अनुवाद उतार्नु र चढ्नु हुनेछ), यो यस्तो क्रियाकलाप हो, जसले गर्दा एकछिन्मै मानिस सारा संसारसँग जोडिन पुग्दछ या जोडिने क्षमता प्राप्त गर्दछ। हामीले सूचनाका साथ 'लक, सेलेक्ट, ट्रेक, डिलिट, कपी, पेस्ट, शेयर, फ्लीप, जुम आदि जेसुकै काम पनि कम्प्युटरमा सजिलै गर्न सक्छौं। यस प्रकार यथार्थ के छ भने, कम्प्युटरको प्रयोग र प्रभावको क्षेत्र दिन दुना रात चौगुनाको हिसाले बढ्दै गइरहेको छ। ज्ञानको क्षेत्र, खेलकुद, देशाटन, स्वास्थ्य, बजारको क्रय-विक्रय, नागरिक सुविधाहरू आदिसँग जोडिएका सारा प्रश्नहरूको उत्तर तथा समस्याहरूको समाधान पनि यसैको सहायताबाट प्राप्त हुन थालेका छन्। यसले गर्दा कैयौं प्रकारका नयाँ-नयाँ व्यवसाय पनि उत्पन्न हुन थालेका छन्।

जीवन यात्रामा सूचनाको यो अभूतपूर्व उपस्थितिले हामी सबैको जीवनमा आश्चर्यचकित तुल्याउने स्थिति उत्पन्न गरिरहेको र नयाँ-नयाँ जिज्ञासा पैदा गरिरहेको छ। सूचनाको यो अतिरेक तथा त्यसको सरल उपलब्धताले शायद मानिसलाई विराटताको पनि बोध गराउँछ अनि साथसाथै जीवन्त संसारबाट काटेर मानिसलाई एक्लो पनि बनाइरहेको छ। आज प्राय: सबै परिवारमा प्रत्येक सदस्यसँग सूचनातन्त्रसँग जोड्न आ-आषनो स्वतन्त्र व्यवस्था रहन्छ। एन्ड्रोयड मोबाइल सबैजसो सुविधाहरूले सुसज्जित रहेको हुन्छ। कम्प्युटर पनि सजिलैसँग उपलब्ध हुन थालेका वा भइरहेका छन्। सूचनाका यी संसारमा हरेक किसिमका सूचनाहरू छन्। यसमा के कुराको पूरै छुट हुन्छ भने, राम्रा-नराम्रा, नैतिक-अनैतिक, कुन सूचना छनौट गर्ने हो र कोसँग के-कति जोडिने वा टाढा रहने हो, यी सबै कुरा कागजबाट उठाएर यो सूचना बहुसञ्जाललाई सुम्पिदिनु पनि कम खतरनाक छैन।

सूचनाको तस्करी पनि छ, डकैती (ह्याकिङ) पनि चलिरहेकै छ। निजी अर्थात् व्यक्तिगत जीवनमा सूचना-व्यसन कत्तिको घातक हुन सक्छ, यो बितेका वर्षमा 'ब्ल्यूह्वले गेम' का सिलसिलामा भएका दुर्घटनाहरूबाट बुझ्न सकिन्छ। कस्तो किसिमले 'भर्चुअल रियालिटी (आभासी भ्रामक सत्यको संसार) ले मानिसलाई बाँधेर के-के गर्न प्रेरित र प्रोत्साहित गरिरहेको छ वा गर्न सक्छ, त्यसको यो त्रासद उदाहरण या नमुना हो। जुन-जुन रिपोर्टहरू पत्रपत्रिकामा यस सम्बन्धमा छापियो र विवरण प्रकाशमा आयो, त्यो कुनै वशीकरणको तन्त्रमन्त्रभन्दा कम लाग्दैन। यसका पनि जुन आधा अपूरा व्यहोरा बाहिर प्रकाशमा आएका छन् तिनकै आधारमा कुनै स्पष्ट र सामान्य निष्कर्षसम्म पुग्न अझै पनि मुस्किल छ। तथापि यस प्रकारका घटनाहरूबाट के लाग्छ भने, सूचनाको यो खेल आश्चर्यकारी र निराला प्रकारको छ। त्यसले जेसुकै पनि गराउन सक्छ। टाढा-टाढाका देशदेखि सूचना मार्गबाट नियन्त्रित 'ब्लू ह्वेल'का खेलले बालबच्चालाई कसरी वशीभूत गरेर बाँध्ने गर्दछ र तिनलाई जेसुकै गर्न पनि बाध्य तुल्याउँछ, त्यो देखिएको छ।

बालबच्चाहरू खेलसँग जोडिने, सूचना पाउने, आकर्षित हुने र निर्देशन दिइएको हिसाबले दिएको काम गर्ने गर्दछन्। त्यसको चरमम उत्कर्ष मृत्युलाई वरण गर्नुसम्म पनि हुन सक्छ। निश्चय पनि 'थ्रिल' पनि यो खेलको एउटा पक्ष हो। त्यसलाई आफ्नो अनुभवअन्तर्गत ल्याएर महसुस गर्नु क्षणिक नै भए पनि त्यो निकै उत्तेजक हुन्छ। यति हदसम्म कि त्यसको परिणतिको अर्थ बुझ्ने र त्यसमाथि विचार गर्ने समय र फुर्सद पनि हुँदैन। यसले नयाँ-नयाँ तरिकालाई अज्माउने र त्यसको प्रतिफलले 'सेन्सेसन सिकिङ'को प्रवृत्तिलाई झल्काउने गर्दछ, जुन कुरा आज एकदमै बढ्दै गएको छ। आ-आफ्ना सूचनाका संसारमा हराएर परिवारका सदस्यहरू बच्चाका लागि सजीव र सक्रियरूपले कम उपलब्ध हुने गरिरहन्छन्।

अझ त्यसै पनि विकसित समाजमा एक्लै निजीपनको अँध्यारो-उज्यालो बढी नै रहेका छन्। आत्मलीन सभ्यताको स्वप्न व्यक्तिको उत्कर्ष हो उसको आफ्नो मर्जी ! ऊ जस्तो चाहन्छ त्यस्तै रहने, जस्तो चाह्यो त्यस्तै बाँच्ने या मर्ने पनि उसकै खुशी। यस्तो समाज, परिवार सबैसँग काटिएर आफैंमा हराउने किसिमको स्वप्निल सोच अन्तत: एकदम खतरनाक कुरा हो। त्यसैले सूचनाको सञ्जाल तथा त्यसको उपयोग सकारात्मक र उपयोगी हुनुपर्दछ। पारिवारको स्तरमा त्यसको सन्तुलित उपयोग कसरी गर्ने, गम्भीररूपमा विचार गरिनुपर्दछ। बुझ्नु र बुझाइनुपर्दछ कि परिवार र समाजको तर्फ उन्मुख जीवन व्यक्तिका विरुद्ध हुँदैन। त्यसैले दुवैका पारस्परिकतालाई ग्राह्य र सहज तुल्याइनु अत्यावश्यक छ। अत्याधुनिक सूचना प्रणालीको विकासलाई अत्याधुनिक, सहज, समुन्नत, सामाजिक तथा वैयक्तिक जीवनका निम्ति सकारात्मकरूपमा सदुपयोग गरिनुपर्दछ, नकारात्मकताका निमित्त होइन।

(लेखक सुवेदी नेपाल कम्युनिस्ट पार्टीका उपाध्यक्ष हुनुहुन्छ।)

सामाजिक सञ्जाल

जसले राजनीतिलाई पेसा बनाएका छन्, तिनीहरूबाट केही अपेक्षा गर्न सकिँदैन। राजनीति पेसा हैन, सेवा हो।

राजु नेपाल
@nepalbikash

यस्तो भव्य स्वागत गरौं कि भावविभोर भएर आत्मग्लानिले 'माफ पाऊँ' भन्ने दुई शब्द फुत्त निस्कियोस्।

Suman Kharel
@kharel8

आदर, सत्कार गर्नुपर्छ भन्दैमा खुट्टा ढोग्नु त ठिक्कै हो जुत्ताको तलुवा नै चाट्नु त भएन नि महामहिम हो।

नेपाल टिबिएन
@chhetri_tbn

२०७५, वैशाख
शुक्रबार
२८

{ राप्रपाको पार्टी गठनपछि पहिलोपटक बसेको बैठकले सम्वर्द्धनवादी उदार वादलाई पार्टीको सैद्धान्तिक आधार बनाउने निर्णय गरेको छ।

नेपाल

काष्ठमण्डप जनस्तरबाट पुनर्निर्माण गरिने

प्रदेशसभा सदस्य शाक्यको अध्यक्षतामा ५१ सदस्यीय समिति गठन

नेपाल समाचारपत्र

काठमाडौं

भूकम्पले पूर्ण क्षतिग्रस्त ऐतिहासिक सम्पदा काष्ठमण्डप पुनर्निर्माण कार्य जनस्तरबाटै थालनी भएको छ।

यही वैशाख ३१ गते सोमबार काष्ठमण्डपमा क्षमापूजाको आयोजना गरी पुनर्निर्माण कार्य अघि बढाउन लागिएको हो।

पुनर्निर्माण कार्य अघि बढाउन जनस्तरबाटै काष्ठमण्डप पुनर्निर्माण समिति गठन गरिएको छ। समितिको अध्यक्षमा काठमाडौं क्षेत्र नं ८ 'क' का सासंद राजेश शाक्य रहनुभएको छ। काठमाडौं महानगरपालिका वडा नं १९, २०, २३ र २४ का वडा अध्यक्ष, सम्पदा संरक्षणमा सक्रिय व्यक्तिहरू, सरोकारवालाहरूको उपस्थितिकम सो समिति गठन गरिएको थियो। ५१ सदस्यीय समितिको उपाध्यक्षमा तेजरत्न शाक्य, सचिवमा गौतम डंगोल, कोषाध्यक्षमा अशोक वज्राचार्य, र उपसचिवमा विभोरलाल श्रेष्ठ रहनुभएको छ।

समितिलाई आवश्यक सहयोग गर्न काठमाडौं महानगरपालिका प्रमुख विद्यासुन्दर शाक्यको अध्यक्षतामा निर्देशक समिति गठन गरिएको छ। त्यसै गरी १३ वटा विषयगत उपसमिति गठन गरिएको छ।

त्यस्तै पुनर्निर्माण कार्यमा सबैको अपनत्व बढाउन समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू राखेर संरक्षक समिति गठन गरिएको पनि समितिले बिहीबार आयोजना गरेको पत्रकार भेटघाटमा जानकारी दिइयो। 'पुरानो मौलिक स्वरूपमा नै काष्ठमण्डप पुनर्निर्माण हुनेछ। पुनर्निर्माण कार्य पूरा हुन ३ वर्ष लाग्नेछ।' -समितिका अध्यक्ष राजेश शाक्यले पत्रकार भेटघाटमा भन्नुभयो।

स्थानीय स्वयंसेवीहरूको सहयोग लिएर शिवपार्वती र कालभैरव मन्दिरछेउ राखिएका काष्ठमण्डपका काठलाई भोलि शुक्रबारदेखि हनुमानढोकास्थित प्रहरी कार्यालय रहेको भवनमा राखिने पनि समितिले जनाएको छ।

पूर्वप्रधानमन्त्री खनाल र जापनिज राजदूतबीच भेट

काठमाडौं, (नेस)

काठमाडौं, नेकपा एमालेका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालसँग नेपालका लागि जापानका राजदूत मासासी ओगावाले शिष्टाचार भेटवार्ता गर्नुभयो।

भेटका अवसरमा राजदूत मासासीले आफ्नो कार्यकाल समाप्त भई स्वदेश फर्कन लागेको जानकारी गराउनुभयो। साथै भेटको क्रममा नेपाल जापान सम्बन्ध, नेपालको आर्थिक विकासमा जापानको तर्फबाट भइरहेको सहयोग र आपसी हित एवं चासोको विषयमा छलफल भएको थियो।

पूर्वप्रधानमन्त्री खनालले कार्यकाल पूरा गरी स्वदेश फर्कन लाग्नुभएका राजदूत मासासीलाई नेपाल जापान सम्बन्धलाई अझ प्रगाढ बनाउन खेल्नुभएको भूमिकाका लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध अझ सुमधुर हुने कुरामा विश्वास व्यक्त गर्नुभयो। साथै उहाँको उत्तरोत्तर प्रगतिको कामनासमेत गर्नुभयो। साथै खनालले तीन तहको निर्वाचन सम्पन्न भएपछि नेपाल आर्थिक सामाजिक रूपान्तरणको युगमा प्रवेश गरेको बताउनुभयो।

साथै देशमा विकास र समृद्धिका लागि अझ धेरै क्षेत्रमा सहयोग आवश्यक पर्ने कुरामा जोड दिंदै खनालले जापान सरकार र जनताको तर्फबाट अझ फराकिलो दायरामा सरसहयोग प्राप्त हुने कुरामा आफू विश्वस्त रहेको धारणा व्यक्त गर्नुभयो।

बुद्ध दर्शनबारे छलफल

काठमाडौं, (नेस)

कुलेश्वर आवास परिवार कल्याण संस्थाले बुद्ध दर्शन र बुद्धको बारेमा चर्चा र विशेष कवि गोष्ठीको आयोजना गऱ्यो।

प्राडा जगमान गुरुङले बुद्ध दर्शनका विभिन्न हाँगाहरू र शैव दर्शन पनि यससँग मिलेर समन्वयात्मक तरिकाले नेपालमा चलेको चर्चा गर्नुभयो।

बुद्धसम्बन्धी कविता पाठ गर्नेहरूमा स्थानीय प्यारामाउन्ट स्कुलका विद्यार्थी र स्थानीय कविहरूको उपस्थिति थियो।

लोकनाथ पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा करिब २४ जना कविले कविता पाठ गरेकोमा वाचित कवितामाथि नरनाथ लुइँटेलले समीक्षा गर्नुभएको थियो। विशेष कवि गोष्ठीमा कवि शैलेन्द्र साकार, नरनाथ लुइँटेल, प्रा. घनश्याम कँडेल, लक्ष्मण गाम्नागे, यशोदा अधिकारी, नीलहरि सुवेदी, यामसन प्याकुरेल, विद्यालक्ष्मी श्रेष्ठ, ई. मदन श्रेष्ठ, हेमविक्रम थापालगायत हुनुहुन्थ्यो।

राप्रपा प्रजातान्त्रिकको बैठक सम्पन्न

राजसंस्था र हिन्दुराज्यको पक्षमा उभिने निर्णय

नेपाल समाचारपत्र

काठमाडौं

तीन दिनदेखि जारी राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) को केन्द्रीय समिति बैठकले मुलुकभर वाम गठबन्धनको वर्चस्व तोड्न प्रजातान्त्रिक शक्तिहरूको शिक्त गठनबन्ध बनाउनुपर्ने निष्कर्ष पनि निकालेको छ।

पार्टी गठनपछि पहिलोपटक बसेको बैठकले सम्वर्द्धनवादी उदारवादलाई पार्टीको सैद्धान्तिक आधार बनाउने निर्णय गरेको छ।

केन्द्रीय समितिको बैठकले अध्यक्ष पशुपति शमशेर राणाले प्रस्तुत गर्नुभएको राजनीतिक प्रस्तावलाई बिनासंशोधन पारित गरेको थियो। अध्यक्ष राणाको राजनीतिक प्रस्तावमा सम्वर्द्धनवादी उदारवादको वैचारिक धारणामा राप्रपा प्रजातान्त्रिक राजनीतिकरूपमा सक्रिय हुने उल्लेख छ। अध्यक्ष राणाको कार्यपत्रमा संवैधानिक राजसंस्था र सनातन हिन्दुराष्ट्रलाई पनि समेटिएको छ।

१ सय ८० जना केन्द्रीय सदस्य उपस्थित रहेको बैठकमा १ सय जना केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राखेका थिए। जसमध्ये ९५ जना केन्द्रीय सदस्यले संवैधानिक राजसंस्था र सनातन हिन्दुराज्यको पक्षमा पार्टीलाई अगाडि बढाए मात्र राजनीतिक परिचालन सशक्त हुने धारणा राखेका थिए। बैठकले संगठन सुदृढीकरण, कोष व्यवस्थापनलगायत विभिन्न १३ वटा कार्यपत्रलाई पनि अनुमोदन गरेको छ।

बैठक समापनको अवसरमा बोल्दै वरिष्ठ उपाध्यक्ष केशरबहादुर विष्टले संवैधानिक राजसंस्था र हिन्दुराज्यको अवधारणालाई समेटिएको सम्वर्द्धनवादले मात्र राप्रपा प्रजातान्त्रिकले सशक्त राजनीतिक भूमिका खेल्न सक्ने बताउनुभएको थियो।

सो बैठकमा अर्का वरिष्ठ उपाध्यक्ष दीपक बोहोराले संविधान निर्माणको क्रममा राप्रपाले गणतन्त्रको पक्षमा मतदान गर्नु ठूलो राजनीतिक भुल थियो भन्दै त्यो भुललाई राप्रपा (प्रजातान्त्रिक)ले सच्चाएर अघि बढ्नुपर्ने बताउनुभएको थियो। उपाध्यक्ष बोहोराले तीनवटै राप्रपा अब नीतिगतरूपमा कुनै भिन्नता नभएको भन्दै भएको भन्दै तीनवटै पार्टी एकीकरण गरी अघि बढ्नुपर्ने धारणा पनि राख्नुभएको थियो।

सम्वर्द्धनवाद र उदारवादलाई फ्युजन गरी अध्यक्ष राणाले प्रस्तुत गर्नुभएको राजनीतिक कार्यपत्रअनुसार सम्वर्द्धनवादी उदारवादको वैचारिक धारणामा राप्रपा प्रजातान्त्रिक सक्रिय हुने निर्णय भएसँगै सहमहामन्त्री सुरेश आचार्यले राप्रपा प्रजातान्त्रिकले परम्परागत राजनीतिक शक्ति अर्थात् राजसंस्था र हिन्दुराज्य समेटेर स्वतन्त्र बजार प्रणालीअनुरूप राज्य सञ्चालन गरिने मार्गचित्र तय गरेको बताउनुभयो।

बैठक सम्पन्न भएपछि निकालिएको प्रेस विज्ञप्तिमा पनि पार्टीले आफ्नो सैद्धान्तिक आधारको रूपमा सम्वर्द्धनवादी उदारवादलाई ग्रहण गरेको भन्दै नेपालको राष्ट्रिय धर्म संस्कृति र परम्परागत संस्थाको संरक्षण र सम्वर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

साथै मुलुकमा वाम गठबन्धनले वर्चस्व कायम गरेको तथ्यलाई हेरी अब प्रजातान्त्रिक पक्षले पनि सशक्त गठबन्धन बनाई प्रजातान्त्रिक मूल्य र मान्यताका लागि सबै मोर्चामा संघर्ष गर्नुपर्ने जनाएको छ। पार्टी गठन भएपछि राप्रपा प्रजातान्त्रिकको केन्द्रीय समिति बैठक पहिलोपटक बसेको हो।

समाजसेवीलाई न्यौपाने प्रतिष्ठानको सम्मान

नेपाल समाचारपत्र

काठमाडौं

सामाजिक क्षेत्रमा क्रियाशील विभिन्न व्यक्ति तथा संघ-संस्थालाई यस वर्ष पनि लीलाराम कुन्तीदेवी न्यौपाने प्रतिष्ठानले सम्मान गरेको छ।

राष्ट्रिय जीवनका विभिन्न विधाममा समर्पित व्यक्तिहरूलाई सम्मान गरेको छ।

यसरी सम्मान हुनेमा हास्य कलाकार एवं समाजसेवी सीताराम कट्टेल र कुञ्जना घिमिरे (धुर्मुस-सुन्तली) लाई लीलाराम कुन्तीदेवी न्यौपाने समाज सेवा सम्मान-२०७५, शिक्षा क्षेत्रमा समर्पित विनोद शाही (डोल्पो शिक्षक) लाई लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षा सेवा सम्मान-२०७५, क्रिकेटर वसन्त रेग्मीलाई लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान-२०७५ र लामो समयदेखि क्रियाशील पत्रकार चेतन पन्तलाई लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७५ बाट सम्मान गरिनुका साथै जनही १ लाखसहित ताम्रपत्रले सम्मानित गरिएको छ। सोही कार्यक्रममा विभिन्न जिल्लाका १० वटा समुदायिक विद्यालयमा पनि लीलाराम कुन्तीदेवी जेहेन्दार छात्रवृत्ति अक्षयकोष स्थापना गर्न प्रतिविद्यालय २ लाख ५० हजारका दरले जम्मा रकम २५ लाख रकम हस्तान्तरण गरियो।

६७औं शान्ति काव्य प्रवाह सम्पन्न

काठमाडौं, (नेस)

मानव अधिकार तथा शान्ति समाजद्वारा प्रत्येक महिनाको अन्तिम बिहीबार आयोजना गरिने मासिक शान्ति काव्य प्रवाहको ६७औं शृंखला सम्पन्न भएको छ। बिहीबार सम्पन्न शान्ति काव्य प्रवाहको सभापतित्व समाजका सभापति डा. गंगाधर अधिकारीले गर्नुभएको थियो। काव्य प्रवाहमा कविहरूले जीवन, प्रकृति, मानवीय संवेदनालगायत समसामयिक विषयमा केन्द्रित रही कविता, मुक्तक, गीत र गजलहरू वाचन गरेका थिए।

३५ जना कविहरूको प्रस्तुति रहेको शान्ति काव्य प्रवाहमा कविहरू ज्ञानुवाकर पौडेल, रामबहादुर पहाडी, कृष्ण कँडेल, डा. जीवन अधिकारी, रत्ननिधि रेग्मी, मेनका पोखरेल आचार्य, जसध्वज गुरुङ, बाबुराम लामिछाने, विजयध्वज थापा, रुद्र अधिकारी, भाग्यशाली अधिकारी, भुवन शिवाकोटी, मञ्जुश्री प्रधान, प्रीति कौर, जनार्दन अधिकारी, मुकुन्द पौडेलले आ-आफ्नो रचना वाचन गर्नुभएको थियो।

त्यसै गरी ओमप्रसाद कोइराला, मुकुन्द न्यौपाने, दुर्गा तिवारी, उर्मिला पन्त पाण्डे, कुसुम शर्मा, कल्पना काफ्ले, गंगा कर्माचार्य पौडेल, पुण्य गौतम विश्वास, पुष्पा धमला, त्रिपुरा पौडेल, विमला दाहाल, ब्रह्मप्रिय प्रेम स्वरूप, निर्मल पराजुली, गगनदीप सर्व, राजेन्द्रप्रसाद ढुंगाना, वन्दना राई, सुशील आचार्य र कृष्ण पहाडीले आफ्नो रचना प्रस्तुत गर्नुभएको थियो।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Division Office Kavre

INVITATION FOR BIDS

Date of publication: 11th May 2018 (Baishak 28, 2075)

Department of Urban Development and Building Construction, Division office Kavre, Nepal Invites only Electronic Bids From Eligible and Qualified Bidders For The Construction of Main Urban Road,Sewerage line and Treatment Plant in Dhulikhel, Kavre District Head quarter, Under National Competitive Bidding, Single Stage Two Envelope Bidding Procedures. A Complete Set of Bidding Documents Can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.

Division Chief

सिनेमा कर्नर

अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड़भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
वृष : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
मिथुन : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता।
कर्कट : राज्य सञ्चालकबाट भय, इज्जत-प्रतिष्ठामा धक्का।
सिंह : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
कन्या : धन आर्जन, अधुरा कार्य पूरा, सम्मान, समस्या समाधान।
तुला : द्रव्य लाभ, शत्रु विजय, गौरव, सुख-सन्तोष।
वृश्चिक : वायुजन्य रोगको भय, कार्य अधुरो, शोक-सन्ताप।
धनु : पेट गडबड, दौडधुप, परिवारमा विवाद, अस्तव्यस्त।
मकर : द्रव्यलाभ, सम्मान, जागिर-व्यापारमा सफलता।
कुम्भ : धननाश, मानसिक चञ्चलता, खर्च, आँखामा समस्या।
मीन : खाद्यान्न, उपहारादि वस्तु प्राप्ति, भाग्योदय, कार्य सफल।

प्रदेश-३

'पूर्णरुपमा अंग्रेजी माध्यम भएको भए सायद विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्ने थियो। तर, कुनै वर्ष अंग्रेजी त कुनै वर्ष नेपाली भएका कारण विद्यार्थी झन् अन्योलमा छन्।'

वनभित्रै फर्निचर सञ्चालन

मोतीराम तिमल्सिना, काभ्रे

सामुदायिक वन कब्जा गरी फर्निचर राखेको, वनभित्रै मकैलगायतका अन्न बालीहरू लगाउने क्रम चलिरहँदा पनि सामुदायिक वन उपभोक्ता समूहले अतिक्रमण हटाउन सकेको छैन। अतिक्रमण वन हटाउने भन्दै एनजीओले गरेको सहमति जबर्जस्ती भएकाले कार्यान्वयन नभएको उपभोक्ताहरूले बताएका छन्।

नमोबुद्ध नगरपालिका-२ ठकुरी गाउँमा दीपकज्यू ठकुरीले केही वर्षदेखि फर्निचर सञ्चालन गर्दै आएका छन्। सामुदायिक वनभित्रै सञ्चालन गरिएको उक्त फर्निचर पटक-पटक बन्दका लागि अनुरोध गरिए पनि सञ्चालन भइरहेको छ। 'मैले सामुदायिक वनको कार्ययोजना निर्माण गर्न २० हजार सहयोग गरेको छु, स्थानीयलाई आवश्यक परेको बेला फर्निचर उपलब्ध गराएको छु', ठकुरीले भने- 'सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षको सहमतिमा फर्निचर राखेको हुँ।' काठको काम गर्दा प्रहरीले १ ट्रक काठ समात्दा १५ लाखभन्दा धेरै खर्च भएको ठकुरीले बताए।

अतिक्रमण रोक्न एनजीओ र उपभोक्ताले भने पनि सम्भव नभएको उनले स्वीकारे। प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालले माकुरा समूहका नाममा समूह गठन गरेर जबर्जस्ती सहमति गराएको उपभोक्ताले बताएका छन्। साविक पाँचखाल नगरपालिका-१० र १२ मा रहेको उक्त बेलाखोले पाखा सामुदायिक वन नमोबुद्ध नगरपालिका र पाँचखाल नगरपालिकाको सीमानामा अवस्थित छ। वनभित्रै फर्निचर, मकैलगायतका अन्नबाली लगाउन थालिएको छ। जिल्ला वन कार्यालयले वनभित्र भएको फर्निचरको अनुसन्धान गर्ने जानकारी दिएको छ। ठकुरीले जनतालाई सेवा दिएकाले उक्त फर्निचरबाट कसैलाई असर नपुग्ने बताए।

सामुदायिक वन अतिक्रमण हटाउने नाममा प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालले उपभोक्ताबीच झन् द्वन्द्व बढाएको स्थानीयले आरोप लगाएका छन्। दीपकज्यू ठकुरीलगायतले वनमै फर्निचर राखिरहेका छन् भने अन्य समुदायका शक्तिशाली उपभोक्ताले मकै छरिसकेका छन्। हरियो मकैको गेडासमेत देख्न नपाउने दलितवर्गका समुदायलाई जबर्जस्ती वनको ऐन र कानुन देखाएर अतिक्रमण नगर्ने कागजमा सही गराइएको छ।

बेलाखोले सामुदायिक वनभित्र १३ घर-परिवारले अतिक्रमण गरेको ठाउँमा जुरेली थुम्का कबुलियती वन समूह र ८ परिवारले अतिक्रमण गरेको ठाउँमा सालथुम्की कबुलियती वन समूहमा आयआर्जन गरी जीविकोपार्जन गर्दै आएका थिए। वनभित्रको १० हेक्टर जमिन अतिक्रमण गरेर मकै, गहुँ, आलुलगायतका अन्नबाली लगाइएको छ। १ सय २३ हेक्टर वन पहिलेकै अवस्थामा पुऱ्याउन उपभोक्ता समितिले पहल गरे पनि सम्भव भएको छैन। २०७२ सालमा प्रकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्रले विवाद मिलाउने भन्दै माकुरा समूहमार्फत काम शुरु गरेको थियो। जबर्जस्ती उपभोक्ताको सहमतिविपरीत १७ बुँदे सहमति गरेर ठूलालाई चैन र सानालाई ऐन लागू गरी एनजीओले आफ्नो स्वार्थ पूरा गरेको उपभोक्ता रामकुमार कटुवालले बताए।

> सामुदायिक वन अतिक्रमण हटाउने नाममा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालले उपभोक्ताबीच झन् द्वन्द्व बढाएको स्थानीयले आरोप लगाएका छन् ।

अंग्रेजी भाषामा पठनपाठन कतै आकर्षण, कतै अन्योल

रोशन पराजुली, हेटौंडा

मकवानपुरका सामुदायिक विद्यालयमा अंग्रेजी भाषामा पठनपाठन शुरु भएसँगै कतै विद्यार्थी र अभिभावकको आकर्षण बढ्न थालेको छ भने कतै अन्योलता देखिएको छ।

जिल्लाका ११ वटा स्थानीय तहमा रहेका सामुदायिक विद्यालयले विद्यार्थी आकर्षणका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले अंग्रेजी भाषामा पठनपाठन शुरु गरेको ७ वर्ष बितेको छ। पहिलेको तुलनामा हाल विद्यार्थी भर्नाको चाप बढ्न थालेको सामुदायिक विद्यालयका शिक्षकको भनाइ छ।

विद्यार्थी संख्या न्यून हुन थालेपछि जिल्लाका सामुदायिक विद्यालयले अंग्रेजी भाषामा पठनपाठन शुरु गरेका हुन्। नगर र गाउँका प्रायः सबै सामुदायिक विद्यालयले नर्सरीदेखि कक्षा-३ सम्म यस शैक्षिक सत्रदेखि निजी विद्यालयले पढाउने अंग्रेजी भाषाका पाठ्यपुस्तक पठनपाठन थालेका छन्।

विद्यालयमा अंग्रेजी माध्यम शुरु भएसँगै संस्थागत विद्यालयका विद्यार्थी सामुदायिक विद्यालयतर्फ आकर्षित हुन थालेको भीमफेदी गाउँपालिकामा रहेको लेकाली बसीफाँट माध्यमिक विद्यालयका प्रधानाध्यापक एलएल मण्डलले बताए। बालविकास एवं शिशुकक्षा सञ्चालन भएका त्यस क्षेत्रका विद्यालयमा नर्सरी, एलकेजी र यूकेजी नामाकरण गरी अंग्रेजी माध्यममा पढाइ थालिएको मण्डलले बताए।

हेटौंडा-२ मा रहेको सिद्धार्थ माविका प्रअ मोहनप्रसाद शर्मा भन्छन्- 'विद्यार्थी अभावमा समायोजन हुन लागेका विद्यालयसमेत अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भएपछि विद्यार्थी पहिलेको तुलनामा चाप बढेको छ।' सस्तो र घरपायक गुणस्तरीय अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भएसँगै अभिभावको सक्रियता र बालबालिकाको आकर्षण बढेको शर्माको भनाइ छ।

तर, हेटौंडा-१८ हर्नामाडीमा रहेको ज्योति मावि व्यवस्थापन समिति अध्यक्ष हर्क रम्तेलका अनुसार ७ वर्षदेखि शुरु गरिएको अंग्रेजी माध्यमको पठनपाठनले खासै परिवर्तन गर्न सकेको छैन। 'पूर्णरूपमा अंग्रेजी माध्यम भएको भए सायद विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्ने थियो। तर, कुनै वर्ष अंग्रेजी त कुनै वर्ष नेपाली भएका कारण विद्यार्थी झन् अन्योलमा छन्।' -अध्यक्ष रम्तेलले भने।

गाउँपालिकाका हरेक सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइने भीमफेदी गाउँपालिका उपप्रमुख पार्वती रानाले बताइन्। विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय र अभिभावकले नर्सरीदेखि ४ कक्षासम्मका विद्यार्थीलाई विशेष ध्यान दिएको रानाले बताइन्। एकैचोटी अंग्रेजी माध्यममा लैजान नसकिने भएकाले यसलाई वर्षैपिच्छे थप्दै लैजाने योजना रहेको जानकारी उनले दिइन्।

शिक्षा नियमावलीमा पहाडी क्षेत्रमा ४० विद्यार्थी बराबर १ शिक्षक तोकिए पनि शिक्षक दरबन्दी नभएका कारण नियमावली कार्यान्वयन हुन नसकेको इन्द्रसरोवर गाउँपालिकाको वत्सलादेवी माविका प्रधानाध्यापक जयप्रकाश महतले बताए। शिक्षक अभावले एउटै कक्षामा ९० जना विद्यार्थी राखेर पढाउनुपर्ने बाध्यता रहेको महतले गुनासो गरे।

थप ३ ऐन प्रमाणीकरणपछि ५ कानुन तयार

हेटौंडा, (नेस)

३ नम्बर प्रदेशमा ३ वटा विधेयक कानुनका रूपमा तयार भएको छ। सोमबार प्रदेश प्रमुखको कार्यालयबाट प्रदेशसभाले पास गरेका ३ वटा विधेयकलाई कानुनका रूपमा प्रमाणीकरण गरिएको पत्र मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय हेटौंडामा आएको हो। हालसम्म ३ नम्बर प्रदेशको ५ वटा कानुन तयार भएको छ।

प्रदेश प्रमुख अनुराधा कोइरालाले संविधानबमोजिम ३ वटा ऐन प्रमाणीकरण गर्नुभएको हो। कोइरालाले वैशाख १६ गते प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणित गर्नुभएको थियो।

वैशाख २० गते स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र वैशाख २० गते नै गाउँ, नगर तथा जिल्लासभा सञ्चालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भने मंगलबार मात्र प्रमाणीकरण पत्र प्रदेश प्रमुखको कार्यालयबाट आएको हो। प्रमाणित भएको कानुनबारे अब बस्ने प्रदेशसभा बैठकमा सभामुखले पत्र वाचन गरेर उक्त कानुनबारे प्रदेशसभा सदस्यहरूलाई जानकारी गराउनुहुनेछ।

यसअघि प्रदेशसभा १८औं बैठकमा ३ नम्बर प्रदेशसभाका २ वटा कानुन तयार भएको घोषणा गरिएको थियो। प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक प्रदेश प्रमुख कोइरालाबाट प्रमाणीकरण भएको पत्र सभामुखले प्रदेशसभामा वाचन गरेर सुनाउनुभएको थियो। प्रदेशसभा बैठकबाट पास भएका विधेयक कानुनका रूपमा प्रदेश प्रमुखले प्रमाणीकरण गरेपश्चात् लागू हुने व्यवस्था छ।

डिभिजन कार्यालय मन्त्रालय मातहत ल्याउन पत्राचार

नेपाल समाचारपत्र

हेटौंडा,

३ नम्बर प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयले ७ दर्जन बढी कार्यालय आफ्नो मातहात आउनुपर्ने बताएको छ। प्रदेशका विभिन्न डिभिजन कार्यालय भौतिक मन्त्रालयको मातहतमा ल्याउन संघीय सरकारलाई २ पटक पत्राचार गरिसकिएको हो।

भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार प्रदेशका १३ वटै जिल्लामा रहेका सम्बन्धित कार्यालय आफ्नो मातहातमा ल्याउन संघीय सरकारसँग आग्रह गरिएको छ।

शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत प्रदेशका मकवानपुर, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, सिन्धुली र चितवनमा रहेका कार्यालय प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत आउनुपर्ने जानकारी गराइएको छ।

सिँचाइ विभागअन्तर्गत १३ वटै जिल्लामा रहेका डिभिजन कार्यालय, विद्युत् विकास विभागले ३ नम्बर प्रदेशअन्तर्गत अनुमतिपत्र प्रदान गरेका सय मेगावाट क्षमतासम्मका जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन र विभागबाट अध्ययन भइरहेका जलविद्युत् आयोजना भौतिक पूर्वाधार विकास मन्त्रालयको मातहत आउनुपर्ने दाबी मन्त्रालयको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन विभागअन्तर्गत मकवानपुर, नुवाकोट, दोलखा र भक्तपुरका ४ वटा कार्यालय, खानेपानी विभागका १३ वटा जिल्लाका कार्यालय, सडक विभागअन्तर्गत काठमाडौंका २ वटा, मकवानपुर, नुवाकोट, दोलखा, सिन्धुली, ललितपुर र भक्तपुर जिल्लास्थित कार्यालय पनि आफ्नो मातहातमा ल्याउन संघीय सरकारमा पत्राचार गरिएको छ।

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागअन्तर्गत १३ वटा जिल्लाका प्राविधिक कार्यालय, यातायात व्यवस्था विभागअन्तर्गत यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र वागमती, काठमाडौं, ठूलोभन्याङ, चावहिल, जगाती, एकान्तकुना, यातायात व्यवस्था कार्यालय, मोटरसाइकल वागमती यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र, नारायणीअन्तर्गत हेटौंडा र चितवन कार्यालय मन्त्रालय मातहातमा ल्याउन माग गरिएको छ। संविधानमा व्यवस्था भएअनुसार ती कार्यालय मन्त्रालय मातहत आइसक्नुपर्ने मन्त्रालयको दाबी छ।

तत्कालका लागि कार्यालय व्यवस्थापनभन्दा बाहेक अरू कुनै काम हुन सकेको छैन। अहिले नाम मात्रको मन्त्रालय छ। सरकारले खटाएका कर्मचारी आए पनि दरबन्दीअनुसार कर्मचारी छैनन्। २३ जनाको दरबन्दीमा हाल १७ जना कर्मचारी मात्र सरकारले मन्त्रालयमा खटाएको छ।

भौतिक पूर्वाधारमन्त्री केशव स्थापितले मन्त्रालयमा काम नभएको बताउँदै तत्कालको अवस्थामा कर्मचारीको काम नै नभएको औंल्याउनुभयो। उहाँले अहिले मन्त्रीको त काम छैन, कर्मचारीको के काम हुन्छ भनी प्रश्न गर्नुभयो।

वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३४२, ९८५१०३१०३८

VACANCY
Manager - 1
Marketing - 5
Supervisor - 2
Accountant - 1
Cashier - 2
Receptionist - 1
Monastery Group of Companies
Phone No : 01-4219064
: 01-4264715

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
बुअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

मर्मत
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९९ ● डी.के. बुक, भोटाहिटी २५२३२२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेनसरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, वैशाख
शुक्रबार
२८

तत्कालीन राजा वीरेन्द्र शाहको ठाडो आदेशमा जिल्लाको गीताचौर-रावतकोट सिँचाइ आयोजाना निर्माणको काम शुरु भएको ३१ वर्षसम्म पनि निर्माण सपन्न हुन सकेको छैन।

नेपाल

सिँचाइ आयोजना अलपत्र

२ वर्षमा सकिने काम ३१ वर्षसम्म पनि पूरा भएन

हिक्मत नेपाली, दैलेख

तत्कालीन राजा वीरेन्द्र शाहको ठाडो आदेशमा जिल्लाको गीताचौर-रावतकोट सिँचाइ आयोजाना निर्माणको काम शुरू भयो। विसं २०२२ सालबाट शुरू गरी १८ वर्ष लामो विस्तृत सर्वेक्षणपश्चात् आयोजनाको निर्माण कार्य विसं २०४३ सालबाट शुरू गरिएको थियो। उक्त सिँचाइ आयोजना शुरू भएको ३१ वर्षसम्म पनि निर्माण सपन्न हुन सकेको छैन। अहिलेसम्म उक्त आयोजनामा ४ करोड ८ लाख रकम खर्च भइसकेको सिँचाइ डिभिजन कार्यालय दैलेखले जनाएको छ। बर्सेनि बजेट खन्याइए पनि आयोजना सम्पन्न हुन सकेको छैन।

सिँचाइ डिभिजन कार्यालयले प्रत्येक वर्ष उक्त आयोजनाका लागि टेन्डर खोल्ने गर्दछ। ३१ वर्षअघिदेखि निर्माण शुरू गरिएको आयोजना क्षेत्रफलको हिसाबले पश्चिमी पहाडी भेकके ठूलो हो। आयोजनाको मुहानमा बनाइएको नहर अहिले जीर्ण अवस्थामा पुगेको छ। विगतमै उपभोक्ता समिति र ठेकेदारकै लापरबाहीका कारण सिँचाइ आयोजना सम्पन्न हुन नसकेको डिभिजन कार्यालयका प्रमुख तारा वाग्लेले बताए। सिँचाइ डिभिजनको कार्यालय नखोलिएको बेला यहाँ काम गर्ने कामदारले ज्याला पाउन सकेका छैनन्। तर, डिभिजन कार्यालय

दैलेखमा आएसँगै काम भइरहेको प्रमुख वाग्ले बताउँछन्। प्रमुख वाग्लेका अनुसार सरकारले सिँचाइ डिभिजन कार्यालयमार्फत कम बजेट पठाउने, उपभोक्ता समितिले श्रमदान नगर्ने र ठेकेदारले काम नसक्ने कारणले यो योजना लथालिङ्ग अवस्थामा पुगेको हो।

निर्माण कम्पनी स्वच्छन्द/प्रदीप जेभी सुर्खेतले काम गर्दागर्दै भागेपछि दैलेखको महत्त्वाकांक्षी सिँचाइ योजना अलपत्र परेको हो। १४ किलोमिटर लम्बाइ रहेको उक्त आयोजना ६ करोड ३० लाख लागतमा निर्माण गर्न लागेको प्रमुख वाग्लेले बताए। 'सबैको सहयोग र बजेट भए किसानको सपना पूरा हुन्छ', उनले भने- 'साइफनको निर्माण समितिमार्फत ४० लाख रुपियाँ लागतमा सम्पन्न गरिएका छ।' तर, उपभोक्ता समितिका अध्यक्ष तिलकप्रसाद रिजाल भने ४० लाखमा ८ लाख रुपियाँमात्र पाएको बताउँछन्। जिल्लाको साविकका गाउँविकास समिति रावतकोट, वडलम्जी, भैरी कालिकाथुम, बाँसी र रानीवन गाविसका कृषकका ४ सय ३६ हेक्टर खेतीयोग्य जमिनलाई सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले २०४३ सालदेखि यसको निर्माण थालिएको हो।

निर्माणसम्बद्ध पक्षले सिँचाइका लागि पर्याप्त पानी नभएको, उपभोक्ताको असहयोग, माओवादी द्वन्द्वका कारण जनाउँदै बीचमा आयोजनाको निर्माण कार्य रोकेको थियो। शुरूमा पानीको स्रोत नपुग्ने भन्दै सिँचाइ कार्यालयले सवा २ करोडको यो परियोजना बीचैमा रद्ध गरेको थियो। कामै सम्पन्न नगरी बजेट सिध्याउनलाई उपभोक्ता समिति र ठेकेदारहरूले स्थानीयले सहयोग नगरेको कारण देखाउँदै करिब ६ वर्षसम्म काम रोकेको स्थानीय सूर्यबहादुर थापाले बताए। तत्कालीन सिँचाइ कार्यालयले २०४७ सालमा पुनः टेन्डर आह्वान गरी काम सुचारु गर्न निर्माण पक्षलाई जिम्मा दिएको थियो।

यस अवधिमा कार्यालयका प्राविधिक र निर्माणकर्ताबीचको मिलेमतोमा आधा काम सम्पन्न गरी आयोजना सम्पन्न गरेको फरक-फरक प्रतिवेदन बुझाएको स्थानीय थापा बताउँछन्। आयोजनाको प्रारम्भिक चरणका काम सम्पन्न नगरी २०४९ देखि २०५६ सालसम्म २ करोड ९७ लाख रुपियाँ खर्च भइसकेको जनाइएको छ। आयोजनाप्रति समुदायको अपनत्व बढाउने नीतिअनुसार स्थानीयले शेयर लगानी गर्नुपर्ने कार्यालयले प्रस्ताव गरेपछि २०५५ सालमा रावतकोटका बासिन्दाले १ लाख धरौटी राखेका थिए। त्यसपछि पनि सिँचाइ आयोजना अगाडि बढ्न सकेन।

'खेतमा अब सिँचाइ सुविधा होला भनेर घरका गरगहना, पशुचौपाया बेचेर शेयर लगानी गऱ्यौं', उपभोक्ता समितिका अध्यक्ष तिलकप्रसाद रिजालले भने- '२ वर्षमा सक्नुपर्ने योजना ३१ वर्ष बितिसक्यो अझै पूरा भएको छैन।' उपभोक्ताको दबाबपछि फेरि डिभिजन कार्यालयले सिँचाइ योजना निर्माणका लागि टेन्डर आह्वान गरेको छ। योजना सम्पन्न हुनुपर्ने उपभोक्ताको चर्को आवाज उठेपछि २०५६ सालमा तत्कालीन जिविस बोर्डले १५ दिनसम्म श्रम शिविर चलाएको थियो।

वर्षायाम शुरू नहुँदै स्थानीय बाढी-पहिरोको प्रभावमा

राम धामी, डडेल्धुरा

पछिल्लो १ सातादेखि दिनहुँ अविरलरूपमा हावाहुरीसँगै असिना र पानी पर्न थालेपछि स्थानीयको जीवनस्तर कष्टकर बन्न थालेको छ। डडेल्धुरालगायत प्रदेश नं. ७ का पहाडी जिल्लामा वर्षायाम शुरू नहुँदै बाढी र पहिरोको विपद्बाट स्थानीय प्रभावित भएका छन्।

असिनाका कारण बालीनाली नष्ट भएपछि भोकमरीको सन्त्रासमा रहेका स्थानीय बाढी-पहिरोका कारण प्रभावित बन्न थालेका छन् भने हावाहुरीको प्रकोपले समेत ठूलो क्षति पुगाएको छ। प्रदेश-७ का उच्च हिमाली क्षेत्रमा हिमपातको प्रकोप देखिएको छ। हावाहुरीका कारण डडेल्धुराको गन्यापधुरा गाउँपालिकामा व्यापक क्षति भएको छ। गाउँपालिकाको केन्द्र बडालस्थित प्रहरी चौकी, बडालबजारमा रहेका केही पसलका साथै गाउँपालिकाका विभिन्न स्थानमा रहेका विद्यालयका छाना हावाहुरीले उडाएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गन्यापधुरा गाउँपालिकाद्वारा निर्माणाधीन आवास भवनका साथै स्थानीय केही पसल, विद्युत्का पोल र ट्रान्समिटरमा हावाहुरीले क्षति पुऱ्याएपछि गन्यापधुरामा विद्युत् सेवा अवरुद्ध भएको छ। स्थानीय गणेश मावि बडाल र सिमेश्वर प्रावि कुजाकोट विद्यालयको छाना हावाले उडाएको स्थानीयले जानकारी दिए। साँफे-मार्तडी राजमार्गअन्तर्गत पर्ने बूढीगंगा नगरपालिका-१ अम्कोटको द्वारीमा मंगलबार राति आएको पहिरोले सडक बन्द भएको छ। सडकको माथिपट्टिबाट ठूलो ढुंगा आएर बीच सडकमा अड्किएपछि राजमार्गमा सवारी आवागमन बन्द भएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायव उपरीक्षक हरिबहादुर वलीले बताए।

बुधबार दिनभर राजमार्ग सुचारु गर्न स्थानीय प्रशासनले प्रयत्न गरेको छ। डोजरबाट राजमार्ग सफा गर्न नसकिएपछि स्काइभेटर मगाएर काम थालिएको स्थानीय प्रशासनले जनाएको छ। प्रदेश-७ का पहाडी जिल्लामा वर्षात्का कारण बाढी र पहिरोले राजमार्गमा अवरुद्ध हुने समस्या बढ्दै गएको स्थानीयले बताएका छन्। दार्चुलाको अपिहिमाल गाउँपालिकाको लोलुमा हिमपातका कारण भेडाबाखा मरेका छन्। मंगलबार राति परेको हिमपातका कारण बाखापालक कृषकका ५० बढी भेडाबाखा मरेका हुन्। अपिहिमाल फेदमा रहेको गोइथली घरमा रहेका स्थानीयका भेडाबाखा हिमपातले च्यापिएर मरेको भेडापालक कृषक जयभानसिंह धामीले बताए। एउटै समूहमा राखिएका भेडाबाखा मरेपछि बाखापालक कृषकका ५ लाख बढी रुपियाँ क्षति भएको छ।

वर्षात् शुरू नहुँदै स्थानीयले बाढी र पहिरोको विपद्को सामना गरिराख्नुपरेको छ। विपद् न्यूनीकरणका क्षेत्रमा सरकारी र गैरसरकारी क्षेत्रबाट बर्सेनि व्यापक बजेट खर्च हुने गरे पनि विपद् पूर्वतयारीमा सजगता अपनाउन नसकिएकाले वर्षायाममा झनै संकट थपिने आशंकाले स्थानीय सन्त्रस्त छन्। जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी करुणाकर अवस्थी विपद् पूर्वतयारीका लागि जनचेतनामूलक गतिविधि विभिन्न गैरसरकारी संस्थाबाट भइरहेको बताउँछन्।

नेताले नै बेचिदिए सार्वजनिक जग्गा

विराटनगर, (नेस)

सुनसरीको दुहबी नगरपालिकामा एक कांग्रेस नेताले सार्वजनिक जग्गा बिक्री गरिदिएका छन्। दुहबी-८ स्थित सोनापुर बजारमा रहेको ३ धुर (ऐलानी) जग्गा तत्कालीन कांग्रेस सोनापुर गाविसका पूर्वसभापति अशोक केसी (खड्कबहादुर कट्टेल) ले १५ लाखमा बिक्री गरेका हुन्। राजमार्गको पूर्वअरिहन्त जुटमिल नजिक रहेको ३ धुर जग्गा स्थानीय श्रवण साहलाई बिक्री गरिदिएका हुन्। साहले पसल सञ्चालन गर्नका लागि घरसहितको जमिन केसीमार्फत १५ लाखमा खरिद गर्ने कागजी सहमति गरेका थिए।

जसमा बैनास्वरुप केसीले साहसँग ५ लाख नगद लिइसकेका छन्। ५ लाख लिएर पनि उक्त घरमा व्यवसाय सञ्चालन गर्न रोकेपछि केसीसँग साहले आफ्नो पैसा फिर्ता मागेका थिए। साहले आफ्नो रकम फिर्ता गरिदिन केसीविरुद्ध दुहबी नगरपालिकामा रहेको न्यायिक समितिमा निवेदनसमेत दिएका छन्। साहले दुवै पक्षबीच भएको कागजसहित समितिमा १ हप्ताअघि निवेदन दिएका हुन्। पैसा माग गर्दा केसीले १ महिनादेखि झुलाएको र धम्की दिने गरेको साहको भनाइ छ।

केसीले पैसा फिर्ता दिन नसक्ने र सोही घर र जमिन लिनलाई थप १० लाख बुझाउन आफूलाई भनेको साहले बताएका छन्। सार्वजनिक जग्गा बिक्री गरेको विषयमा कांग्रेस नेता केसीले बैना लिएको रकम १ महिनाभित्र फिर्ता गर्ने बताएका छन्। उक्त जमिन आमाले पहिलेदेखि भोगचलन गर्दै आइरहेको उनको दाबी छ। दुवै पक्षबीच २०७४ फागुन २२ गते मितिको लिखितम् कागज गरिएको छ।

प्राथमिक स्वास्थ्य केन्द्रको अत्यावश्यकबाहेक सबै सेवा बन्द

दयाराम पण्डित, बाजुरा

बाजुराको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीले बुधबारदेखि अत्यावश्यकबाहेक अन्य सबै सेवा बन्द गरेका छन्। बूढीनन्दा नगरपालिकाका स्वास्थ्य संयोजक जसी विकले स्वास्थ्यकर्मीमाथि अपशब्द बोली हातपात गर्न खोजेको र स्वास्थ्य संयोजकले नै उच्छृङ्खल व्यवहार देखाएको भन्दै स्वास्थ्यकर्मीले अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरेको विज्ञप्तिमार्फत जानकारी दिनुभएको हो।

महिला स्वास्थ्य स्वयंसेविकासहित कर्मचारीको बैठक बसिरहेका बेला प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख डा. विजयकुमार शाहसँग झगडा गरी विभिन्न किसिमका अपशब्द बोलेर धम्की दिएकाले सुरक्षाको वातावरण नभएको बताइएको छ। विगत १० महिनादेखि अतिरिक्त समय काम गरेको रकमसमेत नपाएको भन्दै स्वास्थ्यकर्मीले स्वास्थ्य केन्द्रबाट प्रवाह हुने सबै सेवा बन्द गरेका हुन्। स्वाथ्यकर्मीले सुरक्षाको जिम्मेवारी नभएको भन्दै सुरक्षाको व्यवस्था नहुँदासम्म स्वास्थ्य केन्द्रबाट सेवाप्रवाह हुन नसक्ने बताएका छन्।

स्वास्थ्य संयोजक विकले डाक्टरले बिदा स्वीकृत नगरी बिदामा बसेको र कार्यालयमा लापरबाही गरेको भन्दै घरमा बसेर हाजिर किन लगाएको भन्दा सामान्य विवाद भएको बताउनुभयो। उहाँले प्राथमिक स्वास्थ्य केन्द्रका डा. विजय शाहले समयमा रिपोर्ट नपठाउने र फर्जी बिल भरपाइको प्रयोग गर्ने गरेकाले त्यसो किन गरेको भन्दा डाक्टर आक्रोशमा आएको आरोप लगाउनुभयो। स्वास्थ्य व्यवस्थापन समितिका संयोजक एवं वडा नं १ का अध्यक्ष नृप खत्रीले शुक्रबार बिहान ८ बजे सबै पक्षलाई बोलाएर छलफल गरिने जानकारी दिनुभएको छ। स्वास्थ्यकर्मीले सेवाप्रवाह बन्द गरेपछि बाजुरा, मुगु र हुम्लाका बिरामी उपचार पाउनबाट वञ्चित भएका छन्।

भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
२००५/१२/०५
स्वर्गारोहण
२०७५/०१/१६

(स्व. नानु देवी कोइराला)

यस संस्थाका संचालक कोषाध्यक्ष आदरणिय श्री नरहरि कोइराला ज्यूकी पुजनीय माता साथै यस संस्थाकी श्रद्धेय सदस्य नानु देवी कोइरालाको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

शिवदीप लोहनी
(कार्यकारी अध्यक्ष)
सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.
Supreme Saving and Credit Co-Operative Ltd.
Kumaripati-19, Lalitpur, Nepal, Tel: 55 29 221
तथा परिवार

सप्तरी जिल्ला अदालत बाट जारी भएको जिल्ला सप्तरी साविक हनुमाननगर वाडा नं. ४ हाल हनुमाननगर कंकालिनी नगरपालिका बडा नं. ७ बस्ने हंसराज नहटाको श्रीमती अंदाजी बर्ष६० की सरिता नहटा नाउँको इतलायनामा/समाव्हान.....

उप्रन्त वादी जि. सप्तरी साविक १ नं. जोगिनिया वडा नं. १ हाल हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ५ बस्ने शम्भु मुखियाको पत्नी फुलो देवी मलाह समेतले तपाई उपर मिती २०७२/०६/२१ मा यस अदालतमा ०७२-cp-१५९७ को दोहोरो लिखत नामसारी निर्णय बदर दर्ताबदर दर्ताकायम मुद्दाको फिरादपत्र दिएको हुनाले सो फिरादपत्रको नक्कल समेत यसैसाथ राखी तपाईको घर ठेगानामा म्याद जारी भएकोमा उक्त ठेगानामा म्याद तामेल हुन नसकेको हुँदा यस अदालतको मिति २०७५/०१/०९ गतेको आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२ (२) क नं. बमोजिम तपाईकानाउँमा यो समाव्हान म्याद प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र प्रतिउत्तरपत्र र कानून बमोजिम आफ्नो लिखतको प्रमाण समेत लिईदिनको १०:०० बजे यस अदालतमा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम बारेस वा कानुन व्यवसायी पठाउनु भएमा ऐन बमोजिम मुद्दा पुर्पक्ष हुनेछ। आफ्नो लिखतको सक्कलनक्कल प्रतिउत्तरपत्रका साथ दाखिला गर्ननसके ऐन बमोजिम हुनेछ। म्याद भित्र प्रतिउत्तरपत्र लिईआउनु भएन, बारेस वा कानुन व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ।

सम्वत्२०७५ साल बैशाख २३ गते रोज १ शुभम्.....।

विगो नं. २९७

मोरङ जिल्ला अदालतबाट जारी भएको पदमवहादुर खड्काको छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं ११ महेन्द्रचौक बस्ने वर्ष ६२ को गोपालवहादुर खड्काका नामको ३५ दिने म्याद।

उप्रान्त वादी श्यामकुमार कार्की र प्रतिवादी तपाई समेत भएको लेनदेनको विगो मुद्दामा यस अदालतबाट राष्ट्रिय स्तरको पत्रिकाबाट जारी गर्नु भन्ने आदेशानुसार तपाईको नामको म्याद सूचना यस राष्ट्रिय स्तरको दैनिक पत्रिकाबाट जारी गरिएको छ। सूचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र फैसला बमोजिम सावाँ रु ५,६७,०००(पाँच लाख सड्सात्ठी हजार) सो को व्याज तथा कोर्ट फि समेतको रकम अदालत खुलेको समयमा यस अदालतमा दाखिला गर्न ल्याउनु होला, नल्याए तपसिलमा उल्लेखित जग्गा लिलाम गरी वादीको विगो असुल उपर गरीने छ। पछि तपाईको उजुर लाग्ने छैन।

तपसिल

जग्गा धनि	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
गोपाल बहादुर खड्का	मोरङ	कन्चनवारी	१	३१४३	०-०-८-२
ऐ	ऐ	ऐ	१	३१६७	०-०-५-२

ईति सम्वत् २०७४ साल चैत्र ३० गते रोज ६ शुभम्।

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालयको

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०१/२८)

यस कीर्तिपुर नगरपालिका अन्तर्गत तपसिलको योजना ठेक्काद्वारा गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी, रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र की.न.पा. कार्यालयमा कार्यालय समय भित्र खरीद गरी १६ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु १६ औं दिन, दिनको ५:०० बजे कीर्तिपुर नगरपालिका कार्यालय निजको वारेसको उपस्थितिमा नगर पालिका कार्यालयमा खोलिनेछ। निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपपत्र खोल्न कुनै बाधा पर्नेछैन
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) सिलबन्दी दरभाउपपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने धरौटी रकम यस नगर पालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ।
६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।
७) दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ।
८) दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरकार्यपालिका कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	लागत अनुमान (मु.अ.क. बाहेक)	दरभाउपत्र खरीद मूल्य
१.	KRM 15	कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित ईन्द्रायणी खेल मैदानमा ट्रस निर्माण	१७,६९,०००/-	१०००/-

Notice for Invitation for Bids

Government of Nepal (GoN)
Ministry of Irrigation
Department of Irrigation
Western Irrigation Regional Directorate

Irrigation Development Division, Taulihawa, Kapilvastu

Date of publication: 2075/1/28 (2018/05/11)

1. ***Goverenment of Nepal, Ministry of Irrigation, Department of Irrigation, Kapilvastu, Taulihawa invites electronic bids for the contract of Rajkulo ISP, Shivraj municipality, Kapilvastu from all eligible Bidders.***

S/N	*Contract No.*	*Description of Works*	Minimum Average Annual Construction Turnover required (best of 3 years within the last 10 years)	Financial Resources Required	Minimum Work experience of similar size and nature: at least one (1) Project of Value	*Bid Security Amount*	Bid Price, NRs	*Bid Validity Period*
	IDD/STMSBK-MIP/NCB-Rajkulo-02/074-075	Construction of Intake, Canal and canal structures.	**Nrs. 15 millions (Without VAT)**	**Nrs. 3.5 millions**	**Nrs. 16 millions (Without VAT)**	**Nrs. 5,00,000**	**Nrs. 5,000.00**	**90 days**

2. ***Details of Bids:-***

Last Date of Bid Submission	*Date and time of Bid Opening*	*Pre Bid Meeting*	*Bank*	*Rastriya Banijya Bank, Taulihawa*		
Date:- 2075/02/28 (2018/06/11) Time:- 12:00	*Date:- 2075/02/28 (2018/06/11) Time:- 13:00*	*Date:- 2075/2/18 (2018/06/1) Time:- 13:00*	*Name of Office*	*District Treasury Controller Office (Ko. Le. Ni. Ka.)*	*Irrigation Development Division Taulihawa, Kapilvastu*	
			Revenue A/C no:-	'Ka' 1-1-001	*Dharauti A/C no:-*	Kha3 Dharauti 3110203000000
			Office code No:-	38-357-01	Revenue Title Number:	14227

3. ***For Further Detail Bidders are requested to visit the PPMO website www.bolpatra.gov.np/egp. or Irrigation Development Division, Kapilvastu.***

विश्व

आलोचना

महिला अभियन्ताहरूले केही राजनीतिक दलले आगामी चुनावका लागि स्यानिटरी प्याडलाई एजेन्डा बनाएकामा आलोचना गरेका छन्।

इच्छा मृत्यु

चर्चित वैज्ञानिक डा. डेविड गुडविलले १ सय ४ वर्षको उमेरमा एउटा स्विस क्लिनिमा इच्छा मृत्युवरण गरेका छन्।

2018, MAY Friday 11

विश्व २ मिनेट

दक्षिण कोरिया

विदेशमन्त्रीस्तरीय वार्ता

सोल, (एजेन्सी)

दक्षिण कोरियाकी विदेशमन्त्री कांग क्युंग वाले आफ्ना अमेरिकी समकक्षी मन्त्री माइक पोम्पियोसँग भेट्वार्ता गर्ने बताइएको छ। दुई देशका शीर्ष नेताबीच हुन लागेको सम्मेलनको तयारीलाई लिएर उनीहरूबीच वासिङ्टनमा भेटवार्ता गर्नेछ। दक्षिण कोरियाको समाचार एजेन्सी योन्हापले कांगको यो अमेरिकी विदेशमन्त्री पोम्पियोसँग पहिलो आधिकारिक बैठक हो। दक्षिण कोरियाका राष्ट्रपति मुन जे इन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच मे २२ मा भेटवार्ता हुने कार्यक्रम रहेको छ। उनीहरूको यो बैठक ट्रम्पको उत्तर कोरियाली नेता किम जोङ उनसँग हुने प्रस्तावित ऐतिहासिक भेटवार्ताभन्दा अगाडि हुन लागेको हो।

भारत

लालुलाई पेरोल

राँची, (एजेन्सी)

चारा घोटाला मामिलामा जेल सजाय काटिरहेका आरजेडीका राष्ट्रिय अध्यक्ष लालुप्रसाद यादवलाई आफ्ना छोरा तेजप्रताप यादवको विवाहमा सहभागी हुन तीन दिनका लागि मुक्ति दिइएको छ। जेलका महानिरीक्षक हर्ष मंगलाले यसको पुष्टि गर्दै लालुलाई तीन दिनको पेरोल दिएको छ। लालुलाई कहिले छोड्ने भन्ने विषय अधिकारीहरूमा निर्भर हुने उनले बताए। लालुप्रसादले जेलका प्रहरी महानिरीक्षकसमक्ष १० मे देखि १४ मेसम्म पेरोलका लागि आवेदन दिएको आरजेडीका महासचिव भोला यादवले जानकारी दिए। लालुका छोरा तेजप्रताप यादवको विवाह विहारका पूर्वमन्त्री चन्द्रिका रायकी छोरी ऐश्वर्यासँग मे १२ मा हुँदै छ।

अमेरिका

ट्रम्पको स्वागत

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाले हिरासतमुक्त गरेपछि स्वदेश फर्केका ३ अमेरिकीलाई स्वागत गरेका छन्। वासिङ्टननजिकको एन्ड्रुज वायु सैनिक अखडामा एउटा विशेष विमानबाट आइपुगेका तिनीहरूलाई स्वागत गर्ने क्रममा ट्रम्पले 'यी वास्तविक महान् मानिसहरूका लागि विशेष रात' भनी प्रतिक्रिया व्यक्त गरेका थिए। अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले ट्रम्प र उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनबीच निकट भविष्यमा हुन गइरहेको ऐतिहासिक भेटवार्तालाई लक्षित गरी सदाशयता व्यक्त गर्न उत्तरले यो कदम चालेको जनाएको छ।

केन्या

बाँध भत्किएको

नैरोबी, (एजेन्सी)

भीषण वर्षाका कारण केन्या एउटा बाँध भत्किँदा कम्तीमा ३२ जनाको ज्यान जानुका साथै थुप्रै घर र खेत बगाएको बिहीबार प्रहरीले जनाएको छ। अघिल्लो दिन राजधानी नैरोबीदेखि १ सय १० किमि उत्तर-पश्चिममा पर्ने सोलाइ शहरनजिक यो दुर्घटना भएको हो। मर्नेमध्ये अधिकांश बालबालिका तथा महिला रहेको र तिनीहरू हिलोमा फसेको सञ्चार माध्यमले जनाएको छ। केन्यन रेडक्रसले अहिलेसम्म करिब ४० जनालाई उद्धार गरिएको बताएको छ। यस घटनाको कारण २ हजार व्यक्ति घरबारविहीन भएका छन्।

महाथिर विश्वकै सबैभन्दा वृद्ध निर्वाचित नेता

क्वालालम्पुर, (एजेन्सी)

मलेसियाको अत्यन्तै प्रतिस्पर्धापूर्ण चुनाव जितेका ९२ वर्षीय महाथिर मोहमद विश्वकै सबैभन्दा बढी पाको उमेरका निर्वाचित नेता बन्न सफल भएका छन्। सरकारी समाचार निकाय बर्नामाका अनुसार उनले स्थानीय समयअनुसार बिहीबार बेलुका साढे ९ बजे शपथ ग्रहण गर्ने कार्यक्रम रहेको थियो।

राजनीतिबाट अवकाश लिइसकेका पूर्वप्रधानमन्त्री महाथिर कुनै समय आफ्नै नजिकका सहयोगी नाजिव रजाककैविरुद्ध चुनाव लड्न राजनीतिमा फर्केका हुन्। उनको यस ऐतिहासिक चुनावी सफलतासँगै सन् १९५७ मा मलेसियाले स्वाधीनता हासिल गरेयता सत्तामा रहँदै आएका बारिसान नासिओनल (बीएन) गठबन्धन बाहिरिएको छ।

महाथिरले चुनाव जितेको पुष्टि हुनासाथ उनका समर्थकहरूले राजधानी क्वालालम्पुरका सडकमा निस्केर खुसीयाली मनाएका छन्। नाजिवले आफूलाई जनताको निर्णय स्वीकार्य भएको बताएका छन्। गठबन्धनका कुनै पनि राजनीतिक पार्टीले स्पष्ट बहुमत ल्याउन नसकेकाले मलेसियाका सुल्तानले नै प्राविधिकरूपमा नयाँ सरकार निर्माणका लागि निर्णय गर्नुपर्ने स्थिति आएको छ।

बिहीबार बिहान सबेरै आयोजित पत्रकार सम्मेलनमा महाथिरले भनेका छन्- 'हो, हो, म अझै जीवित छु। मेरो गठबन्धनले कुनै प्रतिशोध लिने छैन बरु कानुनी राज्यको स्थापना गर्नेछ। खुसीयाली मनाउनका लागि दुई दिने सार्वजनिक बिदा दिने घोषणा गर्दछु।'

तर विजेताहरुलाई भने बिदा हुने छैन। चुनावको औपचारिक परिणामअनुसार विपक्षी पाकातान हारापानले प्रतिस्पर्धा गरेका २ सय २२ सिटमध्ये १ सय १३ र बीएनले ७९ वटा सिट जितेका छन्। नाजिवविरुद्ध थुप्रै भ्रष्टाचारको आरोप लागेको थियो। बीएन गठबन्धनको अध्यक्षको हैसियतले सन् १९८१ देखि लगातार २२ वर्षसम्म प्रधानमन्त्री बनेका महाथिरले सन् २००३ मा पदबाट राजीनामा दिएका थिए।

सन् २००८ मा प्रधानमन्त्री बनेका नाजिवका उनी मार्गदर्शक पनि मानिन्छन्। महाथिरकै नेतृत्वमा मलेसियाले नब्बेको दशकमा द्रुतगतिले आर्थिक उन्नति गरी एसियाको स्थापित नमुना राष्ट्र बन्न पुगेको थिए।

तर तानाशाही स्वभावका उनलाई विवादास्पद सुरक्षा कानुन प्रयोग गरी आफ्ना विपक्षी राजनेताहरू थुन्ने गरेको आरोप लाग्ने गरेको थियो। उनले आफ्ना उपप्रधानमन्त्री अनवर इब्राहिमलाई भ्रष्टाचार र समलिंगी गतिविधिमा संलग्न रहेको आरोपमा बर्खास्त गरेका थिए।

राजनीतिक र आर्थिक सुधारका लागि आवाज उठाएकाले इब्राहिमलाई सो कारबाही गरिएको थियो। नाजिवविरुद्ध उनले आफैले खडा गरेको राष्ट्रिय लगानी कोष १ मलेसियन डेभलपमेन्ट बर्हाडको करिब ७० करोड अमेरिकी डलर भ्रष्टाचार गरेको अभियोग लगाइएको थियो। तर उनले सो आरोप अस्वीकार गर्दै आएका थिए।

सिरियामा इरानी सैन्यस्थलमाथि इजरायली हवाई कारबाही

गोलान हाइटमा इरानद्वारा क्षेप्यास्त्र प्रहार

तेल अभिव, (एजेन्सी)

इजरायली सेनाले सिरियास्थित इराकाका प्रायः सबै सैन्य अड्डामा रातभरि हवाई आक्रमण गरेको छ। इजरायली रक्षामन्त्री एविग्डोर लिबरम्यानले बिहीबार यसको जानकारी दिएको हो। यसअघि इजरालले आफ्ना सैन्य ठेगानामा रकेट तथा क्षेप्यास्त्र प्रहारका लागि इरानलाई जिम्मेवार ठहऱ्याएको थियो।

लिबरम्यानले एक सुरक्षा सम्मेलनमा भने- 'हामीले सिरयामा इरानका करिब सबै स्थानमा हमला गरेका छौं।'

यसैबीच इजरायली सेनाले पनि आक्रमणको जानकारी दिँदै भनेको छ- 'हामीमाथि वर्षा हुन्छ भने उसमाथि आँधी आउँछ भन्ने उसले बुझ्नुपर्नेछ। हामीले यो प्रकरण अन्त्य गरेका छौं भन्ने मैले अपेक्षा गरेको छु र जसले पनि यसलाई बुझ्नेको छ।'

हालैका वर्षमा इरानका ठेगानाविरुद्ध यो इजरायली सेनाको सबैभन्दा ठूलो अभियान भएको सेनाले बताए। यसअघि बुधबार राति गोलान हाइट्समा आफ्नो सेनामाथि सिरियातर्फबाट करिब २० रकेट प्रहार गरिएको इजरायलले जनाएको थियो।

उक्त हमलामा कोही पनि इजरायली नागरिक घाइते नभएको र त्यसपछि आफूले हमला गरेको इजरायलले बताए। लिबरम्यानले भने- 'हामी तनाब बढाउन चाहँदैनौं तर हामीमाथि हमला गर्ने वा भविष्यमा हामीमाथि हमलाको ढाँचा तयार गर्नेलाई हामी छाड्दैनौं।'

इरानी रिभोलुसनरी गार्डसले गोलान

हाइट्सस्थित इजरायली सैनिक अड्डामा रकेट प्रहार गरेको इजराली सेनाले बताएका थिए। इजराली सेनाले त्यसको जवाफमा आफूले सिरियामा इरानका हतियार भण्डारण, क्षेप्यास्त्र प्रक्षेपण केन्द्र तथा अन्य सैन्य ठेगानमा बमबारी गरेको बताए।

सिरियाको हवाई प्रतिरक्षा प्रणालीलाई पनि निसाना बनाइएको इजरायलले जनाएको छ। सिरियाली सञ्चार एजेन्सी सानाले इजरायलका केही क्षेप्यास्त्र इन्टरसेप्ट गरिएको जनाएको छ।

सानाका अनुसार दमास्कसको किस्वाह इलाकामा दुई क्षेप्यास्त्र खसालिएको र विस्फोटमा दुई नागरिकको मृत्यु भएको छ। तर बेलायतस्थित सिरियाली मानवअधिकार संस्थाले क्षेप्यास्त्र हतियार भण्डारण क्षेत्रमा खसेको र १५ सरकार समर्थित लडाकू मारिएको बताएको छ।

मारिनेमा इरानको शक्तिशाली रिभोलुसनरी गार्ड्सका ८ सदस्य र अन्य कयौं गैरसरकारी सिरियाली नागरिक परेको संस्थाले जनाएको छ। इजरायलले सञ्चार माध्यमको दाबीमाथि कुनै टिप्पणी गरेको छैन र उसले सिरियामा इरानलाई पकड जमाउन नदिने दोहोऱ्याएको छ।

नेतान्याहु-पुटिन भेट

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बुधबार मस्कोमा विजय दिवस परेडका क्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गरेको केही घण्टा नबित्दै इजरायली सेनाले सिरियास्थित दर्जनौं इरानी ठेगानामा भीषण हवाई युद्ध छेडेको थियो।

उक्त आक्रमण हुनुअगाडि नेतान्याहुले विज्ञप्तिमा राष्ट्रपति पुटिनले त्यसका लागि ग्रिन लाइट दिएको संकेत दिएका थिए। रुस छोड्ने क्रममा नेतान्याहुले भनेका थिए- 'रुसी सेना र इजरायल प्रतिरक्षा बलबीच सैन्य समन्वय निरन्तरताको सुनिश्चिता आवश्यक रहेको छ।

सोही राति इजरायलको प्रतिरक्षा बलले रुसको मित्र सिरियामा रहेका प्रायः सबै इरानी सैन्य इलाकामा समन्वयात्मक भीषण आक्रमण गरेको थियो। इजरालयले सन् २०१२ पछि सिरियामा १ सय पटकभन्दा धेरै निसाना साधिसकेको स्विकारेको छ। आफ्नो सुरक्षालाई खतरा देखिएका कुनै पनि स्थानमा रहेका इरानी बल र सम्पत्तिमाथि आक्रमण जारी राख्ने इरानले जनाएको छ।

आईडीएफले सन् १९७३ को अरब-इजरायल युद्ध अन्त्य गर्ने सहमतिमा दुई देशले हस्ताक्षर गरेपछि सिरियाभित्र इजरायलले गरेको अहिलेसम्मकै सबैभन्दा ठूलो आक्रमण गरेको र यसमा ५० भन्दा धेरै इलाकालाई निसाना बनाइएको जानकारी दिए।

बसरिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भवानीपुर, सर्लाही

प्रदेश नं. २, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७५।०१।२८

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०७४।१२।१९ गतेको कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्विकृतिको लागि छनौट भएको हुँदा सा.ख.ऐ. २०६३ (First Amendment 2073) को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयपत्रको सूचना जारी गरिएको व्यहोरा प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	विवरण	छनौट भएको बोलपत्रदाताको विवरण	स्वीकृत रकम (मूल्य अभिवृद्धि कर बाहेक)
१	Construction of P.C.C. road Ward 01, Manpur Bazaar ko paschim Ram Sagarko Ghar Samma	श्री रुपाली कन्सट्रक्सन, मानपुर, सर्लाही	१५,७२,८४६।०० (पन्ध्र लाख बहत्तर हजार आठ सय छयालिस रुपैयाँ मात्र)
२	Construction of P.C.C. road ward-1, Rambabu ko ghar-Dinkar Ray Ghar hudai Nagendra Paswan ko ghar samma	श्री जय माँ दुर्गा निर्माण सेवा, हर्दिया ५, रौतहट	१५,६७,९५७।१३ (पन्ध्र लाख सत्सट्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ तेह्र पैसा मात्र)
३	Construction of P.C.C. road ward-2, Main road dekhi uttar tarfa jane bato	श्री जय माँ दुर्गा निर्माण सेवा, हर्दिया ५, रौतहट	२८,८५,०६१।२१ (अट्ठाइस लाख पचासी हजार एकसट्ठी रुपैया एक्काइस पैसा मात्र)
४	Construction of P.C.C. road ward 3, Ga.Pa.Ko office dekhi Mukhiya ko Ghar samma	श्री नन्दु कमलेश जेभी मलंगवा, सर्लाही	३८,२०,१४३।८० (अठ्तीस लाख बीस हजार एक सय त्रिचालीस रुपैँया असी पैसा मात्र)
५	Construction of P.C.C. road ward 4, Ward office dekhi Bom Nahar Pool Samma	श्री बिहारी बाबा कन्स्ट्रक्स, गर्डाहिया, सर्लाही	४४,८६,४४२।६४ (चौवालीस लाख छयासी हजार चार सय बयालिस रुपैया चौंसट्ठी पैसा मात्र)
६	Construction of P.C.C. road ward-5, Ward office dekhi Jhaj Pool samma	श्री बिहारी बाबा कन्स्ट्रक्सन, गर्डाहिया, सर्लाही	४२,०२,५३२।७७ (बयालिस लाख दुई हजार पाँच सय बत्तीस रुपैयाँ सतहत्तर पैसा मात्र ।

प्रमुख प्रशासकीय अधिकृत

अनौठो ठगीमा बाबुछोरा पक्राउ

नयाँदिल्ली, (एजेन्सी)

भारतीय प्रहरीले एकजना व्यापारीलाई अमेरिकी अन्तरिक्ष निकाय नासामा काम गर्ने गरेको बताउँदै ठगी गर्न स्पेस सुट लगाएर परेड गर्ने एक जना र उनका छोरालाई गिरफ्तार गरेको छ। ती बाबुछोराले विशेष गुणहरुले परिपूर्ण भन्दै ती व्यापारीलाई २ लाख १३ हजार १ सय ५६ अमेरिकी डलरमा एउटा तामाको प्लेट बेच्न सफल भएको प्रहरीले जनाएको छ।

तिनीहरूले त्यति रकम लगानी गरिदिएको खण्डमा सो प्लेट आफूहरूले फाइदा आउने गरी नासामा बेचिदिने भनी विश्वस्त पारेका थिए। आफू ठगिएको महसुस गरी व्यापारीले प्रहरीमा उजुरी गरेपछि तिनीहरू पक्राउमा परेका हुन्।

तिनीहरुले आफूमाथि लागइएको अभियोग र सार्वजनिकरूपमा भएको बेइजतीप्रति कुनै पनि प्रतिक्रिया जनाएको छैन। यस काण्ड सामाजिक सञ्जालमा भाइरल भएको छ। चाँदीरङको स्पेस सुट लगाएका ती बाबुछोरालाई अधिकारीहरूले डोहोऱ्याउँदै गरेका भिडियो र तस्वीरहरू अहिले भाइरल भएरहेको छ।

क्राइम ब्रान्चले नयाँदिल्ली निवासी नाम नखुलाइएका व्यापारीलाई आफूहरूसँग नासाको फाइदाजनक परियोजना रहेको भन्दै १ करोड ४३ लाख भारु ठगेका हुन्। प्रहरीले पत्रकारहरूलाई तिनीहरुले चटयाङ परेको सो दुर्लभ तामाको प्लेटमा आफूतिर धान तान्न सक्ने अनुपम शक्ति रहेको कहानी पनि सुनाएको जानकारी दिएका छन्।

तिनीहरूले 'राइस पुलर' नाम दिइएको सो वस्तु नासालाई करिब ५ अर्ब ५० करोड अमेरिकी डलरमा बिक्री गर्न सकिने बताएका थिए। प्रहरीले भारतीय सञ्चार माध्यमलाई यस्तो राइस पुलर भन्ने वस्तु काल्पनिक रहेको र त्यसमा पीडितलाई झुकाउन तरल चुम्बक र तारहरु प्रयोग गरिएको बताइएको छ।

सबैलाई खुसी बनाएर काम गरौं भन्दा धेरैले नमान्ने, पेलेर जाऊँ भने एडीबी नमान्ने। यो स्थितिले सदरलाइन बिस्तारमा ढिलाइ गर्दै गयो। एडीबी र नगरपालिकाले एउटा टिम बनाएर अतिक्रमण हटाउन साथ दिनेहरुको हस्ताक्षर संकलन गऱ्यो।

नेपाल



रातो मत्स्येन्द्रनाथको रथ लगनखेलबाट तानेर जावलाखेल लगिँदै। वैशाख ३० गते आइतबार भोटो देखाइने भएको छ। इन्सेक्टमा ललितपुरकी जीवितदेवी कुमारी मत्स्येन्द्रनाथको जात्रामा सरिक हुँदै।

तस्वीर : उजोल डंगोल/काठमाडौं

विशेष स्वास्थ्य टोली

काठमाडौं, (नेस)

सरकारले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा आवश्यक पर्ने स्वास्थ्य सेवाका लागि छुट्टाछुट्टै टोली बनाएर परिचालन गरेको छ।

स्वास्थ्य मन्त्रालय चिकित्सा सेवा महाशाखाका प्रमुख डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा उक्त टोली गठन गरिएको छ। जनकपुर, मुक्तिनाथ तथा काठमाडौंका लागि तीनवटा टोली खटिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

जनकपुरका लागि स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक डा. तारानाथ पौडेल र मुक्तिनाथ क्षेत्रका लागि वीर अस्पतालका डा. रविराम श्रेष्ठको नेतृत्वमा टोली खटाइसकिएको प्रमुख डा. सिंहले जानकारी दिनुभयो।

काठमाडौंको टोलीमा डा. सिंहका साथ वीर अस्पतालका निर्देशक डा. भुपेन्द्र बस्नेत, डा. प्रदीप वैद्यसहित आवश्यक डाक्टर, नर्स, स्वास्थ्यकर्मी परिचालित भएका छन्। प्रमुख डा. सिंहले त्रिवि शिक्षण, मनमोहन कार्डियोथोरासिक, वीर र भैंसेपाटीको नेपाल मेडिसिटी अस्पताललाई मुख्य केन्द्रीय अस्पतालका रूपमा तोकी एम्बुलेन्सकोसमेत व्यवस्था गरिएको बताउनुभयो।

डा. तारानाथ पौडेलले जनकपुर अञ्चल र जानकी सिटी अस्पताललाई फोकल अस्पतालका रूपमा तोकिएको जानकारी दिनुभयो। साथै, पाँचवटा एम्बुलेन्सको व्यवस्था गरिएको र जनकपुरमा प्राथमिक स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम तय भएको मन्त्रालयले जनाएको छ।

बाक्लै ...

सामान्य अवस्थामा पनि शंकास्पद चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी, चेक जाँचसहित पैदलयात्रुमाथि पनि निगरानी बढाइएको प्रहरीले जनाएको छ।

'यही क्रममा केही शंकास्पद व्यक्ति पक्राउ परेका छन्, उनीहरूमाथि सार्वजनिक अपराधको मुद्दामा कार बाही अघि बढाइएको छ' -नेपाल प्रहरीका एक उच्च अधिकारीले भने। नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीसहित काठमाडौंमा ११ हजारको हाराहारीमा सुरक्षाकर्मी परिचालन भएको छ भने, जनकपुरमा ४ हजार र मुस्ताङमा २ हजार सुरक्षाकर्मी खटिएका छन्।

मोदी भ्रमण गतव्यमा केही दिन अघिदेखि नै भारतीय सुरक्षाकर्मी परिचालन हुँदै आएको थियो भने बुधबारदेखि सबै गन्तव्यमा बाक्लै संख्यामा भारतीय सुरक्षाकर्मी खटिएको छ।

डोजर चलेपछि तातिए

नेपाल समाचारपत्र

बाँके

नेपालगन्ज उपमहानगरपालिकाले वर्षौंदेखि सडक पेटी अतिक्रमण हटाउन पटक-पटक अनुरोध गरिरह्यो। बेवास्ता भयो। नेपालगन्ज उद्योग वाणिज्य संघले समेत साथ दिएपछि केही व्यापारीहरू सडक पेटी अतिक्रमण हटाउन राजीसम्म भए।

कुनै बेला अतिक्रमण हटाउने कुरा जोडले चल्यो। कैयौं पटकसम्म यो महिना, त्यो महिनाभित्र अतिक्रमण हटाउँछौं भनेर व्यापारीहरूले सम्झौता गरिरहे। त्यसपछि कहिले वर्खा, दशैं त कहिले छठको व्यापार भनियो। कर्मचारीको हालीमुहाली भएको बेलामा नेपालगन्ज आइपुगेका कार्यकारी अधिकृतहरूले कुरा गर्ने, निश्चित महिना या दिनको सम्झौता गर्ने क्रम चलिरह्यो। व्यापारीहरू भने एकजुट हुन थाले। उसले पहिला हटाओस् अनि मैले हटाउँछु भन्न थाले।

स्थानीय तहको निर्वाचन भयो। असार १४ गते निर्वाचित हुने बित्तिकै मेयर डा. धवल शमशेर राणाले एसएसपी महेशविक्रम शाहलाई (हालै बढुवा) साथमा लिएर तीन महिनाभित्र अतिक्रमण नहटाए आफैंले डोजर चलाउने चेतावनी दिए। मेयर राणालाई एउटा अवसर पनि आइलागेको थियो। एडीबीले सदरलाइन अर्थात नेपालगन्जको मुख्य बजार क्षेत्रको सडक निर्माण गर्ने सम्झौता गरेको थियो। एडीबीले विवादमा काम नगर्ने प्रष्ट थियो।

सबैलाई खुसी बनाएर काम गरौं भन्दा धेरैले नमान्ने, पेलेर जाऊँ भने एडीबी नमान्ने। यो स्थितिले सदरलाइन बिस्तारमा ढिलाइ गर्दै गयो। एडीबी र नगरपालिकाले एउटा टिम बनाएर अतिक्रमण हटाउन साथ दिनेहरूको हस्ताक्षर संकलन गऱ्यो। २ सय १९ घरमध्ये १ सय ६१ घरले सहमति पत्रमा हस्ताक्षर गरे। केही घरमा नभएको पाइयो। बहुमत पुगेपछि एडीबी अघि सऱ्यो। यही बीचमा 'केही ठूला मान्छे' अदालत पुगे। अदालतले पनि उनीहरूको पक्षमा आदेश दिएन।

वर्षा नजिकै जाँदा छिटो काम गर्नुपर्ने चाप बढिरहँदा शहरमा चिनिएका ठूला मान्छेले नै अवरोध सिर्जना गर्ने प्रयास गरेपछि काम रोकिने हो कि भन्ने चिन्ता उपमहानगरपालिकालगायत सबैमा देखियो। अदालतले बाटो खोलिदिएको भोलिपल्ट नै मेयर राणा डोजर लिएर सडकमा उत्रिए। मेयरकै उपस्थितिमा धमाधम अतिक्रमित घर, पर्खालमा डोजर चल्यो।

बजारमा डोजर हिँडेपछि अदालतको शरणमा पुगेकाहरू पनि तर्सिए। अब त कुनै उपाय पनि थिएन। त्यही ठूला मान्छेको हेरेर अटेर गरेकाहरू पनि तर्सिए। अहिले नेपालगन्जको मुटु त्रिभुवनचोक खण्डहरमा परिणत भएको छ।

पसलहरू बन्द छन्। यात्रीलाई समेत रोकेर धमाधम घर भत्काउने काम भइरहेको छ। घरमालिकहरू आफैं खटिएका छन्। अटेर गर्नेबित्तिकै नगरपालिकाले आफैंले डोजर चलाइदिने चेतावनी दिइएको छ।

के साँच्चै नेपालगन्जका मान्छे सहमतिमा आउने खालका छैनन् त ? यो घटनाले यो प्रश्न उब्जाएको छ। वर्षौंदेखि नगरपालिकाले थालेको प्रयासमा साथ नदिएका उनीहरू डोजर चल्न थाल्नेबित्तिकै आफैंले सुरक्षित तरिकाले घर भत्काउन तम्सिएका छन्।

नगरपालिकाले त्रिवेणीमोडदेखि त्रिभुवनचोक हुँदै नगर भवनसम्म पहिलो लटमा सडक बनाउदै छ। जंगबहादुर राणाले बसाएको यो पुरानो बजारमा सडक पेटी सबै अतिक्रमण भइसकेको छ। १४ मिटर सडक बनाउन यतिबेला सबै तातिएका छन्। सदरलाइन बिस्तार हुने बित्तिकै त्यही व्यापारीको व्यापार बढ्नेदेखि बजार क्षेत्र राम्रो देखिनेमा दुईमत छैन। त्यसका बाबजुद सकेसम्म अवरोध गर्ने काम भइरह्यो।

व्यापारीले अहिले गर्ने काम पहिले नै गरिदिएको भए सदरलाइनको मुहार पहिले नै फेरिने थियो। सहमति र मेलमिलापको नीतिमा आउन नचाहनेहरू मेयरले डोजर लिएर अगाडि बढेपछि आफैं घर भत्काउन कस्सिएका छन्।

पूर्वराजा...

लगत्तै माघ २२ गते भारतको उडिसा पुगी त्यहाँको गोवर्द्धनम् पुरी पिठका १ सय ४५औं जगद्गुरु शंकराचार्यको पट्टा भिषेक समारोहमा सहभागी हुनुभएको थियो।

यसैबीच पूर्वराजाको मध्य तराईलगायतका जिल्लाको भ्रमणका लागि करिब आधा दर्जन सवारी र आन्तरिक सुरक्षा टोली सिमरा खटाइँदै छ।

दुर्घटनामा २ को मृत्यु

बुटवल, (नेस)

भैरहवावाट बुटवल जाँदै गरेको ट्याँकरले बुटवलको राजमार्ग चौराहामा ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ।

बिहीबार साँझ ५ वजे लु १ ख ६३८४ नम्बरको ट्याकरले लु १३ प ९५४८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक पाल्पा जिल्ला झडेवाका मानबहादुर कार्कीको मृत्यु भएको प्रहरीले जनाएको छ। त्यसै गरी रूपन्देहीको गैढहवा गाउँपालिका स्थित वोर्डिङ स्कुलको बसले ठक्कर दिँदा एक स्कुले बालिकाको मृत्यु भएको छ।

ब्राईट दीक्षा बोर्डिङ स्कुलको लु १ ख ५१९९ नम्बरको बसले बिहीबार पेटीमा हिँडिरहेकी स्थानीय सिद्धार्थ एकेडेमीमा अध्ययनरत अन्दाजी ५ वर्षीया अन्जनी लोधलाई ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। बालिकाको मृत्युपछि आक्रोशित स्थानीयवासीले बसमा आगजनी गरेका छन्।

चर्चामा ...

सन् २०१४को मार्चमा म्यानमारमा भएको तेस्रो विमस्टेक शिखर सम्मेलनमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले लुम्बिनी, बोधिगया, कुशिनगर र चीनका समेत केही तीर्थस्थललाई समेटेर बुद्धिस्ट सरकिट बनाउने चर्चा गर्नुभएको थियो। त्यस्तै तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले लुम्बिनीलाई केन्द्रविन्दु बनाउँदै चीन र भारतका तीर्थस्थल समेटिने बुद्धिस्ट सर्किटले धार्मिक पर्यटनमा ठूलो फड्को मार्ने चर्चा गर्नुभएको थियो।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को अध्यक्षतामा 'ग्रेटर लुम्बिनी कमिटी' गठन भए पनि त्यसले परिणाम देखाउन सकेको छैन। यसपटक मोदी भ्रमण तालिका र गतव्यमा लुम्बिनी पर्न नसेकेकाले स्वभाविक रूपमा बुद्धिस्ट सर्किट ओझल परेको अनुभूति गर्न सकिने परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको बुझाइ छ।

तर रामायण सर्किट उद्घाटनका बेला यो प्रसङ दोहोरिन सक्ने बताउँदै उहाँले भन्नुभयो- 'हिन्दुत्वको नारालाई जोड दिने मोदीले जनकपुरलाई प्राथमिकतामा राख्नु स्वभाविक हो, लुम्बिनी उनको भ्रमण सूचीमा भएको भए पक्कै पनि यो विषयले ठूलै चर्चा बटुल्थ्यो।'

नेपालको कूटनीतिक कमजोरीका कारण यसपटक मोदीको लुम्बिनी यात्रा हुन नसकेको श्रेष्ठको ठहर छ। दक्षिण एसियाको आर्थिक विकास, पर्यटन उद्योगको प्रर्वद्धन, रोजगारको सम्भावनालाई मध्यनजर गरेर यो सर्किट चर्चा हुने गर्छ। यस धार्मिक मार्गबाट नेपाल र नेपालीले लाभ लिन सक्ने प्रशस्तै रहेको लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा. नरेशमान वज्राचार्यको बुझाइ छ।

लुम्बिनीको धार्मिक संरक्षण र पर्यटकीय विकासका लागि पूर्वाधार बनाउने जिम्मा पाएको लुम्बिनी विकास कोषको एक्लो पहलले मात्रै यो अवधारणाले मूर्त रूप लिन नसक्ने कोष पदाधिकारी बताउँछन्। बुद्धिस्ट सर्किट बारे सरकारले अग्रसरता देखाएको खण्डमा विस्तृत अझ विस्तृत अवधारणा र परिभाषाका साथ अघि बढ्न सकिने उनीहरूको बुझाई छ। भारतको उत्तर प्रदेश पर्यटन निगमले त्यहाँका बोधिगया, कुशिनगर श्रवास्ती, राजगृहलगायतका तीर्थस्थलमा पर्यटक घुमाउँदा लुम्बिनीलाई पनि 'धार्मिक रुट'मा राख्ने गरेका लुम्बिनी विकास कोषका पूर्व महासचिव अजितमान तामाडले जानकारी दिनुभयो।

'यो सकारात्मक कुरा हो, यस्तै किसिमले समग्र दक्षिण एसिया समिटने गरी बुद्धिस्ट सर्किट बनाउन सकिन्छ। तर यसबारे एक अर्को मुलुक वीच समन्वय र विस्तृत छलफलको आवश्यक रहन्छ' -उहाँले भन्नुभयो।

प्रचण्ड पहिलोपटक प्रधानमन्त्री हुँदा गठित बृहत्तर लुम्बिनी विकास समितिका कार्यकारी समेत रहनुभएका भिक्षु कौण्डन्यको अनुभवमा नेपालले ठोस पहल अघि बढाउन सकेको छैन।

बुद्धिस्ट सर्किटमा लुम्बिनीलाई मात्र नभई कपिलवस्तु, देवदेह, रामग्राम लगायतका गन्तव्यलाई पनि समेटिनुपर्ने आवाज विगतदेखिकै भएको उहाँले बताउनुभयो।

पशुपतिमा...

'उहाँले दर्शन गर्ने भएपछि विशेष पूजा-आजा नै हुन सक्छ, तर यसबारेमा अहिलेसम्म विस्तृत जानकारी आएको छैन' -बिहीबार साँझ उप्रेतीले नेपाल समाचारपत्रसँग भन्नुभयो। यसअघि सार्वजनिक भएको भ्रमण तालिकामा मोदीले पशुपति दर्शन गर्ने तालिका समेटिएको थिएन। ४ दिनअघि मात्रै कोषलाई यसबारेमा अवगत गराइएको हो।

४ वर्ष अघिको भ्रमणका क्रममा मोदीले पशुपतिनाथमा करिब एक घन्टा विशेष पुजा-आजा गर्नुभएको थियो। यसपटक उहाँ कति समय अवधिभर पशुपतिमा रहने भन्ने विस्तृत जानकारी नआएको उप्रेतीले बताउनुभयो।

सुनकाण्डका...

जिल्ला अदालतले पाँच दिन लगाएर गत मंगलबार मात्रै ३० अभियुक्तको बयान सकेको थियो। सुन तस्करी र शाक्य हत्याकाण्डमा बहस गर्न सरकारी वकिलको तर्फबाट २ सहन्यायाधिवक्ता २ उपन्यायाधिवक्ता, २ जिल्ला न्यायाधिवक्ता र २ जना सहायक जिल्ला न्यायाधिवक्ताको टिम बनेको सरकारी वकिल कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता पुण्यप्रसाद पाठकले जानकारी दिनुभयो।

बहसमा सहन्यायाधिवक्ता गोपाल रिजाल, चिरन्जीवी पराजुली, उपन्यायाधिवक्ता हिमालय त्रिताल, मनोज आचार्य, जिल्ला न्यायाधिवक्ता पुण्यप्रसाद सापकोटा, पुण्यप्रसाद पाठक, सहायक जिल्ला न्यायाधिवक्ता रोहित पोखरेल र पदम वस्तीले सरकारको तर्फबाट बहस गर्ने भएका छन्। अभियुक्त तुलाराम थारूका तर्फबाट बहस गर्न लागेका अधिवक्ता भरतबहादुर थापाका अनुसार अहिलेसम्म वकालतनामा गर्नेहरू ५ वरिष्ठ अधिवक्ता छन्।

वरिष्ठ अधिवक्ताहरू रमेश कोइराला, हिक्मत पौडेल, विपुलेन्द्र चक्रवर्ती, सुरेशलाल श्रेष्ठ, राजेन्द्र भट्टराईले अभियुक्तका पक्षबाट बहस गर्न वकालतनामा दर्ता गरेका छन्।

त्यस्तै अधिवक्ताहरू देवीबहादुर घिमिरे, हेमराज पन्त, विकास थापा, देवेन्द्र कोइराला, नारायण वस्ती, रामप्रसाद भण्डारी, शान्तिराम भण्डारी, रूपेश कोइराला, दीपक खतिवडा, यमबहादुर मगर, लक्ष्मण न्यौपाने, मधुसूधन चौधरी, भक्ति माझी, विश्वराम भट्टराई, रेखा थापा, कविता बस्नेत, पुष्करचन्द्र घिमिरे, खगेन्द्रबहादुर श्रेष्ठ, डिल्लीबहादुर कार्की, डिल्लीराम घिमिरे, अशोक पोखरेल, मोहन कोइराला, टंक उप्रेती, काठमाडौंबाट आएकी रमिता महर्जनलगायतले ३० जना अभियुक्तको तर्फबाट बहस गर्नेछन्।

गएको बिहीबारदेखि मोरङ जिल्ला अदालतको ६ नम्बर इजलासमा जिल्ला न्यायाधीश नारायणप्रसाद शर्माको रोहवरमा भएको बयान पाँच दिन लगाएर न्यायिक हिरासतमा रहेका ३० जना अभियुक्तको बयान सकिएको थियो। यसैबीच एक जना अभियुक्त भने अदालतमै उपस्थित भएका थिए। प्रहरी हवल्दार अमरबहादुर थापा राष्ट्रसंघीय शान्ति मिसनबाट फर्काइएपछि उनी मोरङ जिल्ला प्रहरी कार्यालयमा सम्पर्कमा पुगेका हुन्।

अभियुक्तको...

अदालतमा ८ प्रहरीसहित अधिकांश अभियुक्तले यसअघि छानबिन समितिलाई दिएको भन्दा फरक बयान दिएको सरकारी वकिलको कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता पुण्यप्रसाद पाठकले जानकारी दिनुभयो। १९ फागुनमा मृतक शाक्यको शवसहित पक्राउ परेका टेकराज मल्ल ठकुरीले समेत बयान फेरेका छन्।

प्रहरीसमक्ष उनले दिएको बयानको आधारमा थुप्रै प्रमाण र अन्य अभियुक्त पक्राउ पर्न सफल भए पनि उनले अदालतमा बयान फेरेका हुन्। उनले अदालत समक्ष दिएको बयानमा, 'यातना दिने क्रममा सनमको मृत्यु भएको हो। दुवइबाट पटक-पटक विमानस्थलहुँदै सुन आउने गरेको थियो तर सुन कसले काहाँ लान्थ्यो त्य मलाई थाहा छैन मल्लले बयान फेर्दै बताएका छन।

उनले अदालसमक्ष दिएको बयानमा एयरलाइन्सका कुनै कर्मचारी नचिनेको समेत बताएका छन्। प्रहरी जवान विष्णुबहादुर खड्काले समेत बयान फेरेका छन्। प्रहरी र अनुसन्धान गर्ने टिमलाई दिएको बयानमा खड्काले सुरक्षा अधिकृतले सुन चोरी पैठारीबाट लिएको आर्थिक रकमदेखि विमानस्थलबाट आएको सुन कहाँसम्म पुग्ने बारेमा बताएका थिए। तर, अदालतसमक्ष उनले दिएको बयानमा यसबारे आफूलाई कुनै जानकारी नपाएको र आफूले अफिसको ड्युटी मात्र पूरा गर्ने गरेको उल्लेख गरेका छन्।

उनले। आफूले कार्यालयको कर्मचारीका हैसियतमा पूरा गर्नुपर्ने जिम्मेवारी मात्र निर्वाह गरेको अदालसमक्ष बयानमा उल्लेख गरेका छन्। प्रहरीले अभियोगपत्रसाथ प्रस्तुत गरेको बयानलाई उनीहरूले अदालत समक्ष इन्कार गरेका छन्। जिल्ला सरकारी वकिल कार्यालय मोरडले सुन तस्करीमा संलग्न रहेको भन्दै नेपाल प्रहरीका ९ अधिकारी र तस्करी समूह गरी ६३ जनाविरुद्ध जिल्ला अदालत मोरङमा गत बुधबार मुद्दा दायर गरेको थियो। प्रहरीले ६३ जनाविरुद्ध आपराधिक समूह स्थापना सञ्चालन गरी सुन चोरी पैठारी, चोरी निकासीको अवैध कारोबार तथा अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यानमा गत बुधबार मुद्दा दर्ता गराएको थियो।

उक्त मुद्दामा प्रहरीले पूर्व डीआईजी गोविन्द निरौला, एसएसपी दिवेश लोहनी, एसपी विकासराज खनाल, डीएसपी प्रजित केसी, सञ्जय राउत, सई बालकृष्ण संजेल, प्रहरी जवान विष्णु खड्का, अमरबहादुर थापासहित ३० जनालाई पक्राउ गरी अदालतका न्यायाधीशको रोहबरमा बयान लिइएको थियो।

त्यस्तै राप्रपा नेता तथा व्यापारी भुजुङ गुरुङ, सुन व्यापारी महावीर गोल्यान, आरके ज्वेलर्सका सञ्चालक राजेन्द्रमान शाक्य, थाई एयरवेजका कर्मचारी लालबहादुर मगर, हेमन्त गौतम, वीरेन्द्रमान श्रेष्ठ, सम्बिर तोलाडे, बालकृण श्रेष्ठ, दोरम खत्री, कपिलराज पुरी, गोपाल श्रेष्ठ, पुण्य लामा, राजन थापा, राजु महर्जन, अमर डंगोल, तुलाराम थारु, सुन तस्करी गिरोहमा संलग्न मोहन काषले, टेकराज मल्ल ठकुरी, नरेन्द्र कार्की, लाक्ला शेर्पा, मोहन घिमिरे, राजन कुमारको पनि बयान सकिएको छ भने प्रहरीले तस्करीका मुख्य नाइके भनेका चूँडामणि उप्रेती 'गोरे', एसएसपी श्याम खत्री, रमेश उप्रेती, गोरेकी श्रीमती निरु खरेल, भाइ रमेश उप्रेतीसहित ३३ जनालाई फरार प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको थियो।

भारतीय प्राविधिकसहितको टोली मुस्ताङमा

दुर्गाप्रसाद शर्मा, पर्वत

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको पूर्वतयारीका लागि भारतीय प्राविधिक तथा व्यवस्थापनको टोली बिहीबार मुस्ताङ पुगेको छ। भारतीय वायुसेवामार्फत अति आवश्यक सामग्रीहरू तथा मेडिकल सामग्रीसहित भारतको उच्चस्तरीय टोली जोमसोम उत्रिएको हो। भारतीय प्रधानमन्त्री मोदीले शनिबार बिहान मुक्तिनाथ मन्दिरको दर्शन गर्ने कार्यक्रम रहेको छ।

जोमसोम उत्रिएको प्राविधिक तथा व्यवस्थापकको टोली बिहीबार नै मुक्तिनाथ क्षेत्र पुगेर मन्दिर परिसरको अवस्थाको बारेमा जानकारी लिएको छ। त्यस्तै, मोदी भ्रमणको व्यवस्थापनका लागि बिहीबार पनि भारतीय अधिकारीसहित मुस्ताङको जिल्ला सुरक्षा समितिको बैठक बसेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी शिशिर पौडेलले जानकारी दिए।

जिल्ला सुरक्षा समितिले मोदीको भरपर्दो सुरक्षाका लागि शुक्रबार अपरान्ह ४ बजेदेखि शनिबार मध्यान्ह १२ बजेसम्म मुक्तिनाथ क्षेत्रको ७ सय मिटरवरपरको क्षेत्र पुरै सिल गर्ने भएको छ। यसअघि शुक्रबार र शनिबार दुई दिन मन्दिर परिसर बन्द गर्ने निर्णयलाई परिमार्जन गरेको छ। प्रसिद्ध अन्नपूर्ण पदमार्गमा ३ दिन बन्द गर्ने निर्णय पनि फिर्ता गरिएको छ। अब पदमार्ग बन्द नहुने र थोरडलापासबाट पैदल यात्रामार्फत आउने पर्यटकहरूलाई कागबेनी जानका लागि झोङ हुँदै कागबेनी झर्ने बैकल्पिक रुटसमेत तयार पारिएको प्रजिअ पौडेलले बताए। 'भ्रमणका लागि सुरक्षादेखि सबै व्यवस्था मिलाएका छौं' उनले भने- 'सर्वसाधरण र दर्शनार्थीलाई अप्ठेरो नहोस् भनेर मन्दिर परिसर पनि जम्मा २० घण्टा मात्रै बन्द गर्ने निर्णय भएको हो।'

मुस्ताङको आकाश बिहीबार हेलिमय बनेको छ भने जिल्ला पूरै मोदीमय बनेको छ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको
अनलाईन बोलपत्र (इ टेण्डर) आव्हानको
सूचना ।

यस प्रतिष्ठानलाई आवश्यक खाद्य सामग्री तथा इन्टरनेशनल जर्नल बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७३।०७४ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई बोलपत्र मिति २०७५।०२।२७ गते (तदनुसार जुन १०, २०१८) दिउंसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । (नोटः- ईबोलपत्र प्रकाशित मिति २०७५।०१।२८, ईबोलपत्र खोल्ने मिति र समय २०७५।०२।२७ अपरान्ह २:०० बजे) ।

सि.नं.	बोलपत्रको विवरण	फारम दस्तुर	बिडबण्ड रकम
१	International Journal (IFB No. BPKIHS/074/075/028)	रू. ३०००।-	रू. ७०,०००।-
२	Food Stuff for Guest House IFB No. BPKIHS/074/075/022)	रू. ३०००।-	रू. १,८६,५००।-

अर्थ

2018, MAY Friday 11

विश्व बैंकका नेपाल निर्देशक फानले यो रकम प्रणाली सुदृढीकरणमा मात्र नभएर जनतामा प्रभावकारी सेवा प्रवाह गर्नको लागि उपयोग हुने विश्वास लिएको बताउँदै संविधानको कार्यान्वयनको क्रममा यो रकम वित्तीय संघीयता कार्यान्वयनमा पूर्णरूपमा उपयोग हुने आशा लिएको छ।

बजेटरी खर्चका लागि विश्व बैंकसँग ऋण

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल सरकारलाई वित्तीय विकास नीति सहायता गर्न विश्व बैंकले सहुलियत ऋण प्रदान गर्ने भएको छ। बिहीबार सो सम्बन्धी औपचारिक सहमति भएको छ। सम्झौतामा अर्थसचिव डा. राजन खनाल र विश्व बैंकका नेपाल निर्देशक किमिआओ फानले हस्ताक्षर गर्नु भएको छ।

विकास नीति सहायता लागि विश्व बैंकले नेपाललाई सहयोग गर्नको लागि उक्त ऋण गरेको हो। मन्त्रालयले सो रकमले बजेटरी खर्च गर्ने छ। विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्था (आईडीए)ले नेपाललाई सहायताको रूपमा २७ अर्ब ६५ करोड रुपियाँको ऋण उपलब्ध गराएको हो। आईडीएले उपलब्ध गराएको २० अर्ब ७९ करोड रुपियाँ (२०० मिलियन अमेरिकी डलर) बराबरको रकम बजेटरी सहायताको रूपमा र बाँकी ६ अर्ब ८६ करोड (६६ मिलियन अमेरिकी डलर) रानी जमरा कुलरीया सिंचाइ आयोजनाको दोस्रो चरणको लागि प्रयोग हुनेछ। सम्झौतामा हस्ताक्षर गर्दै विश्व बैंकका नेपाल निर्देशक फानले यो रकम प्रणाली सुदृढीकरणमा मात्र नभएर जनतामा प्रभावकारी सेवा प्रवाह गर्नको लागि उपयोग हुने विश्वास लिएको बताउँदै संविधानको कार्यान्वयनको क्रममा यो रकम वित्तीय संघीयता कार्यान्वयनमा पूर्णरूपमा उपयोग हुने आशा लिएको बताउनुभयो।'

विश्व बैंकले चालू आर्थिक वर्षमा कुल ७ मिलियन डलर सहयोग गरेको र यो इतिहासमै सबैभन्दा धेरै भएको पनि फानले बताउनुभयो। अर्थसचिव खनालले सरकारको नीतिगत अभ्यास र पूर्वाधार विकासमा सहयोग रकम प्रभावकारी हुने बताउनु भयो।

अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक समन्वय सहायता महाशाखाका प्रमुख केवलप्रसाद भण्डारीका अनुसार केही वर्षदेखि कानुन संशोधन गरेर अगाडि बढ्नको लागि विश्व बैंकले ऋण सहयोग गर्दै आएको बताउँदै यस वर्ष पनि सोही सहयोग प्राप्त भएको बताउनुभयो। मन्त्रालयका अनुसार आन्तरिक बजारबाट ऋण लिँदा ६ प्रतिशतभन्दा ब्याजदर बढी पर्ने भएपछि विश्व बैंकबाट सहयोग लिँदै आएको छ। सरकारले भने बैंकसँग १ प्रतिशतभन्दा कम ब्याजदरमा ऋण लिएको हो।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	९१।००	८८।००	९१।००	९१।००
सिमरा, बिरगंज, कलैया	८९।४०	८६।४०	८९।४०	८९।४०
मलंगवा, जनकपुर, नारायणघाट	९०।४०	८७।४०	९०।४०	९०।४०
लाहान, विराटनगर, धरान, इटहरी	९१।९५	८८।९५	९१।९५	९१।९५
वितमोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	९०।१०	८७।१०	९०।१०	९०।१०
पोखरा, स्याङ्जा	९०।६०	८७।६०	९०।६०	९०।६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशन २०७४ को इ.प्रा. निर्देशन नं. ४/०७४ को अनुसूची नं. ४(अ) (निर्देशन नं. ४ (१) को घ(१) सँग सम्बन्धित) र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची– १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

देव: विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था"

केन्द्रीय कार्यालय: १२५, वीणामार्ग, लालदरबार, काठमाडौं, नेपाल । पो.ब.नं.:२५०९२, फोन: ०१-४२५६७१७, फ्याक्स: ०१-४२५३४५९
E-mail: info@devabank.com.np | www.devabank.com.np

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण

१. **निकायको स्वरूप र प्रकृति:**
कम्पनी ऐन, २०७३ बमोजिम स्थापना भई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित विकास बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार:**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरण:**
२०७४ चैत्र मसान्त सम्ममा कार्यरत कर्मचारी संख्या ३४२ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम बैंकको वेबसाईट www.devabank.com.np मा हेर्न सकिन्छ।

४. **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट www.devabank.com.np अर्न्तगत Our Network खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाईट www.devabank.com.np अर्न्तगत Standard Tariff of Charges खण्डमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी:**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रकृया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा व्यवसाय विकास विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री नवीन मुनि बज्राचार्य
प्रमुख, व्यवसाय विकास विभाग
देव: विकास बैंक लिमिटेड, केन्द्रिय कार्यालय, वीणा मार्ग, लालदरबार, काठमाण्डौं ।
फोन नं. ४२४२२७२ ईमेल : nabinmb@devabank.com.np

९. **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पद:**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ ।
सूचना अधिकारी : श्री नवीन मुनि बज्राचार्य
प्रमुख, व्यवसाय विकास विभाग
देव: विकास बैंक लिमिटेड, केन्द्रिय कार्यालय, वीणा मार्ग, लालदरबार, काठमाण्डौं ।
फोन नं. ४२४२२७२ ईमेल : nabinmb@devabank.com.np
साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि:**
प्रचलित सम्पूर्ण नेपालको ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नँ पर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन)
३. बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०७३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (दोश्रो संशोधन,२०७०)
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशि विनिमय(नियमित गर्ने) ऐन, २०१९ आदि
१२. दामासाही ऐन, २०६३
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायहरुका सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाईट www.devabank.com.np मा समेत रहेको छ ।

१३. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
श्री विजय बहादुर श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत
देव: विकास बैंक लिमिटेड, केन्द्रिय कार्यालय, वीणा मार्ग, लालदरबार, काठमाण्डौं ।
साथै, सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

१ **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन् ।

२. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण:** www.devabank.com.np

३. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गरिदै आएको छ ।

४. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
बैंकले संचालन गरेको बैंकिङ्ग कार्यक्रम र सो को प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भन बैंकको वेबसाईट www.devabank.com.np मा समेत रहेको छ ।

५. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
हाललाई सूचना वर्गीकरण नगरिएको ।

६. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
हालसम्म निवेदन प्राप्त नभएको ।

७. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण:**
बैंकको वेबसाईट www.devabank.com.np मा प्रकाशित गरिएको ।

ज्योति

हिमाल स्टील आजको भाउ

	टोरस्टिल ८ मि.मि.	१०-२० मि.मि.	२५-३२ मि.मि.	टि. एम. टि. टेम्पकोर ८ मि.मि	१०-२० मि.मि.	२५-३२ मि.मि.	टोरकारी ४.७५-७ मि.मि.	एनिल्ड
काठमाडौं	९१.८५	९०.८५	९३.३५	९२.३५	८९.३५	९१.८५	९१.६५	१०१.२२
बीरगंज	८९.९५	८८.९५	९१.४४	९०.४५	८७.४५	८९.९४	८९.७५	९९.४२
विराटनगर	९०.४५	८९.४५	९१.९४	९०.९५	८७.९५	९०.४४	९०.२५	१००.०२

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

नारायणघाट शाखाको ३५ दिने सार्वजनिक सूचना

बाजेको नाम थाहा नभएको, जितमान कुमालको छोरी, काली बहादुर कुमालको पत्नी, ३ नं. प्रदेश, चितवन जिल्ला, भरतपूर महानगरपालिका वडा नं. ११ बस्ने बर्ष ५७ की श्रीमती सुरक्षा कुमालको नाममा यस बैंकको नारायणघाट शाखामा खाता नं. ०३५६००२२०१९५५२४ को बचत खाता रहेकोमा खातावाला श्रीमती सुरक्षा कुमालको मिति २०७४/१०/१२ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, भरतपूर महानगरपालिका वडा नं ११ को मिति २०७४/१०/२२ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. सुरक्षा कुमालको छोरा सुबिन कुमालले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भ्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको नारायणघाट शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको भ्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) अध्ययनका लागि क्षेत्र निर्धारण गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशन मिति : २०७४/०१/२८)

प्रस्तावको व्यहोरा: जुम्ला जिल्लाको चेरेचौर (चन्दननाथ नगरपालिका वडा नं. ३) क्षेत्रको करीव ६०२ रोपनी वा ३०६४९५ वर्गमीटर क्षेत्रफल भित्र करीव ३२३९१ वर्गमीटर भुई क्षेत्रफल भएको र गुठीचौर गाउँपालिका वडा नं. ५ धित्ताचौर क्षेत्रको करिब १०१ रोपनी ५,५१,५८७ वर्गमीटर) भीत्र करिव १४३३५ वर्गमीटर भुई क्षेत्रफल भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक र आवासीय भवनहरु (Complex) निर्माण तथा सञ्चालन गर्ने प्रस्ताव कार्यान्वयन गर्नु पुर्व वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) अध्ययनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले सो प्रस्ताव कार्यान्वयन गर्दा सो क्षेत्र वरिपरिको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा के कस्तो असर पर्ने हो सोको राय सुझाव लिखित रुपमा तलको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र उपलब्ध गराई दिनुहुन सम्वन्धित नगरपालिका, गाउँपालिका, अस्पताल, स्वास्थ्य चौकी, सरोकारवाला तथा स्थानीय जनसमुदायहरुलाई आग्रह गरिन्छ ।

यो सूचना वातावरण संरक्षण नियमावली २०५४ को नियम (४) को प्रयोजनको लागि प्रकाशित गरिएको छ ।

प्रस्तावक :
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला ।

राय सुझाव उपलब्ध गराउने ठेगाना :
रजिष्ट्रारको कार्यालय
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
फोन नं.: ०८७-५२०३५५
०१-५१७०६२२
Website: www.kahs.edu.np

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ बैशाख २८, मे १०, २०१८

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० को रू.	१६०।००	१६०।००
अमेरिकी डलर १ का रू.	१०७।४०	१०८।००
युरो १ को रू.	१२७।६४	१२८।३५
पाउन्ड स्टर्लिङ १ को रू.	१४५।१६	१४५।९७
स्विस फ्रन्क १ को रू.	१०७।१३	१०७।७३
अस्ट्रेलियन डलर १ को रू.	८०।४४	८०।८९
क्यानाडियन डलर १ को रू.	८४।०३	८४।५०
सिङ्गापुर डलर १ को रू.	८०।१५	८०।५९
जापानी यन १० को रू.	९।७९	९।८५
चिनियाँ युआन १ को रू.	९६।९१	१७।०१
साउदी अरब रियाल १ को रू.	२८।६४	२८।८०
कतारी रियाल १ को रू.	२९।५०	२९।६६
थाई भाट १ को रू.	३।३५	३।३७
सं. अरब इमिरट दिराम १ को रू.	२९।२४	२९।४०
मलसियन रिङ्गिट १ को रू.	२७।१९	२७।३४
दक्षिण कारियन वन १०० को रू.	१०।०४	१०।१०

खरिद दर

स्विडिस क्रोनर १ का रू.	१२।३७
डेनिस क्रानर १ का रू.	१७।१४
हङकङ डलर १ का रू.	१३।६८

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

PRESS RELEASE

देव: विकास बैंकको बुटवलमा नयाँ शाखा

काठमाडौं, (नेस)

देव: विकास बैंकको बुटवल उपमहानगरपालिकाको अमरपथमा शाखा शाखा खुलेको छ। बुटवल शाखा वुटवल उपमहानगरपालिकाका नगर प्रमुख शिवराज सुवेदी र बैंकका सञ्चालक समितिका अध्यक्ष प्राडा सुवर्णलाल बज्राचार्यले संयुक्त रूपमा उद्घाटन गर्नुभयो

बैंकले चैत मसान्तसम्म १३ दशमलव ९५ अर्ब निक्षेप संकलन र १२ दशमलव ६२ अर्ब रुपियाँ कर्जा प्रवाह गरी खुद नाफा २० दशमलव २४ करोड गरेको छ। बैंकले यसै आवमा वीरगन्ज, नेपालगन्ज र कोहलपुरमा थप शाखा सञ्चालनमा आउने जनाएको छ।

सनराइज क्यापिटलद्वारा सेवा शुरु

काठमाडौं, (नेस)

सनराइज बैंकको सहायक कम्पनी सनराइज क्यापिटलले सन्राइज लगानी व्यवस्थापन सेवा उपलब्ध गराउने भएको छ। नेपाल धितोपत्र बोर्डद्वारा आयोजित प्रथम पुँजी बजार प्रदर्शनीको अवसरमा सन्राइज बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा सनराइज क्यापिटलका सञ्चालकको उपस्थितिमा सेवा शुरू गरिएको थियो।

सनराइज क्यापिटलले लगानी व्यवस्था सेवाअन्तरर्गत डिस्क्रिस्नरी, नन् डिस्क्रिनरी र कस्टोडियल सेवा उपलब्ध गराउने भएको छ।

सनराइज क्यापिटलको लगानी व्यवस्थापनको व्यवसायमा, लामो समयदेखि अनुभव भएका दक्ष जनशक्तिको समूहले शेयर बजारको सुक्ष्म अध्ययन तथा विषयमा सूचीकृत कम्पनीको विष्लेशण गरी लगानीमार्फत् प्रतिफल दिने योजना कम्पनीको छ।

नबिल बैंकका चार शाखा थप

काठमाडौं, (नेस)

नबिल बैंकले लहान, बर्दिबास, हरिवन तथा टाँडीमा गरी चार वटा नयाँ शाखा स्थापना गरेको छ। शाखा उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष शम्भुप्रसाद पौड्यालले ग्राहक सुविधा उपलब्धताको लागि धेरै शाखा विस्तार गर्ने योजना अनुरूप नयाँ शाखा स्थापना गरिएको बताउनुभयो।

उक्त अवसरमा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले बैंकको सञ्जाल बढाउँदै लगिरहेको जानकारी दिनुभयो। नबिल बैंकले ६२ वटा शाखा, १११ वटा एटीएम र १५ सयभन्दा बढी नबिल रेमिट एजेन्टमार्फत् सेवा प्रदान गर्दै आएको बताउनुभयो।

मेगा बैंकको थप तीन शाखा

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले इलाम, सिरहा र बर्दियामा नयाँ शाखा विस्तार गरेको छ। बैंकले इलामको रोङ गाउँपालिका, सिरहाको विष्णुपुर गाउँपालिका र बर्दियाको गेरुवा गाउँपालिकामा नयाँ शाखा विस्तार गरेको हो।

नयाँ शाखासँगै मेगा बैंकको शाखा ५२ पुगेको छ। बैंकले वैशाख महिनाभित्र ११ वटा नयाा शाखा खोल्ने तयारी गरिरहेको छ। यसै साता मेगा बैंकले पाँचथरको कुमायकमा र सिन्धुपाल्चोकको इन्द्रावतीमा नयाँ शाखा विस्तार गरेको थियो।

एनसीसी बैंकको मोरङमा नयाँ शाखा खुल्यो

काठमाडौं, (नेस)

एनसीसी बैंकले मोरङको सुन्दरहरैचा विराटचोकमा शाखा स्थापना गरेको छ।

बैंक सञ्चालक सदस्य चन्द्रप्रसाद बास्तोला र सुन्दरहरैचा नगरपालिकाका प्रमुख शिवप्रसाद ढकालले बैंकको उक्त शाखा र शाखामा रहेको एटीएमको उद्घाटन गर्नुभयो। त्यसक्रममा बास्तोलाले गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्वमा समेत सहभागि हुन अनुरोध गर्नुभयो।

बास्तोलाले एनसीसी बैंक उत्कृष्ट तथा आधुनिक बैंकिङ सेवा प्रदान गर्न स्थानीय निकायसँग समन्वय गरेर अगाडि बढ्न तयार रहेको पनि बताउनुभयो।

उक्त कार्यक्रममा एनसीसी बैंकका प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्यालले सो शाखाले गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। त्यस्तै सुन्दरहरैचा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज चापागाईले बैंकले औपचारिकताको लागि शाखा खोल्ने भन्दा पनि सेवा सुविधा चुस्त राख्नुपर्ने बताउनुभयो।

२०७५, वैशाख
शुक्रबार
२८

बंगलादेश, भारत, नेपाल नामक फोरमको अत्यधिक सदुपयोग गरी नेपालको ऊर्जा विकास र निर्यातमा देशले फड्को मार्न सकिने कुरा श्रेष्ठले राख्नुभयो। भारत र नेपालको ऊर्जा आवश्यकता र संकटलाई ध्यानमा राखेर ऊर्जा बैंकको स्थापना गर्न समेत उहाँले सुझाव पेश गर्नुभयो।

'आर्थिक विकासका लागि लगानी बढाइनु आवश्यक'

नेपाल समाचारपत्र

काठमाडौं

पूर्वअर्थमन्त्री डा. रामशरण महतले नेपालमा तीव्र गतिको आर्थिक विकासका लागि लगानीमा तत्काल वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको बताउनु भएको छ।

काठमाडौंमा बिहीबारदेखि शुरू भएको साउथ एसिया नेटवर्क अफ इकोनोमिक रिसर्च इन्टिच्युट (सानेई) को १५औं वार्षिक सम्मेलनमा बोल्दै उक्त कुरा बताउनु भएको हो। मुलुकमा निर्यात घट्टो र आयातको दर बढ्दो क्रममा रहेकाले चुलिँदो व्यापारघाटा कम गर्न उत्पादनमुलक क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता रहेको पूर्वअर्थमन्त्री महतको भनाइ छ।

'यसअघि रेमिट्यान्सले भूक्तानी संन्तुलन कायम गर्न सहयोग गरेको भए पनि नेपालको आर्थिक वृद्धिलाई तीव्र गतिमा बढाउने हो भने आन्तरिक तथा बाह्य दुवै लगानी तत्काल बढाउन आवश्यक छ।' उहाँले भन्नुभयो।

नेपाल जस्तो मुलुकमा आर्थिक रूपमा संघीयता कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको समेत महतको भनाइ छ। संविधान कार्यान्वयन गर्नका लागि तीन तहको सरकार आएको हुँदा उनीहरूको क्षमता अभिवृद्धि गर्न तल्लो तहदेखि नै लगानी गर्नुपर्ने देखिन्छ। 'संवैधानिक तथा प्रशासनिक संरचना परिवर्तनको लागत आगामी चार वर्षसम्म कुल गार्हस्थ उत्पादनको ३ देखि ४ प्रतिशतसम्म लाग्नेछ।' उहाँको भनाइ छ। डा. महतले आफू सधैं आर्थिक उदारीकरणको पक्षपाती भएको भन्दै पुँजीवाद नआई कुनै पनि किसिमको समाजवाद नआउने दाबी गर्नुभयो।

महतले भन्नुभयो- 'ठूलो बजारमा धेरै लगानी आवश्यक हुन्छ, जसले धेरै राजस्व उठाउँछ र त्यो राजस्व समाजका विभिन्न क्षेत्रहरूमा लगानी गर्न सकिन्छ, यो नै नेपालको सत्यता हो।' नेपाललाई पूर्णरूपमा विकासशील मुलुकमा स्तरोन्नती गर्नका लागि अझै ४ देखि ५ वर्ष लाग्ने भन्दै महतले ग्रामीण क्षेत्रमा कामदार अभाव रहेको अहिलेको अवस्थामा वैदेशिक रोजगारीलाई प्रवर्द्धन नगर्नु उचित हुने धारणा राख्नुभयो।

कार्यक्रममा ग्लोबल डेभलपमेन्ट नेटवर्कका अध्यक्ष पियरे ज्याक्वेटले विकासोन्मुख मुलुकमा कर नीति र सुधारको प्रक्रियालाई प्राविधिक रूपमा मात्र हेर्न नहुने बताउनुभयो। 'कर सुधारको मुख्य तत्व भनेको राजनीतिक प्रतिबद्धताको एजेन्डामा त्यसलाई समावेश गर्नु हो।

नेपालको हकमा यसलाई डिजाइन गर्ने र प्रभावकारी रूपमा लागू गर्ने कुरामा विशेष जोड दिनु आवश्यक छ।' ज्याक्वेटले भन्नुभयो। उनले विकासोन्मुख मुलुकहरूमा कर प्रणाली धुमिलरूपमा रहनुमा कमजोर कर संकलन प्रशासन, अनौपचारिक अर्थतन्त्र, आम्दानी र कारोबारको हिसाब राख्न समस्या कारक रहेको बताए।

त्यस्तै राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुँयालले अझ राम्रो आर्थिक समृद्धि र विकास हासिल गर्न राम्रो कर नीतिको आवश्यकता भएको बताए। उनले प्रणालीगत कर राजस्व प्रणालीले पूर्वाधार, सामाजिक आवश्यकता जस्ता क्षेत्रमा लगानीमा सहयोग पुग्ने भन्दै यसले समग्र दक्षिण एसियाली क्षेत्रमा नै विकास र समृद्धि हासिल गर्न सकिने बताए।

सेनाईका संयोजक तथा इन्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिजका कार्यकारी निर्देशक डा विष्णुदेव पन्तले दक्षिण एसिया विश्वको तिब्र आर्थिक विकास भइरहेको अर्थतन्त्रमध्ये एक भएको हुादा कर नीतिमा सुधारको अध्ययन र अनुसन्धान महत्त्वपूर्ण हुने बताए। दुई दिने सम्मेलन शुक्रबार समापन हुनेछ।

काम गर्न पाइन भन्ने छुट मलाई छैन: ऊर्जामन्त्री

काठमाडौं, (नेस)

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनले नेपालको आर्थिक समद्धिको लागि ऊर्जा र सिंचाइ नै मुख्य इन्जिन र मेरुदण्ड हुने बताउनु भएको छ। नेपाल चेम्बर अफ कमर्सले बिहीबार राजधानीमा आयोजना गरेको ऊर्जा क्षेत्रको वर्तमान अवस्था र चुनौती विषयक कार्यक्रममा उहाँले उक्त कुरा बताउनुभएको हो।

परिवर्तित परिस्थितिमा नेपालले ऊर्जा क्षेत्रको आत्मनिर्भरताको लागि गर्नुपर्ने कामबारे छलफल गर्न आयोजना गरिएको कार्यक्रममा मन्त्री पुनले यतिबेलाको जस्तो स्थायित्व र अधिकार जनताबाट यसअघि प्राप्त नभएको भन्दै ऊर्जा र सिंचाइको विकासमा यो सयमलाई सुनौलो युगमा परिवर्तन गर्न सकिन्छ भन्नुभयो। विगतका ऊर्जामन्त्रीले भने जस्तो विपक्षीले काम गर्न दिएन भन्ने छुट वर्तमान ऊर्जामन्त्रीलाई नभएको भन्दै उहाँले उर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने अभियानमा निजी क्षेत्रलाई साथ दिन समेत अपिल गर्नुभयो।

देश ऊर्जामा मात्रै आत्मनिर्भर भयो भने देशको करिब एक खर्ब व्यापारघाटा कम हुने र त्यसको सकारात्मक प्रभाव सबै क्षेत्रमा पर्दै राष्ट्रको ९ दशमलव २५ को आर्थिक वृद्धि हासिल गर्ने महत्वाकांक्षा पूरा हुने कुरा समेत उहाँले उल्लेख गर्नुभयो।

त्यसअघि नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले हिजो मात्रै सार्वजनिक गरिएको श्वेतपत्रमा उल्लेख गरिएका कुरा पूरा गर्न निश्चित समय सिमा तोकेर कडाईका साथ अघि बढ्नुपर्ने आवश्यकता औल्याउनुभयो।

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाण्डौ ।

स्वास्थ्य बीमा सम्बन्धी सामाजिक सन्देश

हामी हरेक कुरा सुनिश्चित होस् भन्ने चाहान्छौं । तर सबै कुरा सुनिश्चित हुनको लागि हामीले बेलैमा सोच्नु पर्दछ । अझ स्वास्थ्यको त कुरै नगरौं कुन बेला के हुन्छ पत्तै हुँदैन । अकस्मात हुन सक्ने स्वास्थ्य समस्या र समयमै आर्थिक ब्यवस्थापन गर्न नसक्दा हामीहरुमध्ये कतिपय रोग पालेर बाँच्न बाध्य छौं भने कतिपयले अकालमा ज्यान गुमाइरहेका छन् ।

त्यसैले स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुगोस् भनेर नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा ल्याईसकेको छ । यो परिवारमा आधारीत कार्यक्रम हो । यस कार्यक्रमको बेलैमा सदस्य बनौं, स्वास्थ्य उपचारमा हुने आर्थिक भार कम गरौं ।

अब ढीलो नगरौं, आफु र आफ्नो परिवारको स्वास्थ्य उपचार सुनिश्चित गर्न स्वास्थ्य बीमामा आजै सहभागी बनौं ।

स्वास्थ्य बीमा लागु भईसकेका जिल्लाहरू

१. कैलाली २. इलाम ३. बागलुङ्ग ४. बैतडी ५. अछाम
६. पाल्पा ७. कास्की ८. म्याग्दी ९. झापा १०. सुनसरी
११. गोरखा १२. मकवानपुर १३. तनहुँ १४. चितवन १५. जाजरकोट
१६. सिन्धुली १७. भक्तपुर १८. जुम्ला १९. बर्दिया २०. सुर्खेत
२१. रोल्पा २२. सोलुखुम्बु २३. भोजपुर २४. खोटाङ्ग २५. रामेछाप
२६. महोत्तरी २७. प्युठान २८. अर्घाखाँची २९. कपिलबस्तु ३०. रुकुम पुर्व
३१. रुकुम पश्चिम ३२. रौतहट ३३. वाजुरा

नेपालका बाँकी सबै जिल्लाहरूमा स्वास्थ्य बीमा कार्यक्रम क्रमशः लागु हुने योजना रहेको छ ।

थप जानकारीको लागि
www.shs.gov.np मा लग इन अथवा कार्यालय समय भित्र हटलाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस ।

सरकारले उद्योग चलाउने होइन: चौधरी

नेपाल समाचारपत्र

काठमाडौं

उद्योपति एवम् सांसद विनोद चौधरीले नेपालको आर्थिक समृद्धिका लागि लगानी प्रवर्द्धनमा ध्यान दिन सरकारलाई आग्रह गर्नुभएको छ। बिहीबार संसदमा आर्थिक वर्ष २०७५/७६ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतासम्बन्धी छलफलमा भाग लिँदै सांसद चौधरीले आन्तरिक एवं बाह्य लगानी अभिवृद्धिबाट मात्रै आर्थिक समृद्धिको अभियान अगाडि बढाउन सम्भव हुने भएकाले यसतर्फ बजेटले विशेष ध्यान पुऱ्याउनु पर्नेमा जोड दिनुभयो।

'सिद्धान्तका कुरामात्रै गरेर अर्थतन्त्रमा सुधार ल्याउन सकिँदैन। सिद्धान्तका कुरा धेरै भए अब व्यवहारमा काम गरेर देखाउनुपर्ने समय आएको छ,' सांसद चौधरीले सरकारलाई सुझाव दिँदै भन्नुभयो-'बजेट कार्यान्वयन हुने प्रत्याभूतिका साथ ल्याइनुपर्छ। विगतमा जस्तो पुँजीगत खर्च नै नहुने अवस्थाको अन्त्य हुनुपर्छ।'

तीनै तहको निर्वाचन सम्पन्न भएको र आर्थिक समृद्धिको अभियान अगाडि बढाउने जिम्मेवारीमा अर्थमन्त्री रहेको भन्दै सांसद चौधरीले भन्नुभयो-'अर्थमन्त्रीज्यू नयाँ सोच र दृष्टिकोणका साथ बजेट तर्जुमा गर्नुस्। तपाईको सफलतासँग हाम्रो भविष्य गाँसिएको छ।'

नेपालमा लगानी अभिवृद्धि गर्न विशेष आर्थिक क्षेत्र (सेज) को अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन पनि उहाँले आग्रह गर्नुभयो। 'चीन र भारतले सेजकै माध्यमद्वारा विश्वका लगानीकर्तालाई आकर्षित गर्न सम्भव छ भने नेपालले किन यसो गर्न सक्दैन ?' सांसद चौधरीले भन्नुभयो-'सेजको नाम दिएरमात्रै हुँदैन। सेजको मर्म अनुसार कार्यान्वयनमा ल्याउनुपर्छ।'

नेपालको एक्लो बहुराष्ट्रिय उद्यमी समेत रहेका सांसद चौधरीले सेजमा स्थापना हुने उद्योगलाई निश्चित रोजगारी उपलब्ध गराउने शर्तमा टयाक्स रिमिसनको सुविधा दिनुपर्नेमा जोड दिनुभयो। लगानी आकर्षित गर्न भारत, चीन र युरोपियन राष्ट्रहरूले समेत अहिले लगानीकर्तालाई यो सुविधा दिइरहेका छन्। 'यसो गर्दा कर छुट दिइरहनु पर्दैन। लगानीकर्तालाई निश्चित अवधिसम्म क्यापिटल फर्मेसनमा सुविधा दिए हुन्छ। लगानीकर्ताले पुँजी परिचालन गर्न पनि सहज हुने र सरकारले कर पनि पाउने यो व्यवस्था अहिले विश्वभर लोकप्रिय छ।'

सरकारले आफैं उद्योगधन्धा चलाउने नभई लगानीका लागि वातावरण बनाइदिने काम गर्नुपर्छ। सरकारले आफैं उद्योग चलाउँदा के अवस्था हुन्छ भन्ने कुरा जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना र हाल चलिरहेका नेपाल आयल निगम लगायतका सस्थानलाई हेर्दा प्रष्ट हुन्छ- सांसद चौधरीले भन्नुभयो-'बजेट बनाइरहँदा स्पष्ट सोचका आधारमा अगाडि बढ्न आवश्यक छ।'

नेपालको निजी क्षेत्रका पनि कमजोरी छन् भन्दै यसको अनुगमन र उनीहरूलाई सही बाटोमा ल्याउने जिम्मेवारी सरकारको रहेको उहाँको भनाइ थियो। लगानी प्रवर्द्धन गर्न लगानी बोर्डको भूमिका प्रभावकारी बन्न आवश्यक रहेकोमा चौधरीले जोड दिनुभयो। लगानी आकर्षित गर्न नीति बनाउने, लगानी जुटाउने र यहाँ लगानी भइसकेकाहरूको समस्या सम्बोधन गर्ने जिम्मेवारीलाई लगानी बोर्डले प्रभावकारी रूपका कार्यान्वयन गर्न सक्नुपर्छ।

मन्त्रालयहरूसँग क्षेत्राधिकारको विवादमा रुमलिएर बस्न लगानी बोर्ड स्थापना गरिएको होइन भन्दै आर्थिक समृद्धि हासिल गर्न घडीको सूईको रफ्तारमा काम गर्न आवश्यक भएको भन्दै उहाँले यसका लागि शासकीय सुधार गर्नैपर्नेमा जोड दिनुभयो।

अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्रसम्बन्धी सम्मेलन हुने

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्रसम्बन्धी सम्मेलन नेपालमा हुने भएको छ। नेपाल चार्टर एकाउन्टेन संस्था (आइक्यान) को आयोजनामा वैशाख २९ गते काठमाडौंमा सम्मेलन गर्न थालिएको हो।

आइक्यानका अध्यक्ष प्रकाश थापाका अनुसार सम्मेलनमा अन्तर्राष्ट्रिय वित्तीय व्यवस्थापन प्रणाली, संघीयतामा वित्तीय प्रबन्ध, सार्वजनिक क्षेत्रमा लेखा परीक्षणको कार्य, सार्वजनिक वित्तीय व्यवस्थापनमा विभिन्न देशको प्रशासकीय अभ्यासका विषयमा चारवटा सत्र रहेका छन्।

सम्मेलनमा २३ देशका ३२ वटा संस्थाका प्रतिनिधिसहित २५० भन्दा बढीको प्रतिनिधित्व हुने बताइएको छ।

सम्मेलनले सार्वजनिक वित्त अवधारणा कार्यन्वयनमा रहेका चुनौती र सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ गर्नमा सम्बद्ध पक्षको तयारीलाई सहयोग पुग्नेछ अध्यक्ष थापाले बताउनुभयो।

बर्दघाटमा बजाजको नयाँ शोरुम

काठमाडौं, (नेस)

हंशराज हुलासचन्द एन्ड कम्पनी प्राइभेट लिमिटेड बजाज मोटरसाइकलको नेपालका लागि अधिकृत बितरक हो। एचएच बजाजले आफ्नो कार्यलाई थप बढाउँदै पूर्ण सुविधा सहितको नयाँ शोरुम बर्दघाट ४ नवलपरासीमा सञ्चालनमा ल्याएको छ।

कम्पनीले आफ्नो गुणस्तरीय सेवा विस्तारको क्रममा बस्याल अटोमोवाइल प्रालि बर्दघाटमा सञ्चालनमा ल्याएको हो।

नयाँ शोरुमले ग्राहकलाई बाइकको स्पेयर पार्टस तथा एसेसरिज खरिदका लागि सहज बनाउने छ। नयाँ शोरुम शुभारम्भ भएको अवसरमा, हंशराज हुलासचन्द एन्ड कम्पनी प्राइभेट लिमिटेडका जेनेरल म्यानेजर योगेन गुरुङले भन्नुभयो- 'हामी बर्दघाट-४ नवलपरासीमा नयाँ शोरुम सञ्चालन भएको घोषणा गर्दा निकै खुशी छौं।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

रत्नजित र विकास सेमिफाइनलमा

काठमाडौं, (नेस)

नेपाली सेनाका रत्नजित तामाङ र भोजपुरका विकास श्रेष्ठ सातौं पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

प्रतियोगितामा नेपालका नम्बर एक तामाङले प्रहरीका जीवन आचार्यलाई २१-८, २१-८ को सोझो सेटमा पराजित गर्दै अन्तिम चारमा स्थान बनाएका हुन्। यस्तै पूर्वराष्ट्रिय च्याम्पियन विकासले प्रहरीकै विष्णु कटुवालमाथि २१-१९, १४-२१ र २-१ जित निकाल्दै अन्तिम चारमा पुगे। एक-एक सेटको बराबरी खेलपछि निर्णायक सेटमा विष्णु पेट दुखाइले गर्दा रिटायर्ड हर्ट भएका थिए।

पूर्व राष्ट्रिय च्याम्पियन बिकास सट प्रहार गर्दै।

यस्तै अर्को खेलमा सेनाका नवीन श्रेष्ठ र एपीएफका दिपेश धामीले पनि अन्तिम चारमा स्थान सुरक्षित गरे। नवीनले एपीएफका साजन कृष्ण ताम्राकारलाई १५-२१, २१-१०, २१-१८ तथा दिपेशले सेनाका प्रफुल महर्जनमाथि २१-१३, १६-२१, २१-१४ को तीन सेटमा जित निकाले।

इटहरीस्थित इटहरी ब्याडमिन्टनएकेडेमीकोकभर्डहलमा भएको प्रतियोगिताको महिला एकलतर्फ सेनाकी नडसलदेवी तामाङले भोजपुरकी सीता राईलाई २१-१३, २१-१०ले पराजित गर्दै अन्तिम चारमा पुगिन्। उनले फाइनल पुग्न झापाकी जेसिका गुरुङसँग भेट पक्का गरेकी छिन्।

जेसिकाले सेनाकी अनुमाया राईविरुद्ध १३-२१, २१-११ र २६-२४ को संघर्षपूर्ण जित निकालिन्। यस्तै सेनाकी रशिला महर्जनले एपीएफकी शोभा गौचनलाई २१-७, २१-१६ ले र झापाकी सुनैना मुखियाले सेनाकी अमिता गिरीलाई २१-१७, २१-१९ ले पराजित गर्दै अन्तिम चारमा भेट पक्का गरे।

बार्सिलोना अपराजित यात्रामा

एर्नेस्टो भाल्भेडेको बार्सिलोना अब बाँकी दुई खेलमा हार नबेहोरेमा ला लिगाको एकै सिजनमा अपराजित हुने पहिलो टोली बन्नेछ। बार्सिलोनाले अर्को दुई सातामा घरेलु मैदानमा लेभान्टे र घरबाहिरको मैदानमा रियल सोसाइदादविरुद्धसँग खेल्नेछ। पुरै सिजनमा हार नबेहोरेको उपलब्धि हासिल गर्नेमा रियल मेड्रिडले १९३१-३१ को सिजनमा पाइएको थियो। त्यतिबेला एक सिजनमा १८ खेल हुन्थ्यो।

लन्डन, (एजेन्सी)

स्पेनिस ला लिगा च्याम्पियन बनेको बार्सिलोनाले बुधबार राति भएको खेलमा पनि सानदार जितसँगै निरन्तर अपराजित यात्रामा रहेको छ।

बार्सिलोनाले भिया रियलमाथि ५-१ को फराकिलो जित हात पारेको हो। यो संगै बार्सिलोना जारी सिजनको ला लिगामा अपराजित नै रहेको छ। उक्त खेलमा बार्सिलोनाले शुरूदेखिनै बलियो नियन्त्रण जमाएको थियो। फिलिप काउटिन्होले ११ औं मिनेटमा गोल गरेर बार्सिलोनालाई अग्रतामा राखेका थिए। १६औं मिनेटमा पाउलिन्होको गोलमार्फत् अग्रता दोब्बर पारे। यसैगरी ४५औं मिनेटमा आन्द्रे इनिएस्टाको पासमा लियोनल मेसीले गोल गर्दै बार्सिलोनालाई पहिलो हाफसम्म ३-० ले अघि पारेका थिए।

यता दोस्रो हाफको शुरूमै भिया रियलका निकोला सान्सोनेले एक गोल फर्काउन सफल भए। तर खेलको ८७औं र इन्ज्युरी समयको तेस्रो मिनेटमा ओस्मान डेम्बेलेले लगालग २ गोल थपेपछि बार्सिलोनाको गोल संख्या ५ पुग्यो। योसंगै लिगका ३६ खेलमा अपराजित रहँदै बार्सिलोनाले ९० अंक जोडेको छ।

रियल मेड्रिड स्तब्ध

च्याम्पियन्स लिगमा लगातार तेस्रो पटक उपाधि जित्ने होडमा रहेको रियल मेड्रिड स्पेनिस लिगमा सेभियासंग ३-२ ले स्तब्ध भएको छ। बुधबार सेभियाको घरेलु मैदानमा ३-० को फराकिलो गोल अन्तरले पछि परेको रियलले पुनरागमन गरे पनि हारलाई भने टार्न सकेन।

सेभियाले २६औं मिनेटमा विराम बेनको गोलमार्फत् खेलमा खाता खोलेका थिए। यसैगरी ४५औं मिनेटमा स्टिभन एन्जोन्जीको पासमा मिगुएल लायुनले गोल गर्दै पहिलो हाफसम्म घरेलु टोलीको अग्रता दोब्बर पारेका थिए। यस्तै ५८औं मिनेटमा रियल मेड्रिडले पेनाल्टी हान्ने अवसर पाएको थियो। जसलाई सर्जियो रामोसले गोलमा बदल्न नसकेपछि रियल गोलको खाता खोल्नबाट चुकेको थियो।

यस्तै ८४औं मिनेटमा रामोसले आत्मघाती गोल गरेपछि सेभियाले ३-० को अग्रता लिन सफल भएको थियो। यता गोलका लागि भौतारिरहेको रियलका लागि ८७औं मिनेटमा बोर्जा मायोरालले पहिलो गोल फर्काएका थिए। यस्तै ९० औं मिनेटमा रामोसले पेनाल्टीमार्फत् नै गोल गरेपछि रियलले खेलमा फर्किने छाँटकाँट देखाए पनि हारलाई भने टार्न सकेन। हारपछि रियल ३६ खेलमा ७२ अंक जोड्दै ७५ अंकका साथ दोस्रो स्थानमा रहेको एट्लेटिकोभन्दा ३ अंकले पछाडि छ।

धरहरा

मोदी विकास त यस्तो पो

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा २ आउँदै गर्दा जनकपुरको मात्र होइन एकैछिन छ्यास्स प्रवेश गर्ने काठमाडौंका सडक पनि अहिले हरिभराउ देख्न पाउँदा धरहरालाई गर्व लागेको छ।

मोदी काठमाडौंमा आउने भएपछि सडकमा धूलोसमेत उड्न छोडेको छ भने प्राकृतिक छटाले मनमोहक बनेको छ हाम्रो शहर। मोदीको भ्रमण कसको पक्षमा र कसको विपक्षमा छ भन्ने कुराको अहिले खोजी गर्नुभन्दा पनि भ्रमणको सफलताको कामना गर्नु नै उपयुक्त होला। सरकार बनाउने र भत्काउने विषयमा पनि प्रमुख भूमिका खेल्ने गरेको र सधैं आफ्नो स्वार्थमा मात्र छिमेकीलाई प्रयोग गर्ने भनेर आरोप लागेका मोदीले यसपालि भने नेपालका लागि पनि केही उदाहरण काम गरेर जालान् भन्ने धरहराको झिनो आशा छ। विगतमा भएका सन्धी र सम्झौता कार्यान्वयन गर्न, सहयोग गर्छु भनेका सबै प्रकृतिका सहयोग र राहतका काममा दबाब दिन सरकारको ध्यान जाओस् भन्ने दबाब छ।

आफूलाई कमजोर ठान्ने र विदेशी शक्तिको अघि जे पनि मानिदिने गलत परम्पराले नेपालीहरू हैरान बन्दै आएको सत्य हामीमाझ जीवितै छ। भारतले नाकाबन्दी गरेपछि भारतप्रति नेपालीको राम्रो दृष्टिकोण बन्न सकेको छैन, यसैलाई पनि सकारात्मक बनाए भने उनको भ्रमण एकतर्फी रूपमा भएपनि उनका लागि उपलब्धिमूलक हुन सक्छ भन्ने धरहराको बुझाइ छ।

नेपालका सीमा भारतले जहाँताँही मिचेको छ, जनता बोल्नुपर्ने छ तर पनि बोलेर हुनेवाला केही छैन, सधैं छिमेकीलाई आफ्नो अधिनमा राख्न खोजे त्यसको नतिजा पक्कै पनि राम्रो नहुने प्रष्ट ठहर भएकाले पनि कतै यो भ्रमण अप्ठ्यारोमा पर्ला कि भनेर धरहरालाई मात्र भए पनि चिन्ता लागेको छ।

सन्दीपको पालो आएन

काठमाडौं, (नेस)

आईपीएलअन्तर्गत बिहीबारको खेलमा पुछारमा रहेको दिल्ली डेयरडेविल्सले सनराइजर्स हैदराबादसँग खेल्दा नेपालका सन्दिप लामिछानेलाई प्लेइंग इलेभेनमा राखिएन। आईपीएलमा सन्दीपले खेल्न नपाएको यो लगातार ११ औं खेल हो। नेपालका युवा स्पिनरले टोलीका अमित मिश्रलाई प्रतिस्थापन गर्न सकिरहेका छैनन्। भारतीय मिश्रा लगातार टोलीमा बनिरहेका छन्।

स्पोर्ट्स अवार्डसँग डिस मिडिया

काठमाडौं, (नेस)

नेपाल खेलकुद पत्रकार मञ्चले आगामी जेठ ३ मा आयोजना गर्न लागेको पल्सर स्पोर्ट्स अवार्डमा डिस मिडिया नेटवर्क लिमिटेड जोडिएको छ।

राजधानीमा बिहीबार आयोजित कार्यक्रममा डिस मिडियाका प्रमुख कार्यकारी अधिकृत सुदीप आचार्य र मञ्चका अध्यक्ष महेश आचार्यले सम्झौतामा हस्ताक्षर गरेका हुन्। प्रायोजन सम्झौतापछि अवार्डको नाम एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०७४ ईन एसोसियसन विथ डिस होम एक्सन स्पोर्ट्स हुनेछ। पल्सर स्पोर्ट्स अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालि हो।

डिस मिडियाले ४ लाख ७० हजार र २ लाख ३० हजारबराबरको सेटअप बक्स र रिचार्ज गरी कूल ७ लाख रुपियाँको प्रायोजन सम्झौता गऱ्यो। डिस मिडिया र मञ्चबीच साझेदारी भएको यो आठौं वर्ष हो।

मञ्चले यो वर्ष सबै ८ विधामा पुरस्कृत र मनोनित हुने खेलाडी र खेलअधिकारीलाई डिस होमको सेटअप बक्स उपलब्ध गराउने भएको छ। त्यस्तै एसएमएस भोटिङमा सहभागी हुनेमध्ये भाग्यशाली ५ जनालाई पनि सेटअप बक्स प्रदान गरिने मञ्चले जनाएको छ।

डिस मिडियाका प्रमुख कार्यकारी अधिकृत आचार्यले खेल र खेलाडी दुबैको सम्मानका लागि आयोजना हुने अवार्डमा जोडिन पाउँदा खुसी लागेको बताए। उनले भने- 'नेपाली खेलकुदले राष्ट्रलाई एक सूत्रमा जोडेको छ। हामी पनि कुनै न कुनै किसिमबाट यसमा जोडिन पाउँदा खुसी लागेको छ।' डिस मिडियाको खेलकूदसम्बन्धी आफ्नै च्यानल पनि सञ्चालनमा रहेको र अवार्डसँगको सहकार्यले दुबै फाइदामा हुने उनको भनाइ थियो।

मचका अध्यक्ष महेश आचार्यले निजी क्षेत्रबाट अवार्ड कार्यक्रम सञ्चालन गर्न पाएको साथ र सहयोगका लागि धन्यवाद दिंदै आगामी दिनमा त्यसको निरन्तरताको अपेक्षा पनि गरे।

विगतका वर्षहरूमा जस्तै यस वर्षको पल्सर स्पोर्ट्स अवार्डमा वर्षको उत्कृष्ट खेलाडी पुरुष, महिला, युवा, प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्ड गरी ८ विधामा खेलाडी, प्रशिक्षकसहित समग्र रूपमा नेपाली खेलकुदलाई नै सम्मानित गरिँदै छ।

यसअघि उत्कृष्ट पुरुष र महिला खेलाडी, पिपल्स च्वाइस अवार्ड तथा वर्षका उत्कृष्ट प्रशिक्षकलाई पल्सर मोटरसाइकल प्रदान गरिएकोमा यो वर्ष पनि निरन्तरता दिइनेछ। अन्य विधाका विजेतालाई ५० हजार रुपियाँसहित गिफ्ट ह्याम्परहरू प्रदान गरिने छ। मञ्चको खेलाडी छनोट समितिले केही दिनमा अन्य चार विधामा मनोनयनमा पर्न सफल खेलाडी र प्रशिक्षकको नाम सार्वजनिक गर्ने अध्यक्ष आचार्यले बताए।

भ्याली र ग्रिनल्यान्ड फाइनलमा

काठमाडौं, (नेस)

भ्याली पब्लिक र ग्रिनल्यान्ड छैटौं एनईए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बिहीबार फाइनलमा प्रवेश गरेका छन्। भ्याली पब्लिकले भद्रकालीलाई ४७-३० ले पराजित गऱ्यो। विजेता टोलीका राहुल विकले २५ अंक योगदान गरे। ग्रिनल्यान्डले गोल्डेनपिकलाई ४२-३१ ले हरायो। विजेताका अस्मित बमजनले १४ अंक जोडे।

सिनियर गर्ल्समा टीआईए र ग्रिनल्यान्ड उपाधिनजिक पुगेका छन्। सेमिफाइनलअन्तर्गत खेलमा टीआईएले भ्याली पब्लिकमाथि २४-२२ को कठिन जित दर्ता गर्दा ग्रिनल्यान्डले भद्रकालीलाई २८-२२ ले पाखा लगायो। जुनियर ब्वाइजमा इडेन ब्रिज एकेडेमी (ईबीए) र महामञ्जुश्री उपाधिका लागि भिड्ने छन्। ईबीएले लक्ष्मीपुरलाई २६-१५ ले निराश पाऱ्यो। लालीगुराँस नेसनल एकेडेमी विरुद्धको खेलमा महामञ्जुश्री ३३-२७ ले विजयी भयो। नवजीवन एजुकेसनल एकेडेमी (एनईए) को आयोजनामा भइरहेको प्रतियोगिताको फाइनल शुक्रबार हुनेछ।

आन फुटसलको लिग चरण समाप्त

काठमाडौं, (नेस)

सानेपाको फिल्ड फुटसलमा भइरहेको नेपाल आईस आन फुटसल टुर्नामेन्टअन्तर्गत बिहीबार चौथो दिन लिग चरण समाप्त भएको छ।

जसमा समूह 'जी' बाट कान्तिपुर मिडिया ग्रुप र आउटरिच नेपाल क्रमशः विजेता र उपविजेता बन्दै अन्तिम १६ मा पुगे।

त्यस्तै समूह 'एच' बाट मिडिया हब बिजेता र एएनएस क्रिएसन उपबिजेता रहेका थिए। आज हुने अन्तिम १६ को खेलमा डिएल फिल्मस, कि एडभरटाइजिङ, ईमेज टिभी, मिडिया बास्केट, न्युज ट्वान्टिफोर, क्युएफएक्स, मार्स, फ्युचर हब, एडिफ्याक्टर, प्रिज्मा एडभरटाइजिङ, एडिरिलिज, बेलकम एडभरटाइजिङ, कान्तिपुर मिडिया ग्रुप, एएनएस क्रिएसन, मिडिया हब, आउटरिच नेपाल सहभागी हुनेछन्।

शुक्रबार नै क्वार्टरफाइनलका खेलहरु पनि सञ्चालन हुने आयोजकले जनाएको छ।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ